संयुक्त राष्ट्रसंघीय
शैक्षिक, वैज्ञानिक तथा
सांस्कृतिक संगठन

काठमाडौं

# व्यावसायिक बनौं सुरक्षित रहौं

## पत्रकार महिलाको सुरक्षा निर्देशिका

सञ्चारिका समूह नेपाल
२०५२
SANCHARIKA SAMUHA
FORUM OF WOMEN JOURNALISTS & COMMUNICATORS

INTERNATIONAL MEDIA SUPPORT

# व्यावसायिक बनौं, सुरक्षित रहौं
## पत्रकार महिलाको सुरक्षा निर्देशिका

**पत्रकार सुरक्षा अभिवृद्धि परियोजना**

संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को)

UNESCO
संयुक्त राष्ट्रसंघीय
शैक्षिक, वैज्ञानिक तथा
सांस्कृतिक संगठन
काठमाडौं

SANCHARIKA SAMUHA
FORUM OF WOMEN JOURNALISTS & COMMUNICATORS

ims
INTERNATIONAL MEDIA SUPPORT

# **व्यावसायिक बनौं, सुरक्षित रहौं**
## पत्रकार महिलाको सुरक्षा निर्देशिका

**प्रकाशनः** संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को), काठमाडौं कार्यालयद्वारा सञ्चालित पत्रकार सुरक्षा अभिवृद्धि परियोजनाका लागि सञ्चारिका समूह, काठमाडौं

**संयोजन/सुपरीवेक्षणः** लक्ष्मणदत्त पन्त

**लेखनः** बद्री पौड्याल, हरिकला अधिकारी र भुवन केसी

**सर्वाधिकारः** युनेस्को, काठमाडौं/सञ्चारिका समूह/इन्टरनेशनल मिडिया सपोर्ट, सन् २०१५ । यो पुस्तक खुलापहुँच (ओपन–एक्सेस) मा उपलब्ध छ। आधिकारिक स्रोतका आधार जस्तोः युनेस्को, काठमाडौं/सञ्चारिका समूह/इन्टरनेशनल मिडिया सपोर्टमा यस प्रकाशनको उपयोग, पुनर्वितरण, अनुवाद र साभार गर्नका लागि अनुमति दिइन्छ। स्रोत उल्लेख गर्दा वा पुस्तिकामा प्रकाशित सामग्रीको प्रयोग गर्दा प्रकाशनको वास्तविक स्रोतको सही पहिचान र उल्लेख हुनु अनिवार्य छ।

ISBN : 978-99946-858-3-7

यस प्रकाशन मार्फत कुनै पनि राज्य, भूभाग, शहर वा क्षेत्र अथवा त्यसका अधिकारीहरू वा त्यस भूभाग तथा क्षेत्रसँग सम्बन्धित कानूनी अवस्थासँग सम्बन्धित रही व्यक्त गरिएका विचारहरू युनेस्को, नेपालका लागि संयुक्त राष्ट्रसंघीय शान्तिकोष, सञ्चारिका समूह वा इन्टरनेशनल मिडिया सपोर्टका आधिकारिक विचार होइनन्। यस प्रकाशनमा व्यक्त गरिएका विचारहरू लेखकका विचार हुन्।

# प्राक्कथन

प्रस्तुत निर्देशिका युनेस्को काठमाडौं कार्यालयद्वारा युनाइटेड नेसन्स पिस फन्ड फर नेपाल (यूएनपीएफएन) को सहयोगमा सञ्चालित पत्रकार सुरक्षा अभिवृद्धि परियोजनाअन्तर्गत प्रकाशन गरिएको हो । यो निर्देशिकाले पत्रकार महिलालाई समाचार कक्षभित्र र बाहिर कसरी सुरक्षित भएर पत्रकारिता गर्ने भन्नेसम्मका उपाय सिफारिश गर्दछ ।

नेपालमा पत्रकार महिलाको संख्या कम हुनुमा मुख्यतया दुईवटा कारण छन्ः पहिलो, पत्रकारिता क्षेत्र सुरक्षित र आकर्षक पेशा बन्ने क्रममै रहनु तथा दोस्रो, नेपाली समाजका सामाजिक, सांस्कृतिक कुरीतिहरूले यो पेशामा आउन महिलालाई प्रोत्साहित नगर्नु । पत्रकारिता पेशामा पत्रकार महिलालाई सुरक्षित रहेको आभास दिलाउन श्रमजीवी पत्रकार ऐन प्रभावकारी रूपमा कार्यान्वयन भइरहेको छैन र समाचार कक्षहरू महिलाका लागि काम गर्न सहज छैनन् । अर्कोतर्फ, समाजको पितृसत्तात्मक सोचले यो पेशामा आउन चाहने महिलालाई पनि सामाजिक, आर्थिक र सांस्कृतिक कारणले निरुत्साहित गर्छ । समग्रमा नेपाली पत्रकारिता क्षेत्र महिलाका निम्ति भौतिक र व्यावसायिक दुवै हिसाबले सुरक्षित बन्न सकिरहेको छैन ।

यो सुरक्षा निर्देशिका तयार गर्न राजधानीभित्र र बाहिरका विभिन्न सञ्चारमाध्यममा काम गर्ने पत्रकार महिलासँग छलफल गरिएको थियो । काठमाडौं उपत्यकाका विभिन्न सञ्चारमाध्यमका सम्पादक र समाचार प्रमुख, मिडिया प्रशिक्षक र विज्ञहरूसँग अन्तरक्रिया गरिएको थियो । त्यसैगरी पत्रकार सुरक्षाका लागि कार्यरत विभिन्न संघ-संस्थाका राय पनि निर्देशिकामा समेटिएका छन् ।

पत्रकार महिलाले विशेष सतर्कता अपनाउनुपर्ने पक्षहरूको पहिचान र तिनलाई सम्बोधन गर्ने सुरक्षा रणनीति निर्माण गर्नु जरूरी भइसकेको पृष्ठभूमिमा सञ्चारिका समूहले संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन युनेस्कोसँगको सहकार्यमा यो पुस्तक प्रकाशित गरेको हो । विगतमा पनि सञ्चारिका समूहले गरेका विभिन्न अध्ययन-अनुसन्धान र तालीममा पत्रकार महिलाको सुरक्षा एउटा प्रमुख विषय हुने गरेकोले ती अनुभवहरू पनि पुस्तकमा समेटिएका छन् ।

पुस्तकमा उल्लिखित विवरण नेपाली पत्रकार महिलाका सुरक्षा चुनौती, अहिलेसम्म सुरक्षित रहन अवलम्बन गरिएका उपाय, विश्वका पत्रकारका भोगाइ तथा पत्रकार र पत्रकारितासँग सम्बन्धित संघसंस्था आदिका अध्ययन-अनुसन्धानका निचोडमा आधारित छन् ।

पत्रकारको सुरक्षामा आउनसक्ने चुनौती र खतरा घटना, परिस्थिति, ठाउँ र व्यक्तिअनुसार फरक-फरक हुनसक्छन् । त्यसैले प्रस्तुत विवरणले सबै घटना, परिस्थिति, ठाउँ र व्यक्तिका लागि सुरक्षित हुने उपायका रूपमा काम नगर्न पनि सक्छन् । तथापि पत्रकार महिलालगायत अन्य पत्रकारहरूले पनि यिनलाई अवलम्बन गर्दै तयारी गर्ने, सजग रहने र उल्लिखित विषयलाई व्यवहारमा प्रयोग गर्ने हो भने आउन सक्ने जोखिम धेरै हदसम्म न्यून हुने विश्वास गर्न सकिन्छ ।

निर्देशिकाले सबै पत्रकारलाई भौतिक, व्यावसायिक र पेशागत रूपमा सुरक्षित हुन सघाउने विश्वास लिइएको छ । त्यस अतिरिक्त यसले पत्रकार महिलालाई भयरहित वातावरणमा काम गर्ने अवस्था सिर्जना गर्न पत्रकार, सञ्चारगृह, सरकार, पेशागत संघसंस्था र मिडियासँग सम्बन्धित विभिन्न संगठन तथा निकायहरूबीच संवादको थालनी गर्न पनि सहयोग गर्ने अपेक्षा गरिएको छ ।

पत्रकार महिलासहित धेरै पत्रकारका सुझाव यो निर्देशिकामा समेटिएका छन् । निर्देशिका प्रकाशनका विभिन्न चरणमा योगदान गर्नुहुने सबैलाई हार्दिक धन्यवाद छ । पुस्तक तयार गर्न सहयोग गर्नुहुने सञ्चारिका समूहका महासचिव नितु पण्डित र कार्यकारी सदस्य यशोदा अधिकारीसहित समूहका पदाधिकारी र सदस्यलाई विशेष धन्यवाद दिन्छु ।

युनेस्कोद्वारा सञ्चालित पत्रकार सुरक्षा अभिवृद्धि परियोजनाका संयोजक लक्ष्मणदत्त पन्तलाई पुस्तक प्रकाशनको समग्र संयोजन तथा सुपरीवेक्षणका लागि विशेष धन्यवाद छ । साथै आईएमएसका परामर्शदाता विनोद भट्टराईको विशेष सहयोगका लागि आभारी छौं ।

पत्रकार सुरक्षा निर्देशिकाका लेखक बद्री पौड्याल, हरिकला अधिकारी र भुवन केसीले छोटो समयमा धेरै मिहिनेत गर्नुभएको छ । पत्रकार मोहन मैनालीले पुस्तकको भाषा सम्पादन गर्नुभएको छ । आवरण रविन सायूमि, डिजाइन कामसिंह चेपाङ, स्केच भानु भट्टराई र शुद्धाशुद्धिको काम धर्मराज दाहालले गर्नुभएको हो । उहाँहरूलाई धन्यवाद छ ।

अन्त्यमा युनेस्को काठमाडौं कार्यालयका जेबी विश्वकर्मा, सञ्चारिका समूहका दायाङ्जी तामाङ, रोश्मा राईसहित सबै कर्मचारीको सहयोगले यो पुस्तक समयमै प्रकाशित हुनसकेको हो, उहाँहरूलाई धन्यवाद ।

**निर्मला शर्मा**
अध्यक्ष
सञ्चारिका समूह

# विषयसूची


**खण्ड १**

**पत्रकार महिला र सुरक्षा** १–४

**खण्ड २**

**पत्रकार महिलाका सुरक्षा चुनौती** ५–१६

- सुरक्षित छैन समाचार संकलन
- विश्वव्यापी अवस्था
- दोषीलाई सजाय, पीडितलाई न्याय
- आतंकवादविरोधी कानूनको शिकार पत्रकार
- धम्कीले पनि बनाएन विचलित
- नेपालको अवस्था
- कानूनी कारबाही पन्छाउने प्रयास
- न्यायको प्रतीक्षामा पत्रकार महिला

**खण्ड ३**

**सुरक्षाका उपाय** १७–२८

- जोखिमको लेखाजोखा
- संकटका वेला काम लाग्ने सामग्री
- सुरक्षित यात्राको तयारी
- सञ्चार सम्पर्क
- स्रोतसँग भेटघाट र सम्पर्क
- विरोध, द्वन्द्व र अपराधसम्बन्धी समाचार संकलन
- प्राकृतिक विपत्‌मा सुरक्षा
- यौन हिंसाको जोखिम
- के हो यौन दुर्व्यवहार ?
- धम्की र चेतावनी
- डिजिटल सुरक्षा
- तालीम-प्रशिक्षण
  - प्राथमिक उपचारको ज्ञान
- सुरक्षा खतरा र आक्रमण भएपछि गर्नुपर्ने काम
  - उजुरी र पैरवी
  - मानसिक आघात तथा डिप्रेसनको उपचार

**खण्ड ४**

**काम गर्ने वातावरण, सुविधा तथा व्यावसायिकता** २९–३६

- पेशागत तथा व्यक्तिगत सुरक्षा
- लैङ्गिक चेतना तथा संवेदनशीलता
- मिडियामा लैङ्गिक विषयमा चेतनाका मुख्य सूचक र सुरक्षासित तिनको सम्बन्ध
- व्यावसायिक सीप र दक्षता
  - पत्रकार महिलाको दायित्व
  - सञ्चारसंस्थाको दायित्व
  - राज्यको दायित्व

**खण्ड ५**

**अधिकार र सीमा** ३७–४०

- अधिकार र सीमा
- अन्तर्राष्ट्रिय घोषणापत्र र अभिसन्धि
  - अधिकार
  - कर्तव्य र उत्तरदायित्व
- संवैधानिक र कानूनी व्यवस्था
- आचारसंहिता

**खण्ड ६**

**हटलाइन, कानूनी सहयोग र उद्धार** ४१–४४

**खण्ड ७**

**सन्दर्भ–सामग्री** ४५–४८

**खण्ड ८**

**अनुसूची** ४९–७०



खण्ड १

# पत्रकार महिला र सुरक्षा

# पत्रकार महिला र सुरक्षा

पत्रकारिता समाज र जनताको हितमा समर्पित पेशा हो । यसले आमसञ्चारमाध्यमबाट समसामयिक सूचना, जानकारी एवं विचार सम्प्रेषण गर्दछ । यस अर्थमा पत्रकारले समाजलाई सेवा पुऱ्याइरहेका हुन्छन् ।

पत्रकारिता गर्दा उठाइने विषय, यसले समेट्ने घटना, समस्या र प्रवृत्ति धेरै किसिमका हुन्छन् । त्यस्तै यस क्रममा भेटिने मानिस, सामना गरिने परिस्थिति र सूचना-जानकारी संकलनमा अपनाइने प्रक्रिया पनि फरक-फरक हुन्छन्- कुनै सहज र सजिला त कुनै अप्ठ्यारा र पेचिला । कहिलेकाहीं अपराध गर्नेहरूका बारेमा समाचार लेख्नुपर्छ । कहिले युद्ध, हुलदंगा जस्ता हिंसाग्रस्त क्षेत्रमा काम गर्नुपर्छ । अरूको अधिकारबारे रिपोर्टिङ गर्दा पीडकको तारो हुनुपर्ने अवस्था पनि आउन सक्छ ।

भनाइ नै छ, पत्रकारिता फूलबारी होइन काँडाघारी हो । पत्रकारले गाह्रोसाह्रो जस्तोसुकै परिस्थितिमा पनि काम गर्नुपर्ने हुन्छ । कामको स्वरूप जस्तो पनि हुनसक्छ- घटनाप्रधान वा अनुसन्धानात्मक ।

पत्रकारिता गर्न मिहिनेत, लगनका साथै पर्याप्त साहस चाहिन्छ । पत्रकारिता गर्दा  धेरै किसिमका व्यावहारिक समस्या भोग्नुपर्छ, ज्यानै खतरामा पार्न सक्नेसम्मको अवस्था पनि आउन सक्छ । त्यसैले पत्रकारिता गर्दा निर्भीक, साहसी र व्यावसायिक भएर अघि बढ्नुपर्छ । कसरी सुरक्षित हुने भन्नेमा सचेत हुनुपर्दछ ।

पत्रकारको सुरक्षा भन्नाले उसको शारीरिक, मानसिक, व्यावसायिक, पेशागत र आर्थिक सबै किसिमको सुरक्षा बुझिन्छ । पत्रकारको सुरक्षासँग ढुक्कले काम गर्न सकिने भयरहित वातावरण पनि जोडिन्छ । अंग्रेजीमा 'सेफ्टी' (safety)  भन्ने शब्दले यी सबै कुरालाई समेटेको हुन्छ ।

पत्रकारको सुरक्षा अवस्था मुलुकको शासन-व्यवस्था, व्यावसायिक पत्रकारिताको अभ्यास र मिडिया विकासको स्तरमा बढी निर्भर हुन्छ । पत्रकार बढी सुरक्षित हुन लोकतान्त्रिक व्यवस्था, विधिको शासन, स्वतन्त्र वातावरण र चुस्त, प्रभावकारी एवं व्यवस्थित मिडिया आवश्यक हुन्छन् ।

विश्वका अन्य क्षेत्र र मुलुकमा झैं नेपालमा पनि पत्रकारलाई सुरक्षा चुनौती छ । त्यसमा पनि पत्रकार महिलालाई अझ बढी छ । कतिपय पत्रकार महिलालाई घरपरिवार र समाजले पत्रकारिता गर्न असहयोग गर्छन् । कतिपय पत्रकार महिला आफू कार्यरत सञ्चारमाध्यमको कार्यालयमै असुरक्षित छन् । घरदेखि कार्यस्थल र कार्यस्थलदेखि सूचना तथा घटनाका स्रोतसम्म पुग्दा महिलाले अरू पत्रकारलाई हुने आम सुरक्षा चुनौती सँगसँगै लैङ्गिक विभेदका कारण सिर्जित थप चुनौती पनि झेल्नुपर्दछ ।

महिलाले पत्रकारका रूपमा भोगिरहेका सबै समस्या बाहिर आउँदैनन् । उनीहरूले भित्रभित्रै पीडा सहेर परिवार, समाज, कार्यालय र कार्यक्षेत्रमा भेदभाव, दुर्व्यवहार एवं हिंसाका घटना बेहोरिरहेका हुन्छन् । यस्तो अवस्थामा पत्रकार महिलाको सुरक्षा समस्यालाई हल गर्ने दिशामा ठोस कामको सुरुआत पनि भएको छ ।

सन् २०१२ देखि पत्रकारको सुरक्षा तथा दण्डहीनतासम्बन्धी संयुक्त राष्ट्रसंघीय कार्ययोजना कार्यान्वयन भइरहेको छ । उक्त कार्ययोजनाको परीक्षण कार्यान्वयन इराक, पाकिस्तान, दक्षिण सुडान र  नेपाल गरी विश्वका चार मुलुकमा भइरहेको छ । पत्रकारका लागि स्वतन्त्र र सुरक्षित वातावरण सिर्जना गर्न सहयोग पुऱ्याउने लक्ष्य लिएको यस कार्ययोजनामा सरकार, गैरसरकारी संस्था, नागरिक समाज, मिडिया, प्राज्ञिक क्षेत्र तथा अन्तरसरकारी संस्था राष्ट्रसंघका सरोकारवाला एवं साझेदार छन् ।

कार्ययोजनाले राम्रो कानूनी व्यवस्था, कानूनको पालना, मिडियाकर्मीलाई सहयोग पुऱ्याउने न्यायिक संयन्त्र निर्माण, पत्रकार सुरक्षा कोष, संवाद तथा सद्भाव क्रियाकलाप, राष्ट्रिय चेतना अभियान, लैङ्गिक दृष्टिले संवेदनशील कार्यपद्धति, सुरक्षासम्बन्धी तालीमको व्यवस्था, पाठ्यक्रम र तालीम निर्देशिकाको तयारीजस्ता कामलाई प्राथमिकता दिएको छ।

राष्ट्रसंघीय कार्ययोजना अनुसार नेपालमा पत्रकार सुरक्षा अभिवृद्धि परियोजना (२०१३-२०१५) सञ्चालित छ। काठमाडौंस्थित युनेस्को कार्यालयले सञ्चालन गरिरहेको यो परियोजनाले राष्ट्रिय मानवअधिकार आयोग, सूचना तथा सञ्चार मन्त्रालय, नेपाल पत्रकार महासंघ, नेपाल प्रहरीको मानवअधिकार इकाइ, न्यायिक निकाय, अधिकारवादी संघसंस्था लगायतका सरोकारवालाहरूसँग सहकार्य गरेको छ।

यसै सिलसिलामा राष्ट्रिय मानवअधिकार आयोगले पत्रकारको सुरक्षाका लागि स्वतन्त्र राष्ट्रिय संयन्त्र गठनको प्रक्रिया अघि बढाएको छ। यो संयन्त्र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता हननका घटनाहरूमा अभियोजनसम्म गर्न सक्ने अधिकार भएको निकाय हुनेछ।




# खण्ड २

# पत्रकार महिलाका सुरक्षा चुनौती

# पत्रकार महिलाका सुरक्षा चुनौती

पत्रकारको सुरक्षामा चुनौती र खतरा बढिरहेको छ। समुदाय स्तरमा रहेर जनसरोकारका विषयमा समाचार लेख्ने स्थानीय पत्रकार बढी असुरक्षित देखिएका छन् । त्यस्तै, पत्रकार महिलाले लैङ्गिक कारणले सुरक्षाका थप चुनौती सामना गर्नुपरेको छ।

युद्ध, सशस्त्र द्वन्द्व, बन्द, हडताल, आन्दोलन र विरोध प्रदर्शन भइरहेको, राजनीति संक्रमणमा रहेको, विभिन्न खालका अपराध गर्ने समूह सक्रिय भएको, अनियमितता र भ्रष्टाचार व्याप्त रहेको ठाउँमा पत्रकारको सुरक्षामा बढी चुनौती आउने गर्छ। यस क्रममा पत्रकारलाई मार्ने, बेपत्ता पार्ने, आक्रमण गर्ने, पक्राउ गर्ने, यातना दिने, धम्की दिने, आतङ्कित पार्ने, अवरोध सिर्जना गर्ने, सञ्चारमाध्यममा आक्रमण गर्ने, पत्रकारका परिवारसमेतलाई धम्की दिनेजस्ता घटना हुने गर्दछन् । राज्य र गैरराज्य पक्षले आफ्नोबारेमा समाचारमा आएका तथ्यपरक कुरा स्वीकार गर्न नसक्दा, पत्रकारलाई आफ्नो अधीनमा पार्न नसक्दा र कानूनी उपचार कमजोर हुँदा पनि पत्रकारलाई तारो बनाउने गर्दछन् ।

## सुरक्षित छैन समाचार संकलन

नेपालगञ्जकी दीपा आले *रेडियो हिमाल* र *सगरमाथा टेलिभिजन* को संवाददाता हुन्। उनी आदिवासी जनजाति संयुक्त संघर्ष समितिले २०६९ साल जेठ ७ गतेदेखि आह्वान गरेको तीनदिने नेपाल बन्दको सिलसिलामा ८ गते बन्दको समाचार संकलन गर्न खटिएकी थिइन् । कोहलपुर-नेपालगञ्ज सडकको चित्रनगरमा थारू संयुक्त संघर्ष समितिका कार्यकर्ताले दीपालाई आक्रमण गरेर गम्भीर घाइते बनाए। दीपालाई आन्दोलनका समाचारलाई महत्व नदिएको र आफ्नो अनुकूल समाचार नदिएको भन्दै आक्रमण गरिएको थियो।

त्यसवेला दीपा नेपाल पत्रकार महासंघ, बाँके शाखाकी कार्यसमिति सदस्य पनि थिइन् । उनीमाथि भएको आक्रमणबारे माफी माग्न र दोषीलाई कडा कारबाही गर्न महासंघ लगायत सरोकारवाला संस्थाले सरकारलाई दबाब दिए। त्यसको दुई हप्तापछि एउटा कार्यक्रममा थारू संघर्ष समितिका संयोजक चन्द्रबहादुर चौधरीले घटनाप्रति दुःख व्यक्त गर्दै आफूहरू सधैं प्रेस स्वतन्त्रताको पक्षधर रहेको र आगामी दिनमा गल्ती-कमजोरी दोहोरिन नदिने प्रतिबद्धता व्यक्त गरेका थिए। तर उनीमाथि आक्रमण गर्नेहरूलाई कारबाही भएन।

मिडिया र पत्रकार स्वयं अनुशासित नहुँदा पनि पत्रकारमाथि सुरक्षा खतरा उत्पन्न हुन्छ। पत्रकारले आफ्नो आचारसंहिताको पालना नगर्दा, पेशागत दक्षता र सीप हासिल नगर्दा सुरक्षा खतरा आउन सक्छ। नेपाल पत्रकार महासंघले प्रकाशित गरेको *सुरक्षित र जिम्मेवार प्रेसका लागि रणनीतिक मार्गचित्र* मा भनिएको छः 'उत्तरदायी र जिम्मेवार पत्रकारिताको अभावमा पत्रकारिता पेशा विश्वसनीय बन्न सक्दैन र स्वयं पत्रकार पनि असुरक्षित हुन पुग्छन् ।'[१]

पत्रकारको शारीरिक सुरक्षा बाह्य पक्षसँग बढी सम्बन्धित हुन्छ भने पेशागत सुरक्षा आफ्नो कार्यक्षमता र सञ्चार संस्थासँग। पत्रकारितासँग सम्बन्धित नियम कानून लागू नहुँदा, उचित पारिश्रमिक र सेवा सुविधा नहुँदा, बीमा सुविधा नहुँदा, बिदाको व्यवस्था नहुँदा पत्रकारले असुरक्षित महसूस गर्छन् । त्यस्तै काम गर्ने वातावरण नहुँदा,

---

१ *सुरक्षित र जिम्मेवार प्रेसका लागि रणनीतिक मार्गचित्र* । २०७१ । काठमाडौं : नेपाल पत्रकार महासंघ ।

शैक्षिक योग्यता र दक्षताको कदर नहुँदा, उचित अवसर र जिम्मेवारी नहुँदा, दक्षता वृद्धिको सम्भावना नहुँदा, तालीम र अध्ययनको व्यवस्था नहुँदा, राजनीतिकरण र गुटबन्दी हुँदा, जनशक्ति भित्र्याउने र बिदा गर्ने स्पष्ट थिति नहुँदा पनि पत्रकारले आफू असुरक्षित भएको महसूस गर्छन् ।

पत्रकारले निष्पक्ष भएर काम गर्न नसक्दा पनि उनीहरू पेशागत हिसाबमा असुरक्षित बन्न सक्छन् । युनेस्कोले पत्रकार सुरक्षा अभिवृद्धि परियोजना स्थापनाका लागि २०१३ मा गरेको अध्ययनले पत्रकार एक वा अर्को राजनीतिक दलसँग आवद्ध भएर काम गर्दा निष्पक्ष हुन नसकेको र सुरक्षा चुनौती बढेको देखाएको छ ।[२]

## विश्वव्यापी अवस्था

पत्रकारलाई विश्वभर नै चुनौती छ । युद्ध, सशस्त्र द्वन्द्व, आन्दोलन, विरोध प्रदर्शन, प्राकृतिक प्रकोप आदिको समाचार संकलनका वेला पत्रकारको ज्यानसमेत गएका घटना छन् । त्यसैगरी पत्रकारलाई मार्ने, अपहरण गर्ने, बेपत्ता पार्ने, यातना दिने, दुर्व्यवहार गर्ने क्रम पनि जारी छ ।

युनेस्कोका अनुसार विश्वमा पछिल्लो एक दशकमा ६०० भन्दा बढी पत्रकार मारिएका छन् । कामका सिलसिलामा संसारभर हरेक हप्ता कम्तीमा एकजना पत्रकारले ज्यान गुमाउँदछ । यसरी मारिनेमध्ये ९५ प्रतिशत स्थानीय पत्रकार छन् ।[३]

*कमिटी टु प्रोटेक्ट जर्नालिष्ट* (सीपीजे) का अनुसार १९९२ देखि जून २०१५ सम्ममा विश्वमा १,१४० जना पत्रकार मारिएका छन्[४] । तीमध्ये ७५ जना महिला छन् । नेपालकी उमा सिंहलाई पनि यही सूचीमा राखिएको छ ।

### दोषीलाई सजाय, पीडितलाई न्याय

पत्रकार उमा सिंह जनकपुरको *रेडियो टुडे* मा काम गर्थिन् । उनलाई २०६५ साल पुस २७ गते जनकपुरको रजौलस्थित आफ्नै डेरामा बसिरहेका वेला १०-१५ जना मानिसले सांघातिक आक्रमण गरी गम्भीर घाइते बनाए । उपचारका लागि काठमाडौं लैजाँदा बाटैमा उमाको निधन भयो ।

त्यसपछि नेपाल पत्रकार महासंघ लगायतका विभिन्न संघसंस्थाले दोषी माथि कारबाहीको माग गर्दै आन्दोलन गरे । हत्याका मुख्य अभियुक्त उमेश यादवलाई प्रहरीले २०७० असोजमा पक्रियो । यादव, उमाकी भाउजू ललिता सिंह र नेमलाल पासवानलाई जिल्ला अदालत धनुषाले दोषी ठहर गरी जन्मकैदको फैसला सुनायो । उनीहरू अहिले जेलमा छन् ।

यसरी मारिएका पत्रकारमध्ये सबैभन्दा बढी (४६ प्रतिशत) राजनीतिका बारेमा समाचार संकलन गर्नेहरू छन् । त्यसपछि युद्ध, मानवअधिकार, भ्रष्टाचार र अपराधबारे रिपोर्टिङ गर्नेहरू छन् भने सबैभन्दा कम (चार प्रतिशत) चाहिं अर्थ तथा वाणिज्य विषयमा काम गर्नेहरू पर्दछन् ।

पत्रकारमाथि ठूलो सुरक्षा चुनौती राजनीतिक समूहले दिएका छन् । सबैभन्दा धेरै (५९ प्रतिशत) पत्रकारको हत्या तिनबाटै भएको छ । त्यसपछि सरकारी अधिकारी, अपराध गर्ने समूह, सुरक्षा अधिकारी र स्थानीय बासिन्दाबाट भएको छ ।

---

[२] Adhikary, N.M. 2013 . *Inception Context Analysis on the Safety of Journlaists in Nepal* (unpublished). Nepal : UNESCO Kathmandu Office.

[३] UNESCO Condemns Killing of Journalists . Retrieved July 28, 2015, from http://www.unesco.org/new/en/communication-and-information/freedom-of-expression/press-freedom/unesco-condemns-killing-of-journalists/

[४] 1140 Journalists Killed since 1992 . Retrieved July 30, 2015, from https://www.cpj.org/killed/

अधिकांश (७८ प्रतिशत) पत्रकारको सीधै हत्या भएको छ भने १९ प्रतिशत द्वन्द्वरत पक्षको भिडन्तमा परेर मारिएका छन् । जोखिमपूर्ण काम गर्ने क्रममा तीन प्रतिशतको मृत्यु भएको छ । यसैगरी ५५ प्रतिशतलाई धम्की दिएर, २१ प्रतिशतलाई बन्दी बनाएर र अर्को २१ प्रतिशतलाई यातना दिएर मारिएको छ ।

पत्रकारको हत्याका दोषी पत्ता लगाएर कारबाही गर्ने काम भने कमै भएको छ । एघार प्रतिशत पत्रकार कोबाट मारिए भन्ने खुल्न सकेको छैन । जसको पहिचान भयो तिनको मुद्दामा ७२ प्रतिशत पीडितले न्याय पाएका छैनन् । २८ प्रतिशतले आंशिक न्याय मात्र पाएका छन् । यसले गर्दा पत्रकारको हत्या, अपहरण गर्ने वा पत्रकारलाई आक्रमण गर्ने मानिसले दण्डित हुनुपर्दैन भन्ने सन्देश गएको छ ।

*रिपोर्टर्स् विदआउट बोर्डर्स्* (आरएसएफ) का अनुसार २०१४ मा मात्रै विश्वभर ६६ जना पत्रकार मारिए (यसमा ९० प्रतिशत पुरुष र १० प्रतिशत महिला थिए) ।  ११९ जनाको अपहरण गरियो (यसमा ९३ प्रतिशत पुरुष र सात प्रतिशत महिला थिए) । यसैगरी १८४६ जना पत्रकारले धम्की वा आक्रमण बेहोरे, १३९ जना देश छोड्न बाध्य भए, ८५३ गिरफ्तार र १७८ कैद भए ।[४] सो वर्ष सिरिया, प्यालेस्टाइन, युक्रेन, इराक र लिबिया पत्रकारका लागि सबैभन्दा जोखिमपूर्ण देश ठहरिएका थिए ।

सीपीजेको प्रतिवेदनमा २०० भन्दा बढी पत्रकार थुनामा रहेको पनि उल्लेख छ । सरकारी निकायले विभिन्न आरोप लगाएर थुन्ने चलन प्रायः अरब, अफ्रिकी, पूर्व सोभियत मुलुक र चीनमा बढी चलेको  छ ।

## आतंकवादविरोधी कानूनको शिकार पत्रकार

इथियोपियाकी पत्रकार तथा स्तम्भकार रियोट अलेमुलाई त्यहाँको सरकारले चार वर्षअघि गिरफ्तार गर्‍यो । अदालतले उनलाई आतंकवादविरोधी कानूनअन्तर्गत शुरूमा १४ वर्ष र पछि पाँच वर्षको जेल सजाय तोक्यो ।

जेलमै छँदा *इन्टरनेशनल ओमन्स् मिडिया फाउन्डेसन* (आईडब्ल्यूएमएफ) को 'करेज इन जर्नालिज्म अवार्ड' र युनेस्कोको 'गुइलेर्मो कानो वर्ल्ड प्रेस फ्रिडम प्राइज' पाएकी अलेमुलाई २०१५ जुलाईमा अमेरिकी राष्ट्रपति बाराक ओबामाको भ्रमणको समयअघि पारेर रिहा गरियो । यही मौका पारेर अरू केही पत्रकारलाई पनि सजाय पूरा हुनुअघि नै रिहा गरिएको थियो ।

अलेमुले भूमि अधिकार, भ्रष्टाचार र एउटा विवादास्पद सरकारी बाँध परियोजनाबारे लेखेकी थिइन् । शुरूमा उनका विरुद्ध सरकारी मिडियाबाट प्रचारबाजी भएको थियो । त्यसपछि फोन धम्की आएको थियो । समातिएपछि उनलाई अभियोग स्वीकार नगरेको र अन्य पत्रकारबारे जानकारी नदिएको भनेर स्वास्थ्य उपचार र आफन्तसँग भेटघाटबाट समेत वञ्चित गरी १३ दिन एकान्तवासमा राखिएको थियो ।

गैरप्रजातान्त्रिक राज्यव्यवस्था भएका र आन्दोलन, विद्रोह वा आन्तरिक युद्धबाट गुज्रिरहेका देशमा राजनीतिक नेतृत्वले पत्रकारलाई फसाउने नियतले मनगढन्ते आरोप लगाउने गरेका छन् । पत्रकारमाथि राज्यविरुद्धको अपराध गरेको, धार्मिक एवं जातीय घृणा फैलाउने प्रयास गरेको, सार्वजनिक अपराध गरेको, हातहतियार, लागूपदार्थको कारोबार गरेको, भ्रष्टाचार गरेको आरोप लाग्ने गरेको छ ।

[४] Assessing and Responding to Risk . Retrieved July 31, 2015, from https://www.cpj org/reports/2012/04/assessin-gand-responding-to-risk.php#6;  http://en.rsf.org/IMG/pdf/handbook.pdf


सीपीजेका अनुसार इथियोपिया धेरै पत्रकारलाई जेल हाल्नेमा इरिट्रियापछि दोस्रो मुलुक मानिन्छ । २००९ मा जारी आतंकवादविरोधी कानूनअन्तर्गत त्यहाँको सरकारले वाक् तथा अभिव्यक्ति स्वतन्त्रता उपभोगलाई अपराध ठहऱ्याउँदै धेरै पत्रकार, धार्मिक नेता र विपक्षी राजनीतिज्ञलाई थुन्ने गरेको छ ।

## धम्कीले पनि बनाएन विचलित

पश्चिम अफ्रिकी मुलुक लाइबेरियाकी पत्रकार माए अजाङ्गोले अफ्रिकी समाजमा गहिरो जरा गाडेको किशोरीहरूको योनीच्छेदन परम्पराविरुद्ध आवाज उठाउँदा कट्टरपन्थीहरूको धम्कीको सामना गर्नुपऱ्यो । परम्परावादीहरूबाट आलोचित हुने डरले लाइबेरियाली सरकार यस्तो अमानवीय चलनलाई समेत मौन स्वीकृति दिएर बसेको थियो ।

सरकारी निकायहरूबाट सुरक्षा पाइने नदेखेपछि अजाङ्गो नौ वर्षकी छोरी लिएर हप्तौं भूमिगत भइन्, तर उनले यो विषयलाई उठाउन छाडिनन् । उनलाई धम्की आउन थालेपछि यो घटनाले अन्तर्राष्ट्रिय चर्चा पायो र त्यसकै दबाबमा सरकार योनीच्छेदनमा प्रतिबन्ध लगाउन बाध्य भयो । यसैगरी एक अर्को घटनामा अजाङ्गोले एउटी बलात्कारपीडितकी आमामाथि भएको प्रहरी अत्याचारको भण्डाफोर गरेर त्यसो गर्ने प्रहरी अधिकारीलाई जेल जान बाध्य पारेकी थिइन् ।

अजाङ्गोका बाबु सन् १९९० मा विद्रोहीद्वारा मारिएका थिए । त्यसपछि उनी सर्वसाधारण जनताका पीडालाई उजागर गर्न पत्रकारितामा लागेकी थिइन् । सन् २००२ पछि आफैं युद्ध शरणार्थी भएर उनले शरणार्थी शिविरका महिला र किशोरीहरूका पीरमर्काबारे लेखिन् । उनले सीपीजेको सन् २०१२ को 'इन्टरनेशनल प्रेस फ्रिडम अवार्ड' पाएकी छन् । उनी पहिले *टेलिग्राफ* र *डेली अब्जर्भर* मा लेख्थिन् । हाल अनुसन्धानात्मक समाचार साइट *फ्रन्टपेज अफ्रिका* तथा पत्रिका *न्यू न्यारेटिभ्स्* मा लेख्छिन् ।




**विश्वका पत्रकार महिला कार्य क्षेत्रमा केबाट असुरक्षित छन् ?**

महिलाहरू प्रायः सामाजिक रूपले निषेधित कुरा र पितृसत्तात्मक समाजका विकृतिजस्ता चुनौतीपूर्ण विषयवस्तुमा कलम चलाउन रुचाउँछन् । त्यसले गर्दा पनि उनीहरूमाथि खतरा आइलाग्छ । उनीहरूले मनोवैज्ञानिक दबाब झेल्नुपर्छ । उनीहरूमाथि शारीरिक आक्रमण र बलात्कार गरिन्छ । कैद र थुनामा समेत उनीहरूले दुर्व्यवहार भोग्नुपर्छ ।

*इन्टरनेशनल न्यूज सेफ्टी इन्स्टिच्युट* (आईएनएसएफ) र *इन्टरनेशनल ओमन्स् मिडिया फाउन्डेसन* (आईडब्ल्युएमएफ) ले सञ्चारमाध्यममा महिलाविरुद्ध हुने हिंसा र दुर्व्यवहारबारे सन् २०१३ मा गरेको विश्वव्यापी सर्वेक्षणमा सहभागी भएकामध्ये ६४.८७ प्रतिशतले कार्यक्षेत्रमा धम्की, त्रास र दुर्व्यवहारका घटना झेलेको बताएका थिए । ती घटना पुरुष हाकिम, सम्पादक र सहकर्मीद्वारा भएका थिए ।

सर्वेक्षणमा सहभागीमध्ये २१.६ प्रतिशतले भौतिक हिंसा, १४.३ प्रतिशतले यौन हिंसा, ४७.९ प्रतिशतले यौन दुर्व्यवहार र २१.५ प्रतिशतले ट्यापिङ, ह्याकिङ् र डिजिटल सेक्युरिटी आफ्ना लागि चुनौती भएको बताएका थिए ।[६]

[६] *Violence and Harassment against Women in the News Media: A Global Picture* . International Womens Foundation & International News Safety Institute. Retrieved July 19, 2015, from http://www.iwmf.org/wp-content/uploads/2014/03/Violence-and-Harassment-against-Women-in-the-News-Media.pdf

सर्वेक्षणले महिला सञ्चारकर्मी लक्षित अधिकांश धम्की, त्रास र दुर्व्यवहार कार्यस्थलमै तथा केही समाचारस्थल र सार्वजनिक स्थलमा हुने गरेको देखाएको छ। तर यस्तो व्यवहारबाट हैरान पारिएका र दुःख दिइएका अधिकांश महिला आफूमाथि भएका कुराबारे कतै उजुरी गर्दैनन्। सर्वेक्षणमा पनि १६.९ प्रतिशत पत्रकार महिलाले मात्रै यौन दुर्व्यवहारविरुद्ध उजुरी गरेको बताएका थिए। धेरै सहभागीलाई आफू कार्यरत सञ्चारसंस्थाले कार्यस्थलमा हुने दुर्व्यवहार र हिंसाबाट पत्रकार महिलालाई जोगाउँछ भन्नेमा विश्वास थिएन।

### विश्वमा महिला पत्रकारले भोग्नु परेका समस्या

- हत्या, आक्रमण र बलात्कार
- यौन दुर्व्यहार र हिंसा
- इन्टरनेट एकाउन्टको निगरानी
- डिजिटल सुरक्षा खतरा (फोन ट्यापिङ, इमेल ह्याकिङ आदि)।
- सार्वजनिक अपमान
- गर्भवती अवस्थामा कामबाट निष्कासन

(स्रोतः सीपीजे, आईएनएसएफ र आईडब्ल्युएमएफका प्रतिवेदनबाट)

## नेपालको अवस्था

नेपाल पत्रकार महासंघका १०,०७७ जना सदस्य छन्।[७] तिनमा १,६१३ जना पत्रकार महिला छन्। महासंघमा आबद्ध नभई काम गर्ने पत्रकार महिला पनि नेपालमा छन्। सन् २०१५ मा युनेस्कोले गरेको पत्रकारको आत्मरक्षा क्षमता सम्बन्धी अध्ययनका अनुसार स्थानीय स्तरका सञ्चारमाध्यममा महिला उल्लेख्य मात्रामा बढेका छन्। विशेषतः एफएम स्टेसनले धेरै महिलालाई नियुक्त गरेका छन्। तर, पुरुष सहकर्मीको तुलनामा महिलाले पाउने तलब-सुविधामा भेदभाव छ।

### कानूनी कारबाही पन्छाउने प्रयास

दोषीमाथि कानूनी कारबाही गरेर पीडितलाई न्याय दिलाउनुपर्ने प्रहरी नै कहिलेकाहीं दोषीलाई जोगाउन लागिपरेकाले पत्रकार सीता पोखरेलले आफू सुरक्षित भएको महसूस गर्न सकेकी छैनन्।

सीता *कमाण्डर पोष्ट* दैनिककी संवाददाता हुन्। उनले भक्तपुर, सिरुटारकी डम्बरकुमारी रावतलाई परिवारमा जग्गा विवादको क्रममा श्रीमान्, सौतेनी छोरा र बुहारीले हातपात र दुर्व्यवहार गरेको तस्वीर खिचेकी थिइन्। त्यसको एक घन्टापछि पत्रिकामा छाप्न फोटो खिचेको भन्दै बालकोटको बीचसडकमा स्थानीय महिला र अरूले घेरा हालेर उनीमाथि आक्रमण तथा अपमानजनक व्यवहार गरे। यसोगर्दा एक किलोमिटरसम्म घिसार्दै लगेकाले सीता बेहोस भएकी थिइन्।

यो घटनापछि ज्यान लिने उद्देश्यले आक्रमण गरेको भन्दै उनले बालकोट प्रहरी र जिल्ला प्रशासन कार्यालय भक्तपुरमा किटानी जाहेरी दिइन्। प्रमुख जिल्ला अधिकारीले उनको निवेदन ठिमी प्रहरीमा पठाइदिए। प्रहरीले सिरुटारका भागीरथी रावत, राजु रावत, सुवर्ण रावत, किरण रावत र केदार रावत सहितको समूहलाई समातेर ल्याई घटनास्थलनजिकैको गुप्तेश्वर मन्दिरमा स्थानीय बासिन्दाको रोहवरमा सीतासँग माफी माग्न लगायो। प्रहरीले कारबाही गरी दोषीलाई सजाय गराउनुपर्नेमा नाटकीय ढंगले मिलाउन खोजेकोमा सीता आश्चर्यचकित छन्।

२०५८ देखि २०६९ सालसम्ममा नेपालमा मिडिया सञ्चालकसहित ३५ जना मारिए। तीमध्ये पत्रकार महिला उमा सिंह पनि थिइन्। यसैगरी २०५६ देखि २०६९ सम्ममा चार जना पत्रकार बेपत्ता पारिए।[८] २०६८

[७] नेपाल पत्रकार महासंघ । Retrieved July 20, 2015, from http://www.fnjnepal.org/media/?page_id=48.


[८] नेपाल पत्रकार महासंघ । द्वन्द्वकालदेखि हालसम्म मारिएका पत्रकारहरूको सूची । Retrieved July 20, 2015, from http://www.fnjnepal.org/media/?page_id=1192.

जेठदेखि २०७२ वैशाखसम्ममा पत्रकार र मिडियासँग सम्बन्धित ३४३ वटा हिंसाका घटना भएका थिए ।[९]

पत्रकार र मिडियाको सुरक्षासँग सम्बन्धित घटनामा हत्या, अपहरण, आक्रमण, दुर्व्यवहार, गिरफ्तारी, धम्की, अवरोध, मिडियामा आक्रमण, कामबाट निष्कासन, पत्रपत्रिका र सवारीसाधन जलाउने कार्य आदि पर्दछन् । तर मिडियालक्षित यस्ता घटनामा संलग्न दोषी पत्ता लगाएर सबैलाई कारबाही भएको भने छैन । अधिकांश घटनामा दोषी पत्ता लाग्दैनन्, लागे पनि कानूनी दायरामा आउँदैनन् र आए पनि दोषीले राजनीतिक संरक्षण पाउँछन् ।

*एलाइन्स फर सोसल डायलग* ले २०१३ मा गरेको अनुसन्धानले नेपालमा पत्रकार असुरक्षित हुनुका धेरै कारण देखाएको थियो । तिनमा पत्रकारिताले आम मानिसको जीविकाका कुरा उठाउन नसक्नु, पत्रकारिता जनताप्रति उत्तरदायी नहुनु, पत्रकारिता सही अर्थमा संस्थागत हुन नसक्नु, पत्रकारिताबाट कमाउने लालसा बढ्नुजस्ता कारणले पनि पत्रकारिताको सामाजिक जग कमजोर भएको हुनसक्छ ।[१०]

नेपालमा पत्रकार महिलाको सुरक्षा स्थिति झन् कमजोर छ । एक त यो पेशामा महिला कम छन् ।  निर्णय गर्ने तहमा त अति कम छन् । सञ्चारिका समूहले काठमाडौं उपत्यकामा कार्यरत महिला सञ्चारकर्मीको अवस्थाबारे २०६८ सालमा गरेको एउटा अध्ययनले महिला सञ्चारकर्मीको उपस्थिति २४ प्रतिशत देखाएको थियो ।[११] यसअघि २०६२ सालमा गरिएको देशभरका सञ्चारकर्मी महिलाको अवस्थासम्बन्धी अनुसन्धानका अनुसार, महिला सञ्चारकर्मीमध्ये १३.४ प्रतिशत सम्पादक र सह-सम्पादक थिए भने २१ प्रतिशत कार्यक्रम सञ्चालक र निर्माता थिए ।[१२]



**काठमाडौंका सञ्चारमाध्यममा पत्रकार महिला**

पत्रकार महिलाले के अनुभव गरेका छन् भने संचारमाध्यममा निर्णय लिने र नीति बनाउने ठाउँमा महिला थोरै हुनाले महिलाका समस्या हल गरिँदैनन्, उनीहरूका सरोकार र संवेदनशीलताप्रति ध्यान दिइँदैन । यसले उनीहरूको सुरक्षामा  पनि असर पारेको छ ।

प्रस्तुत निर्देशिका तयार पार्ने क्रममा २०१५ अगष्टमा सञ्चारिका समूह नेपाल, युनेस्को काठमाडौं कार्यालय र इन्टरनेशनल मिडिया सपोर्टले पत्रकारको सुरक्षाका विषयमा पत्रकार महिलासँग छलफल गरेको थियो । सो छलफलमा पत्रकार महिलाले यस्तो विचार व्यक्त गरेका थिएः आर्थिक सुरक्षा नभएकाले महिलालाई पत्रकारिता पेशामा टिक्न गाह्रो छ, धेरै पत्रकार महिला पेशा छाड्न चाहन्छन् । कार्यालय र कार्यस्थलमा लैङ्गिक संवेदनशीलतालाई बुझ्ने वातावरण अझै बनेको छैन । यसले गर्दा लैङ्गिक दुर्व्यवहारदेखि हिंसासम्म हुने गरेको छ ।

कतिपय मिडियामा महिलाहरूले शारीरिक अवस्था, प्रजनन् स्वास्थ्य आदिका कारणले पाउनुपर्ने बिदालगायतका सुविधा पाएका छैनन् । गर्भवती र बच्चा भएपछि महिला भएको नाताले प्राकृतिक रूपले पाउनुपर्ने सुविधा नपाएकाले उनीहरूले काम छाड्नुपरेको छ । कतिले कार्यालयमा अबेरसम्म काम गरेर घर जाँदा सुरक्षित यातायातको व्यवस्था नभएकाले पेशा छाडेका छन् ।

पत्रकार महिलाप्रति पुरुष सहकर्मीको दृष्टिकोण सबैतिर एकनास छैन । कतिले के ठान्छन् भने महिला कमजोर छन्,

---

९ Bista, Mahendra & Acharya,Ujjwal . *Nepal Media Status Report* . Retrieved July 20, 2015, from http://www.slideshare.net/ujjwalacharya/nepal-media-status-report-2015.

१० मैनाली, रघु र भट्टराई विनोद । सन् २०१३ । *मेरो पत्रकारिताको खबर* । काठमाडौं : एलाइन्स फर सोसल डायलग ।

११ *काठमाडौं उपत्यकामा कार्यरत महिला सञ्चारकर्मीको अवस्था* । २०६८ । ललितपुर : सञ्चारिका समूह ।

१२ *सञ्चारकर्मी महिलाको अवस्था* । २०६२ । ललितपुर : सञ्चारिका समूह ।

क्षमतावान् छैनन्, उनीहरू खुलेर अगाडि आउन सक्दैनन्, विवाह र बच्चा भएपछि काम छाड्छन् । त्यसले गर्दा पत्रकार महिलालाई सहयोग नगर्ने, विषय र जिम्मेवारी दिंदा भेदभाव गर्ने, कमजोरी केलाउँदा पनि पुरुष र महिलालाई फरक दृष्टिले हेर्ने गरिएको अनुभव पत्रकार महिलाले गरेका छन् । पत्रकार महिला भनेपछि स्रोतले पनि सूचना दिन आनाकानी गर्ने गरेको अनुभव केहीले गरेका छन् ।

## न्यायको प्रतीक्षामा पत्रकार महिला

सञ्चारसंस्थामा पत्रकार महिलाप्रति कसरी भेदभाव हुन्छ र उनीहरूलाई पाउनुपर्ने विदा र सुविधासमेत कसरी दिइँदैन भन्ने कुराको उदाहरण बनेको छ *गोरखापत्र* बाट भवानी कार्कीको निष्कासन ।

भवानी कार्की *गोरखापत्र* दैनिकमा दोलखा जिल्लाका लागि समाचारदाता थिइन् । उनी २०६६ सालदेखि काठमाडौं उपत्यका समाचारदाताका रूपमा काम गर्न थालेकी थिइन् । गर्भवती अवस्थामा समेत नियमित रिपोर्टिङ गरिरहेकी उनलाई २०६८ साल कात्तिक २६ गतेदेखि सेवाबाट हटाइएको पत्र थमाइयो ।

*गोरखापत्र* ले निकालेका वेलामा उनको गर्भावस्थाको अन्तिम महीना थियो । अब छिट्टै सुत्केरी हुन्छिन् र लामो विदामा बस्छिन् भन्ने सोचाइ राखेर उनलाई कामबाट निकालिएको स्पष्टै थियो । नेपाल पत्रकार महासंघको सल्लाह र सहयोगमा उनले पुनर्बहालीको लागि गोरखापत्र संस्थानविरुद्ध श्रम अदालतमा मुद्दा हालिन् । श्रम अदालतले क्षतिपूर्तिसहित पुनर्बहाली गर्नू भन्ने फैसला गऱ्यो । तर, संस्थानले उक्त फैसलाविरुद्ध सर्वोच्च अदालतमा पुनरावेदन गऱ्यो । हाल सो मुद्दा सर्वोच्च अदालतमा विचाराधीन छ । भवानी न्यायको पर्खाइमा छिन् ।


कतिपय ठाउँमा पत्रकार महिलालाई उनीहरू कार्यरत सञ्चारमाध्यमले पत्रकार परिचयपत्र समेत उपलब्ध गराएका छैनन् । फ्रिडम फोरम, युनेस्को र आईएमएसले २०१५ अगष्टमा हेटौंडामा आयोजना गरेको क्षेत्रीय छलफलमा पर्साका सञ्चारमाध्यमले पुरुष पत्रकारलाई परिचयपत्र दिएको, तर पत्रकार महिलालाई नदिएको तथ्य बाहिर आएको थियो । पर्साका २६ जना पत्रकार महिला परिचयपत्रविना काम गरिरहेका छन् ।

यस्तो अवस्थामा पत्रकार महिलाले सुरक्षित तरीकाले स्वतन्त्र रूपमा पेशागत दायित्व वहन गर्न निकै चुनौती सामना गर्नुपर्दछ । सन् २०१५ मा युनेस्कोले पत्रकारको आत्मसुरक्षा क्षमता सम्बन्धमा गरेको अनुसन्धानमा सहभागी ७५ जना पत्रकार महिलामध्ये ८० प्रतिशतले रिपोर्टिङ गर्दा सुरक्षित महसूस नगरेको बताएका थिए । सो अध्ययनअनुसार ८७ प्रतिशत सञ्चारसंस्थाले आफ्ना संस्थामा कार्यरत पत्रकारको सुरक्षा सम्बन्धी नीति बनाएका थिएनन् ।[१३]

सन् २०१४ मा युनेस्कोले नेपालका १९ जिल्लाका ८० जना पत्रकारमा पत्रकार महिलाको सुरक्षासम्बन्धी आवश्यकताको मूल्यांकन गर्न एउटा अध्ययन गरेको थियो । सो अध्ययनमा  सहभागी भएकामध्ये बहुसंख्यकले सुरक्षासम्बन्धी ज्ञान थोरै भएको बताएका थिए ।[१४] तराईमा पत्रकार महिलाले एक्लै रिपोर्टिङमा जान खतरा नमोलेको पनि यसै अनुसन्धानले देखाएको थियो ।

[१३] Bhattarai, Kamal Dev . 2015 . *Assessing Self Protection Capacities of Journalists Including the Status of 'Hotlines' Maintained by Different Press Freedom Protection Organizations* (unpublished) . Nepal : UNESCO Kathmandu Office.

[१४] Ghimire, Om Prakash . 2014 . *Assessing the Safety Needs of Women Journalists to Design a Training Package Aimed at Addressing their Needs* (unpublished) . Nepal : UNESCO Kathmandu Office.





मधेशमा पत्रकार महिला किन असुरक्षित छन् ?

२०७२ सालमा फ्रिडम फोरम र मधेशी पत्रकार संघले मध्य तथा पूर्वी तराईका १० जिल्लाका ९० जना पत्रकार महिलामा गरेको सर्वेक्षणमा ७८ जनाले तराई-मधेशमा कार्यरत रहेकै कारण थप असुरक्षा भोग्नुपरेको बताएका थिए। तीमध्ये ५१ प्रतिशतले यसको प्रमुख कारण लैङ्गिक विभेदलाई मानेका थिए। उनीहरूले असुरक्षित महसूस गर्नुका अन्य कारण पनि बताएका थिए। सहभागीमध्ये ४५ प्रतिशतले समाजको संकुचित विचारधारा, ३७ प्रतिशतले पितृसत्तात्मक सोच, ३१ प्रतिशतले सुरक्षा अवस्था, २१ प्रतिशतले महिलाप्रति गरिने दुर्व्यवहार र १३ प्रतिशतले भाषिक समस्यालाई असुरक्षाका कारण भनी औंल्याएका थिए।[१५]

२०६२ सालमा सञ्चारिका समूहले गरेको सञ्चारकर्मी महिलासम्बन्धी अध्ययनमा सहभागी पत्रकार महिलामध्ये ९.४ प्रतिशतले सहकर्मीबाट यौनहिंसा हुने गरेको बताएका थिए।[१६] २०६८ सालमा समूहले काठमाडौं उपत्यकामा कार्यरत महिला सञ्चारकर्मीको अवस्थाका सम्बन्धमा गरेको अनुसन्धानले २० प्रतिशत पत्रकार महिलाले हिंसा भोग्नुपरेको देखाएको थियो।[१७]

सन् २०१५ मा *इन्टरनेशनल फेडेरेशन अफ जर्नालिस्टस्* (आईएफजे)ले नेपालका सञ्चारमाध्यममा कार्यरत पत्रकार महिलाको अवस्थाबारे गरेको सर्वेक्षणमा सहभागी १०३ जना पत्रकार महिलामध्ये १३.५१ प्रतिशतले आफूले यौन दुर्व्यवहार भ्केलेको बताएका थिए। तीमध्ये ५६ प्रतिशतले सहकर्मीबाट, २५ प्रतिशतले वरिष्ठ सहकर्मीबाट, १२.५ प्रतिशतले अन्तर्वार्ताका क्रममा र ६.५ प्रतिशतले बाहिरका मानिसहरूबाट यौन दुर्व्यवहार भएको बताएका थिए। यसबाट पत्रकार महिला आफ्नै कार्यालयमा बढी जोखिममा रहेको देखिन्छ।[१८]




पत्रकार महिलाले कोबाट यौन दुर्व्यवहार झेल्छन् ?

तर यस्तो दुर्व्यवहार भोग्ने धेरैजसो पत्रकार महिला आफूले कार्यालय, कार्यकक्ष र कार्यस्थलमा सामना गरिरहेका घटनाबारे सार्वजनिक रूपमा बोल्न चाहँदैनन्। आईएफजेको प्रतिवेदनमा उल्लेख भएअनुसार दण्डहीन राजनीतिक संस्कृति र पीडितलाई नै दोष दिने सामाजिक प्रवृत्तिका कारण सार्वजनिक रूपमा अपहेलित हुने भयले पत्रकार महिलाले आफूले भोगिरहेको समस्यालाई खुलेर बाहिर ल्याउन नचाहेका हुन्।

[१५] *तराई मधेशमा कार्यरत पत्रकार महिलाहरूको भौतिक एवं पेशागत सुरक्षा स्थितिबारेको सर्वेक्षण प्रतिवेदन* (अप्रकाशित)। २०७२। काठमाडौं : युनेस्को काठमाडौं कार्यालयका लागि फ्रिडम फोरम तथा मधेशी पत्रकार संघ।

[१६] *सञ्चारकर्मी महिलाको अवस्था*। २०६२। ललितपुर : सञ्चारिका समूह।

[१७] *काठमाडौं उपत्यकामा कार्यरत महिला सञ्चारकर्मीको अवस्था*। २०६८। ललितपुर : सञ्चारिका समूह।

[१८] *Media and Gender in Nepal*. 2015. Retrieved July 30, 2015, from http://www.ifj.org/fileadmin/images/Asia_Pacific/IFJ_AP/reports-etc/Gender_and_Media_in_Nepal

## नेपालमा पत्रकार महिलाले भोग्नुपरेका सुरक्षा समस्या

- हत्या, आक्रमण र धम्की
- लैङ्गिक दुर्व्यवहार र हिंसा
- सिनियरको अप्ठ्यारो व्यवहार
- जिम्मेवारीमा भेदभाव
- तलब-भत्तामा विभेद
- पारिश्रमिक कम भएको र समयमा नपाएको
- कार्यालयले यातायातको व्यवस्था नगरेको
- पेशामा रहन परिवारको असहयोग
- मिडियामा लैङ्गिक नीतिको अभाव
- भरपर्दो रोजगारीको अभाव
- स्वास्थ्य र जीवन बीमाको अभाव
- सुत्केरी विदा नदिएको
- तालीम र अवसरमा विभेद
- महिलाका लागि अनुकूल वातावरण नहुनु
- प्रतिकूल समय-तालिका
- महिलालाई कमजोर ठान्ने प्रवृत्ति

**(सञ्चारिका समूह, सीपीजे र आईएफजेका प्रतिवेदनबाट)**

पत्रकार महिलामाथि समाचार शाखामा पनि विभेद हुने गरेको छ। उनीहरूले भोग्नुपरेको समस्याबारे संगीता खड्का लेख्छिन्- '...पत्रकारिता पेशामा होमिएका महिलाहरूलाई उत्साहित बनाउने भन्दा पनि सम्बन्धित संस्था वा निकायबाट निरुत्साहित पार्ने कैयौं गतिविधि हुने गर्दछन्। महिला पत्रकार बढी खट्न सक्दैनन्, महिलाले धेरै दिमाग खेलाउनुपर्ने रिपोर्टिङ गर्न सक्दैनन् जस्ता गलत सोचाइ पालेर वा बहाना बनाएर पत्रकार महिलालाई उपस्थितिका लागि मात्रै राख्ने वा महिला, स्वास्थ्य, बालबालिकाजस्ता बिटहरू मात्रै दिने गरिन्छ।'[१९]

टेलिभिजनमा कार्यरत महिलाबारे रञ्जना श्रेष्ठले गरेको एक अध्ययनमा ४४ प्रतिशत पत्रकार महिलाले कार्यालयमा लैंगिक विभेद भएको बताएका थिए। ३३ प्रतिशतले आफूलाई हेर्ने दृष्टिकोणमा खराब नियत रहेको, २५ प्रतिशतले प्रतिस्पर्धात्मक क्षमतामा शंका गरेको, १३ प्रतिशतले जिम्मेवारी हस्तान्तरणमा संकोच गरिएको र पाँच प्रतिशतले सेवा सुविधा कम दिइएको कुरा स्पष्ट गरेका थिए।[२०]

महिलामाथि हुने हिंसा र दुर्व्यवहारका कारणबारे नेपाल पत्रकार महासंघले प्रकाशित गरेको *सुरक्षित र जिम्मेवार प्रेसका लागि रणनीतिक मार्गचित्र* मा उल्लेख छ- 'मिडियामा भर्खर-भर्खर काम थालेका पत्रकार महिलासँग आफ्नै सवारीसाधन नहुने, समाचार र समाचारका स्रोतमा कम पहुँच हुने, लेख्ने वा प्रस्तुत गर्ने सीप, अनुभव तथा ज्ञानको

---

[१९] खड्का, संगीता। २०६६, माघ-चैत। पत्रकार महिलाको मर्म। *संहिता*, पृ. २७-२८।

[२०] श्रेष्ठ, रञ्जना। २०६७। *टेलिभिजनमा पत्रकार महिलाको अवस्था*। काठमाडौं : त्रिभुवन विश्वविद्यालय (शोधपत्र, अप्रकाशित)।

कमी हुने र कामको सिलसिलामा कतै पुग्न पुरुषको सहयोग माग्नुपर्ने अवस्थाले पनि कतिपय महिलाहरू शोषण र दुर्व्यवहारमा परेका छन् ।'[२१]

सुरक्षाका उपायद्वारा सञ्चारमाध्यमलाई सशक्त बनाउने विषयमा रामकृष्ण रेग्मीद्वारा प्रस्तुत एक कार्यपत्रमा पत्रकार महिलामाथि हुने हिंसा, धम्की र दुर्व्यवहारका पीडकहरू सरकारी पक्ष, अपराधी समूह, सहकर्मी, पर्यवेक्षकदेखि समाचार स्रोतसम्म हुनसक्ने कुरा औंल्याइएको छ । पत्रकार महिला र उनीहरूका समस्या, मिडियामा उनीहरूको सहभागिता र संवेदनशीलता बुझ्न सके मात्र पत्रकारको समग्र सुरक्षा बलियो हुनसक्ने उनको धारणा छ ।[२२]

[२१] *सुरक्षित र जिम्मेवार प्रेसका लागि रणनीतिक मार्गचित्र* । २०७१ । काठमाडौं : नेपाल पत्रकार महासंघ ।

[२२] Regmee, Rama Krishna . 2015 . Energizing Media through Safety-Knob . Retrieved August 12, 2015, from http://cemfree.org.np/content/paper-presentations.




# खण्ड ३

## सुरक्षाका उपाय

# सुरक्षाका उपाय

कामका सिलसिलामा आइपर्ने सुरक्षा चुनौतीप्रति पत्रकारले सधैं सचेत हुनुपर्दछ। पत्रकारितामा सफल हुन केही साहस पनि देखाउनु, केही जोखिम पनि मोल्नुपर्छ। तर, साहसको नाममा दुस्साहस गर्नुहुँदैन।

पत्रकारले आफ्नो कामको सिलसिलामा आधारभूत तयारी गर्नैपर्छ। त्यस्ता तयारीमध्ये एक हो- जोखिमको लेखाजोखा। हाम्रो समाजमा पत्रकार महिला अझ बढी जोखिममा पर्न सक्छन्। त्यसैले यस्तो तयारी पत्रकार महिलाले झनै बढी गर्नुपर्दछ। त्यसतर्फ पत्रकार महिला आफैं र उनीहरू कार्यरत संस्था, समाज, परिवार सबैले ध्यान दिनुपर्दछ। व्यक्तिगत सुरक्षाका लागि केही सावधानी अपनाउँदा जोखिम कम गर्न धेरै सहयोग पुग्दछ।

## जोखिमको लेखाजोखा

पत्रकारले कामका क्रममा हुनसक्ने जोखिमप्रति सचेत भएर सुरक्षा तयारी गर्न पहिले नै जोखिमको लेखाजोखा गर्नुपर्छ। पत्रकारमाथि समाचार संकलनका क्रममा आउन सक्ने जोखिमको लेखाजोखा गरी खतरा हटाउन वा कम गर्न आवश्यक सावधानी अपनाउनु जरूरी हुन्छ। समाचार संकलन गर्दा शुरूदेखि नै सम्भावित जोखिम र खतराको आकलन गरेर सुरक्षाको राम्रो तयारी गरेमा बढी सुरक्षित हुन सकिन्छ।

जोखिमको लेखाजोखा यस्तो अभ्यास हो, जसले प्रतिकूल वा खतरनाक वातावरणमा काम गर्दा आफू र आफ्ना सहकर्मीमाथि कस्ता र कत्रा डरत्रास, असुरक्षा र खतरा आइलाग्छन् भनी अनुमान गर्न सहयोग गर्छ। यसले पत्रकारलाई कुनै जिम्मेवारी पूरा गर्न आफू शारीरिक, मानसिक र व्यावहारिक रूपले तयार छु कि छैन भन्ने कुरा पत्ता लगाउन पनि सघाउँदछ।

जोखिमको लेखाजोखा र आकलन युद्ध, द्वन्द्व वा अपराध क्षेत्रमा मात्र होइन, कहिलेकाहीं खतरा कमै छ जस्तो लाग्ने ठाउँमा पनि उपयोगी हुन्छ। यो एक प्रकारले आफ्नै परीक्षण पनि हो। 'म यो काम किन गरिरहेको छु', 'मैले यस क्रममा कस्तो परिस्थितिको सामना गर्नुपर्ला' र 'म त्यो गर्न सक्छु कि सक्दिनँ' भन्ने जस्ता प्रश्नको जवाफ त्यो काम थाल्नुअघि नै खोज्नुपर्छ। काम गर्न थालेपछि होइन।

आफूले सामना गर्नुपर्ने जोखिम र तिनलाई कम गर्ने उपायबारे राम्रोसँग बुझ्न विषय, कार्यक्षेत्र, त्यहाँको परिस्थिति र त्यहाँका मानिसबारे बढीभन्दा बढी सूचना खोज्नुपर्दछ। त्यस्तो सूचना पाउन पत्रकार, गैरसरकारी संस्था, अधिकारकर्मी, सुरक्षा र अन्य सरकारी निकायका पदाधिकारी तथा प्रतिवेदनले सघाउन सक्छन्। इन्टरनेटबाट उपलब्ध हुनसक्ने अनलाइन सामग्रीबाट पनि धेरै कुरा थाहा पाउन सकिन्छ।

जोखिमको आकलनका लागि सामान्यतः निम्न कुरामा ध्यान दिनुपर्दछ :

- आफूले रिपोर्टिङ गर्न लागेको विषय कत्तिको संवेदनशील, विवादास्पद छ ? आफू जान लागेको ठाउँ कत्तिको जोखिमयुक्त छ ? आफूले रिपोर्टिङ गर्न लागेको क्रियाकलाप वा घटना कत्तिको जोखिमपूर्ण/खतरनाक छ ?
- त्यस विषय/क्षेत्रका बारेमा रिपोर्टिङ गर्दा के-कस्ता परिणाम आउँछन् ?
- रिपोर्टिङ गर्दा दिन, रात, साँझ, बिहान कुन वेला खटिनुपर्छ ? कुन समयमा बढी जोखिम आइलाग्न सक्छ ?
- रिपोर्टिङ गर्न कुनै ठाउँमा जाँदा त्यहाँ कस्तो प्रतिक्रिया आउन सक्छ ?

- रिपोर्टिङका लागि कसलाई भेट्नुपर्छ ? कोसित कुराकानी गर्नुपर्छ ? आफूले भेट्नुपर्ने र अन्तर्वार्ता लिनुपर्ने मानिसहरू आफूप्रति कत्तिको आक्रोशित छन् ?
- आफूले भेट्न र कुराकानी गर्न लागेका मानिस कस्तो पृष्ठभूमिका छन् ? उनीहरूलाई कसैले निगरानी गरिरहेका छन् कि ? उनीहरूसँग कुरा गर्दा आफूमाथि कुनै खतरा आइलाग्छ कि ?
- आफू जाने ठाउँको सामाजिक परिवेश र सांस्कृतिक रीतिरिवाज कस्तो छ ?
- त्यो ठाउँसम्म पुग्ने बाटो कत्तिको सुरक्षित छ ?
- राति बास बस्नुपर्छ भने बसोबासको लागि सुरक्षित ठाउँ पाइन्छ कि पाइँदैन ?
- आफू जाने ठाउँमा सञ्चारका कुन-कुन साधन चल्छन् ?
- आफू जाने ठाउँको सुरक्षा अवस्था कस्तो छ ? त्यहाँ जाँदा खतरा आइलाग्छ कि लाग्दैन ?
- कुनै ठाउँमा अलि टाढै र लामै समयको लागि जानुपर्नेछ भने यी कुरामा पनि ध्यान दिनुपर्छः त्यो ठाउँ र बाटोघाटोको मौसम, हावापानी, वातावरण कस्तो छ ? खानपान र बासको सुविधा के कस्तो छ ? त्यसले आफ्नो स्वास्थ्य, शारीरिक अवस्था तथा सुरक्षामा के असर पार्न सक्छ ? प्रतिकूल अवस्थाबाट जोगिन कस्ता लुगाफाटो बोक्नुपर्छ ? कस्ता खानेकुरा र औषधि बोक्नुपर्छ ?
- आकस्मिक रूपमा स्वास्थ्य समस्या आएमा जान सकिने अस्पताल वा स्वास्थ्य केन्द्र कहाँ कहाँ छन् ? आपतकालीन उद्धार गर्नुपर्ने भएमा के-कस्ता उपाय अपनाउनुपर्छ ?

यस्ता प्रश्नको जवाफ खोजेर आफ्नो काम, कार्यस्थल, त्यहाँको परिवेश, त्यहाँ भेटिने मानिस र त्यहाँ पुग्ने बाटो र साधन कत्तिको जोखिमपूर्ण हुनसक्छन् भनी आकलन गर्न सकिन्छ।

रिपोर्टिङका लागि कुनै ठाउँमा जानुअघि आफूले भरोसा गर्नसक्ने व्यक्तिसँग जोखिमको अवस्थाबारे छलफल गर्नुपर्छ। आफूलाई आपत् आइलागेमा उसले उद्धार गर्न सक्नुपर्छ। काम नसकुञ्जेल ऊसँग निरन्तर सम्पर्क गरिरहनुपर्छ।

कुनै कामको क्रममा आइपर्न सक्ने हरेक अवस्थाको अनुमान गर्न कठिन हुन्छ। त्यसैले काम गर्दै जाँदा जोखिमको पुनर्मूल्याङ्कन गरी त्यसअनुसार सुरक्षाका उपाय अवलम्बन गर्नुपर्छ। त्यसैले काममा खटिएका वेलामा पनि आफ्नो सुरक्षाबारे विचार गर्न प्रत्येक दिन केही समय दिनुपर्छ। सुरक्षाका कारणले गर्दा यात्रा/बास/रिपोर्टिङ/रेकर्डिङ/फिल्मिङ आदिको योजना फेर्नुपर्ने हुनसक्छ। यसो भएमा आफ्ना सम्पर्क व्यक्तिलाई यो कुरा बताउनुपर्छ।

जोखिमको लेखाजोखा गर्दा अरू पत्रकारका पछिल्ला अनुभवलाई पनि मनन् गर्नुपर्दछ। यसबाट समान प्रकृतिको समस्या आइपर्दा अरूले त्यसलाई कसरी सामना गरेका थिए भन्ने थाहा हुन्छ र त्यसैअनुरूप आफ्नो सुरक्षा गर्न सजिलो हुन्छ।

अनावश्यक जोखिम ननिम्त्याउन यस्ता उपायमा ध्यान दिनु राम्रो हुन्छ :

- रिपोर्टिङका लागि जाँदा बाटोमा र समाचारस्थलमा सबैसँग सम्मानपूर्वक व्यवहार गर्नुपर्छ। कसैलाई होच्याउने, हेप्ने, अपमान गर्ने गर्नुहुँदैन।
- आफूले रिपोर्टिङ गर्न लागेको घटना र विषयवस्तुबारे पहिले नै राम्रोसँग थाहा पाउनुपर्छ। फिल्डमा पुगेपछि सबै पक्षका कुरा सुन्नुपर्छ।
- पत्रकारले कसैसँग भेट्दा, कुरा गर्दा त्यसै पनि विनम्र हुनु र सबैका कुरा सुन्नुपर्दछ। त्यसमाथि कोही मानिस आफूसँग आक्रोशित, असन्तुष्ट रहेछन् भने उनीहरूसँग अझ नम्र हुनुपर्छ, उनीहरूका कुरा ध्यान दिएर सुन्नुपर्छ।
- सकेसम्म आफूलाई अनुकूल हुने समय पार्नुपर्छ। प्रतिकूल समयमा जानुपर्नेछ भने भरपर्दो साथी लानुपर्छ। एक्लै जानुपर्ने भयो भने आफू कहाँ र के कामका लागि जान लागेको हुँ, त्यहाँ कसलाई भेट्छु भनी कार्यालय र परिवारलाई बताउनुपर्छ।

## संकटका वेला काम लाग्ने सामग्री

पत्रकार महिलाले सुरक्षा चुनौती र जोखिम भएको ठाउँमा जाँदा संकटका वेला काम लाग्ने निम्न सामग्री पनि बोक्नुपर्छ। यसका लागि पछाडि भिर्ने झोला सजिलो हुन्छ।

- पत्रकार परिचयपत्र
- मनीब्याग र आवश्यकतानुसार पैसा, डेबिट/क्रेडिट कार्ड
- पानी र सुक्खा खानेकुरा
- आफूले नियमित लिने र केही जरूरी औषधि, स्यानिटरी सामग्री
- प्राथमिक उपचार सामग्री
- आपत् परेमा सहयोगका लागि सम्पर्क गर्नुपर्ने मानिसको टेलिफोन नम्बर
- मोबाइल फोन, चार्जर, पावर ब्याकअप
- टर्चलाइट, ब्याट्री
- मौसम र ठाउँअनुसार हिंड्न, बस्न र काम गर्न सजिलो लुगाफाटो, जुत्ता
- संकटको सूचना दिन उपयोगी हुनसक्ने सिट्ठी
- शारीरिक आक्रमण, बलात्कार प्रयासजस्ता घटनामा आत्मरक्षाका लागि प्रयोग गर्न सकिने साधन।

## सुरक्षित यात्राको तयारी

पत्रकारले समाचार संकलन, सम्प्रेषण गर्दा अर्को शहर, गाउँ, जिल्ला, क्षेत्रदेखि विदेशको यात्रा पनि गर्नुपर्ने हुनसक्छ। यस्तो यात्रामा पत्रकारमाथि जोखिम आइलाग्न सक्छ।

कति टाढा जानुपर्ने हो ? त्यहाँ पुग्ने बाटो कस्तो छ ? त्यहाँ कस्तो विषयको रिपोर्टिङ गर्नुपर्ने हो ? यसभन्दा अघि आफूले कस्ता विषयमा रिपोर्टिङ गरेको छु ? जस्ता कुरा महत्वपूर्ण हुन्छन्, किनभने यिनका आधारमा जोखिम घटीबढी हुनसक्छ। सधैं जटिल वा विवादास्पद विषयमा प्रतिकूल परिस्थितिमा रिपोर्टिङ गर्ने पत्रकारले बढी जोखिम उठाउनुपर्ने हुनसक्छ।

यात्रा गर्दा पत्रकार महिलामाथि थप जोखिम आइलाग्न सक्छ। महिलामाथि यौन दुर्व्यवहार र हिंसा बढी हुने ठाउँमा यातायात पनि पर्दछ। त्यसमा पनि नेपालको सार्वजनिक यातायात महिलाका लागि उपयुक्त छँदैछैन। त्यसैले पत्रकार महिलाले यो पक्षलाई समेत ख्याल राखेर कस्तो साधनमा आउजाउ गर्ने र के-कस्ता सावधानी अपनाउने भन्ने कुरामा ध्यान दिनुपर्दछ।

जोखिम भएको ठाउँ वा विषयवस्तुमा रिपोर्टिङ गर्दा निम्न उपाय उपयोगी हुनसक्छन् :

- यात्रामा आइपर्न सक्ने अवरोध एवं खतरालाई विचार गरेर आफ्नो यात्राको तालिका तयार पार्ने र यात्राका लागि सुरक्षित माध्यम खोज्ने।
- जानुअघि राम्रोसँग तयारी गर्ने।
- यात्रामा प्रभाव पार्नसक्ने आकस्मिक घटना के-के हुनसक्छन् ? हडताल, बन्द पो परेका छन् कि ? कतै बाढीपहिरो, हावाहुरी, हिमपात, लू आदि आइलाग्न सक्छन् कि ? भनी ध्यान दिने।
- यात्राको निर्धारित योजनामा अवरोध आएमा, परिस्थिति अचानक बदलिएमा वा शुरूको योजना असहज लागेमा के गर्न सकिन्छ भनी पहिले नै योजना बनाउने।
- यात्रा थाल्नुअघि सम्पादक, सहकर्मी र परिवारलाई बताउने। उनीहरूसँग निरन्तर सम्पर्क गर्ने।

- आफ्नो गाडी/मोटरसाइकलमा जाने हो भने त्यसको अवस्था कस्तो छ र इन्धन पर्याप्त छ, कि छैन भनी हेर्ने ।
- यात्रा लामो छ भने निजी गाडीमै भए पनि चालक लिएर जाने ।
- गाडी/मोटरसाइकल सुरक्षित र उज्यालो ठाउँमा पार्क गर्ने ।
- गाडी/मोटरसाइकल लक गरेर राख्ने ।
- कुनै अपरिचित व्यक्तिले रोक्न इसारा गरे रोक्ने कि नरोक्ने भनी विचार गर्ने ।
- अपरिचित व्यक्तिको निजी गाडी/मोटरसाइकलमा चढ्नुअघि त्यसो गर्दा आफूलाई खतरा हुन्छ कि भनेर विचार गर्ने ।
- सार्वजनिक गाडीमा यात्रा गर्दा त्यसको नम्बर याद गर्ने ।
- आफू चढेको गाडीको ड्राइभरबाटै खतरा महसूस भएमा मानिस अलि धेरै भएको ठाउँ आएपछि रोक्न लगाउने र गाडीबाट ओर्लने ।
- ड्राइभरले नरोकेमा फोनबाट प्रहरी, कार्यालय वा परिवारलाई खबर गर्ने वा वरपरका पैदल यात्री, अरू गाडीका ड्राइभर/यात्रीलाई इशारा गरेर आफू असुरक्षित भएको जनाउ दिने ।
- यात्राका वेला कसैसँग वादविवाद र झगडा सकेसम्म नगर्ने ।
- धेरैलाई थाहा हुने गरी सामाजिक सञ्जालमा आफ्नो यात्रासम्बन्धी विवरण नराख्ने ।
- स्थानीय प्रशासन, प्रहरी, अधिकारकर्मी र पत्रकारको सम्पर्क नम्बर लिने र आवश्यक परे आफ्नो यात्राका बारेमा उनीहरूलाई बताउने ।
- यात्रा गर्दा कार्यालय, सहकर्मी र परिवारसँग बारम्बार सम्पर्क गरिरहने । गन्तव्यमा पुगिसकेपछि पनि जानकारी गराउने ।
- आफूले यात्रा गर्ने बाटोमा क-कसका के-कस्ता चेकप्वाइन्टहरू छन् र तिनमा के-कस्ता कागजपत्र चाहिन्छन् भनी पहिल्यै थाहा पाउने ।
- बास बस्नुअघि होटल, लज, गेस्टहाउस, घरका कोठाको अवस्था, सञ्चार सुविधा, सुरक्षा प्रबन्ध आदि सबै कुरा हेर्ने ।

## सञ्चार सम्पर्क

- आपत् पर्दा काम लाग्न सक्ने निम्न व्यक्ति/कार्यालयका सम्पर्क नम्बर साथमा राख्नेः
  - सम्पादक
  - सहकर्मी
  - कार्यालय
  - प्रहरी-प्रशासन
  - तत्काल सहायता गर्न सक्ने साथी, परिवार र आफन्त
  - पेशागत र अधिकारवादी संघसंस्था
  - राष्ट्रिय मानवअधिकार आयोग
  - विभिन्न हटलाइन सेवा
- सुरक्षामा उपयोगी मोबाइल एप्स प्रयोग गर्ने
- कतै जानुअघि सम्पादक, समाचार सम्पादक वा समाचार संयोजक तथा निश्चित सहकर्मी, साथी, परिवारका सदस्य र नातेदारलाई आफ्नो यात्रा योजनाको विवरण दिने । फर्केपछि सो कुरा बताइदिने ।
- वेला-वेलामा आफू कुन ठाउँमा छु, त्यहाँबाट कता जाँदै छु भनी सम्पादक, साथी र घरपरिवारलाई बताउने ।
- अवस्था हेरेर फोन, एसएमएस, इमेल अथवा सामाजिक सञ्जाल प्रयोग गरी आफ्नो यात्राका बारेमा बताउने ।

## स्रोतसँग भेटघाट र सम्पर्क

सूचना लिनका लागि स्रोतसँग भेटघाट र सम्पर्क गर्दा खतरा आइलाग्छ जस्तो लागेमा यी सावधानी अपनाउनुपर्छ :

- सकेसम्म एकान्त र सुनसान ठाउँमा नभेट्ने । खुला र मानिस आउजाउ गर्ने ठाउँ रोज्ने ।
- धेरै भीडभाडमा पनि नभेट्ने । यसो गर्दा सूचना लिन कठिन हुनसक्छ ।
- सकेसम्म दिउँसो भेट्ने ।
- स्रोतसँग भेटघाट गर्न लागेको ठाउँ, ऊसँग कुराकानी सक्न लाग्न सक्ने समयजस्ता कुरा सम्पादक तथा समाचार संयोजकलाई बताउने ।
- स्रोतसँग पेशागत व्यवहार गर्ने, नातेदारसँग जस्तो व्यवहार नगर्ने ।

## विरोध, द्वन्द्व र अपराधसम्बन्धी समाचार संकलन

भीडभाड, आन्दोलन, विरोध, युद्ध, द्वन्द्व, अपराध जस्ता विषय, क्षेत्र र घटनाको समाचार संकलन सुरक्षाको दृष्टिले सबै पत्रकारका लागि चुनौतीपूर्ण हुन्छ । यसबाट पत्रकार महिला पनि मुक्त रहन सक्दैनन् । यस्तोमा पत्रकार सीधै आक्रमणदेखि सुरक्षा निकायको कारबाहीसम्ममा पर्न सक्ने सम्भावना हुन्छ । कहिले त यस्तो अवस्थामा गम्भीर घाइते हुने र ज्यानै जाने सम्भावना पनि हुन्छ । यीबाहेक पत्रकार महिलामाथि यौन दुर्व्यवहार पनि हुनसक्छ ।

जुलुस र भीडभाडमा जाँदा निम्न कुरामा ध्यान दिनुपर्दछः

- पत्रकारको पहिचान जनाउने ज्याकेट र परिचयपत्र लगाउने । जुलूस उच्छृङ्खल भएका वेला र प्रदर्शनकारीहरूले पत्रकारले समाचार संकलन गरेको नरुचाएका वेला ज्याकेट लगाउँदा र परिचयपत्र झुन्ड्याउँदा जोखिम बढ्न सक्छ ।
- हिंसात्मक हुनसक्ने ठूला/साना जुलूस, सभाको रिपोर्टिङ गर्न जाँदा सकेसम्म एक्लै नजाने ।
- भीडको बीचमा नपस्ने, छेउछाउ र अघि पछि बस्ने ।
- प्रहरी र प्रदर्शनकारीको घेरामा नपर्ने र आवश्यक परेमा सुरक्षित निस्कन सकिने गरी बस्ने ।
- संघर्षरत कुनै पनि पक्षको विरोध वा समर्थनमा नलाग्ने, लागेको देखिने जस्तो गरी नबस्ने ।
- आन्दोलन, भीडन्तमा हुनसक्ने लाठीप्रहार, ढुंगामुढाबाट जोगिन आवश्यक परे हेलमेटको व्यवस्था गरेर जाने ।
- लाठीप्रहार भएमा प्रदर्शनकारी सँगसँगै भाग्ने भन्दा आफू रहेकै ठाउँमा बसेर परिचयपत्र देखाउने ।
- अश्रुग्याँसको असरबाट जोगिन मास्क, चश्मा र पानी लिएर जाने । आँखामा पानी छ्याप्दा र पानीले भिजाएको कपडाले आँखा पुछ्दा असर कम हुन्छ ।
- भीडभाडमा जाँदा भाग्न सकिने सजिलो पहिरन र जुत्ता लगाउने । साथमा छरितो झोला बोक्ने ।
- प्रहरी वा आन्दोलनकारीको घेराबन्दीमा पर्न सकिने अवस्थाका लागि पानी र सुक्खा खानेकुरा बोक्ने ।
- गोली चल्ने अवस्था भएमा प्रदर्शनकारी भएतिर सकेसम्म नबस्ने ।
- सुरक्षाकर्मीले पक्राउ गरेमा प्रतिवाद नगर्ने, नम्र रूपमा प्रस्तुत हुने, आफू पत्रकार भएको बताउने र माथिल्लो तहका प्रहरी अधिकारीसँग सम्पर्क गर्ने ।
- पक्राउ परेका खण्डमा रिहाइका लागि पहल गर्न र कानूनी सहायता लिन आफ्नो कार्यालय तथा पेशागत र अधिकारवादी संघसंस्थालाई गुहार्ने ।
- भीडभाडमा माइक, भ्वाइस रेकर्डर, क्यामेरा, नोटबूकलगायतका उपकरण र सामग्रीको सुरक्षा गर्ने । सकेसम्म साना र हलुका उपकरण प्रयोग गर्ने ।

- भीडले उग्र रूप लिनसक्छ कि भनी चनाखो रहने, तस्वीर र भिडियो खिच्दा सहकर्मीलाई आफ्नो वरपर ध्यान दिन भन्ने ।
- घटनास्थलमा हिंसा बढ्यो र त्यसले उग्र रूप लिने लक्षण देखियो भने तत्काल सुरक्षित स्थान खोज्ने ।
- सशस्त्र लडाइँ भएको वा युद्ध चर्केको क्षेत्रमा जाँदा त्यहाँ युद्धमा लागेका पक्षले के-कस्ता हतियार उपयोग गर्न सक्छन् र तिनले कति टाढासम्म प्रहार गर्न सक्छन् भन्ने कुरा थाहा पाउने ।
- गोली चलेका ठाउँमा परियो भने गोलीबाट जोगिन थुम्को, ढुङ्गा वा अन्य कुनै अग्लो र फराकिलो संरचनाको आड लिने ।

## प्राकृतिक विपत्मा सुरक्षा

- प्राकृतिक विपत् कस्तो हो (बाढी पहिरो, भूकम्प आदि), त्यसबारे स्पष्ट हुने ।
- विपत् आएको ठाउँको भौगोलिक अवस्थाबारे राम्रो जानकारी लिने ।
- विपत्स्थल पुग्ने बाटो सुरक्षित छ कि छैन र त्यहाँ जान यातायातको कुन साधन उपयुक्त हुन्छ, निश्चित गर्ने ।
- प्रकोपको जोखिम भएको ठाउँभन्दा अलि टाढै बस्ने । सुरक्षाकर्मीको घेरा नाघेर विपत् भएका ठाउँको धेरै नजिक नजाने ।
- मौसम र विपत्स्थलको भौगोलिक अवस्था सुहाउँदो जुत्ता, पहिरन लगाउने । आफूलाई आवश्यक पर्ने खानेकुरा लिएर जाने । स्थानीय पसलमा खानेकुरा किन्न पाइएला भनी आशा नगर्ने ।
- सम्भव भएसम्म पाल, म्याट्रेस, सञ्चार उपकरण र आवश्यक औषधि तथा प्राथमिक उपचार सामग्री लिएर जाने ।
- विपत् क्षेत्रमा कस्ता रोग लाग्न सक्छन् भनी थाहा पाउने र त्यसका लागि चाहिने औषधि, पानी सफा गर्ने झोल वा चक्की, स्यानिटरी सामग्री बोक्ने ।
- नजिकको अस्पताल वा उपचार केन्द्र कहाँ छ थाहा पाउने ।
- बासको लागि सुरक्षित ठाउँ खोज्ने । भूकम्प गएको ठाउँमा बस्नुपर्ने भएमा परकम्प आउँदा सुरक्षित हुन सकिने ठाउँ रोज्ने ।
- साथी, सम्पादक र परिवारसँग बारम्बार सम्पर्क गर्ने ।
- विपत्का आगामी परिणामबारे आधिकारिक निकाय र विज्ञहरूको चेतावनीलाई ध्यान दिने ।
- विपत् भोगेका मानिस कत्तिको आक्रोशित छन् भन्ने विचार गर्ने र उनीहरूप्रति समानुभूतिपूर्वक व्यवहार गर्ने । कोही रिसाए, आक्रोशित भए भने पनि आफू संयमित हुने ।
- पीडितको मनोबल खस्कने गरी प्रस्तुत नहुने । प्रश्न सोद्धा विचार पुऱ्याउने । कसैले बोल्न मानेन भने जोरजबर्जस्ती एवं वादविवाद र झै-झगडा नगर्ने ।

## यौन हिंसाको जोखिम

पत्रकार महिलामाथि यौन दुर्व्यवहार हुनसक्छ । यस्तो दुर्व्यवहार धेरैजसो कार्यालयमै हुने गरेको छ । रिपोर्टिङको काममा जाँदा र आउँदा पनि उनीहरूमाथि यौन दुर्व्यवहार र हिंसा हुन सक्छ ।

## के हो यौन दुर्व्यवहार ?

*कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७१ अनुसार* कसैले आफ्नो पद, शक्ति वा अधिकारको दुरुपयोग गरी, कुनै किसिमको दबाब, प्रभाव वा प्रलोभनमा पारी वा हतोत्साहित गरी कुनै कर्मचारी वा सेवाग्राहीलाई कार्यस्थलमा निम्न व्यवहार गरेमा त्यो यौन दुर्व्यवहार ठहरिन्छ :

- यौनजन्य आशयले शरीरको कुनै अङ्गमा छोएमा वा छुने प्रयास गरेमा ।
- अश्लील तथा यौनजन्य क्रियाकलापसँग सम्बन्धित शब्द, चित्र, पत्रपत्रिका, श्रव्य, दृश्य, अन्य सूचनाप्रविधि, साधन, वस्तु वा सामग्री प्रयोग वा प्रदर्शन गरेमा ।
- लेखेर, बोलेर वा इसाराले अश्लील तथा यौनजन्य आशय प्रदर्शन वा प्रकट गरेमा ।
- यौनजन्य आशयले जिस्क्याएमा वा हैरानी दिएमा ।

यौन प्रेरित आशयले हुने दुर्व्यवहार र हिंसाबाट बच्न पत्रकार महिलाले परिस्थितिअनुसार विभिन्न निर्णय लिनुपर्ने हुन्छ। देश-विदेशका पत्रकार र सुरक्षाकर्मीले आ-आफ्नो अनुभवको आधारमा यस्ता परिस्थितिमा अपनाउनुपर्ने केही उपाय अघि सारेका छन् । ती यस प्रकार छन्ः

- कामको समयअनुसार सावधानी अपनाउने ।
- स्थानीय संस्कृति र परम्पराका साथै सुरक्षालाई समेत ध्यानमा राखेर काम गर्ने ।
- आफूलाई कमजोर नदेखाउने, नहडबडाउने । हिंसा नसहने, हिंसाको खुलेर प्रतिवाद गर्ने ।
- हिंसा भएका खण्डमा प्रहरीमा तत्काल उजुरी गरिहाल्ने । उजुरी नगरे त्यसले थप हिंसा गर्न उत्प्रेरित गर्न सक्छ ।
- बस्ने कोठाको झ्याल ढोका राम्रोसँग बन्द गर्ने ।
- कसैले कोठा खोल्न आग्रह गरेमा सोधेर वा हेरेर को मान्छेले ढोका खोल्न भनेको हो बुझेर मात्र खोल्ने ।
- कसैले पिछा गरिरहेको जस्तो लागेको छ भने सजग हुने ।
- कसैले हिंसा गर्ने प्रयास गरेको खण्डमा प्रतिकार गर्ने, प्रतिकारमा डियोस्प्रे, सिट्ठी, अलि लामो खालको टर्चजस्ता वस्तु उपयोगी हुन सक्छन् ।[१]

### धम्की र चेतावनी

- मौखिक वा लिखित जुनसुकै रूपमा आए पनि धम्की र चेतावनीलाई गम्भीरतापूर्वक लिने ।
- चेतावनी वा धम्की आएमा प्रहरी, सम्पादक, सहकर्मी र परिवारलाई बताउने ।
- अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता वा मानवअधिकारका क्षेत्रमा आपत्कालीन सहयोग गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्था वा तिनका स्थानीय प्रतिनिधिलाई खबर गर्ने ।[२]
- धम्की, चेतावनीको रूपमा प्राप्त कागजात, हस्तलिखित पत्र, टेक्स्ट मेसेज, इमेल, फोन रेकर्ड सुरक्षित राख्ने । यसले धम्कीको स्रोत र सम्बद्ध पक्षबारे अनुसन्धान गर्न सहयोग पुऱ्याउँछ ।

---

[१] आक्रमणकारीलाई आँखामा डियोस्प्रे छर्किदिंदा उसले केही समय आँखा देख्न सक्दैन । यो मौकामा भाग्न, अरूलाई खबर गर्न र गुहार माग्न सकिन्छ । त्यस्तै, सिट्ठीले पनि अरूलाई सजग गराउन मद्दत गर्न सक्छ । टर्चले अँध्यारोमा त काम दिन्छ नै, परेको वेला आक्रमणकारीलाई हिर्काउन पनि काम लाग्छ ।

[२] यस्ता संघसंस्थाको सूची र तिनको सम्पर्क विवरणको लागि खण्ड ६ हेर्नुहोस् ।

## डिजिटल सुरक्षा

डिजिटल सुरक्षा भनेको मोबाइल, कम्प्युटरजस्ता उपकरणको प्रयोग एवं सामाजिक सञ्जालका सुविधा उपयोग गर्दा इन्टरनेटका माध्यमबाट हुनसक्ने र गर्न सकिने व्यक्तिगत सूचनाको चुहावट र चोरी तथा आफूमाथि हुनसक्ने दुर्व्यवहारका घटनाबाट बच्ने उपाय अपनाउनु हो ।

डिजिटल सुरक्षाका लागि निम्न कुरामा ध्यान दिनुपर्छ :

- मोबाइल प्रयोग गर्दा विशेष ध्यान पु¥याउने । मोबाइल बन्द भएको अवस्थामा समेत ट्र्याक हुनसक्ने उपकरण हो । यसमा संग्रहित फोटो, सूचना र भिडियो अरूले सजिलै लिन सक्छन् ।
- इमेल र सामाजिक सञ्जालमा अरूले अनुमान गर्न नसक्ने गरी अंक र अक्षर मिश्रित पासवर्ड राख्ने । जिमेल, फेसबुक आदिमा मोबाइल मेसेज आउने गरी दुई चरणको भेरिफिकेसन प्रणाली राख्दा अरूले पासवर्ड पाए पनि सुरक्षित हुन सकिन्छ ।
- कार्यालय वा अन्य ठाउँमा कम्प्युटर र इन्टरनेट चलाउँदा पासवर्ड सेभ नहुने गरी लगइन गर्ने र काम सकिएपछि लगआउट गर्न नबिर्सने । आफूले चलाएको प्रोग्राम र कम्प्युटर बन्द गरेका खण्डमा अझ बढी सुरक्षित हुन सकिन्छ ।
- सामाजिक सञ्जाल वा इमेलमा अपरिचित व्यक्तिले पठाएका, शंकास्पद फाइल कस्ता हुन् भनी विचार नगरी नखोल्ने । खोल्नैपर्ने भएमा एन्टी-भाइरस सफ्टवेयरले चेक गरेर र आईटी विज्ञसँग परामर्श गरेर खोल्नुपर्दछ ।

## तालीम–प्रशिक्षण

- सुरक्षा सम्बन्धी सामान्य जानकारी राख्ने ।
- सुरक्षासम्बन्धी तालीम-प्रशिक्षण लिने
- ‘फाइट व्याक’ सम्बन्धी तालीम लिने ।
- समय-समयमा पत्रकारिताको व्यावसायिक तालीम लिंदै आफ्नो सीप र दक्षता बढाउने ।

## प्राथमिक उपचारको ज्ञान

- प्राथमिक उपचारको छुट्टै तालीम लिने । नेपाल रेडक्रस सोसाइटी र सुरक्षा विज्ञहरूले यस्तो तालीम दिने गर्छन् ।
- प्राथमिक उपचारका लागि आवश्यक औषधि र सामग्री तयार राख्ने । यस्ता औषधि र सामग्रीका बारे नेपाल रेडक्रस सोसाइटी तथा सम्बन्धित विज्ञहरूबाट जानकारी लिन सकिन्छ ।

## सुरक्षा खतरा र आक्रमण भएपछि गर्नुपर्ने काम

### उजुरी र पैरवी

- सम्बन्धित प्रशासनिक/न्यायिक निकायमा उजुरी दिने ।
- आक्रमण र धम्कीविरुद्ध एकबद्ध भएर दबाब बढाउने ।
- घटनाबारे जवाफ दिनका लागि सम्बन्धित पक्षलाई बाध्य पार्ने ।

- सुरक्षाको व्यवस्था मिलाउन सरकारलाई दबाब दिने ।
- घटनामा कसले के गरे भनेर सबै कागजात तयार पारी प्रमाण सुरक्षित राख्ने ।

## मानसिक आघात तथा डिप्रेसनको उपचार

आक्रमण वा सुरक्षा खतरामा परेपछि आउन सक्ने मानसिक आघात तथा मनोसामाजिक समस्याको सामना गर्न निम्न काम गर्न सकिन्छः

- आफूलाई के भइरहेको छ भन्नेमा राम्रो ध्यान दिने ।
- मन मिल्ने वा आफूलाई विश्वास लाग्ने व्यक्ति (साथी वा आफन्त) सँग आफ्ना समस्या वा कठिनाइबारे कुराकानी गर्ने ।
- एक्लै नबस्ने, समूहमा घुलमिल हुने ।
- आफूसँग भएका सकारात्मक कुरा (सीप, ज्ञान, क्षमता आदि) सम्झिने र तिनमा केन्द्रित भएर रचनात्मक काम गर्ने ।
- आफ्नो रुचि अनुसार दैनिक डायरी लेख्ने, चित्र बनाउने, नियमित व्यायाम वा योग गर्ने ।
- मनोरञ्जन गर्ने । जस्तैः आफूलाई मनपर्ने फिल्म/टीभी कार्यक्रम हेर्ने, रेडियो वा गीत-संगीत सुन्ने, खेल खेल्ने, घुमफिर गर्ने ।
- आफूले कोशिश गर्दागर्दै पनि समस्या समाधान नभएमा मनोविमर्श सेवा लिने । यस्तो सेवा मनोविमर्श सेवा पुऱ्याउने संस्था, मानसिक रोगको उपचार गर्ने अस्पताल वा मानसिक स्वास्थ्यकर्मी, मनोसामाजिक-मनोवैज्ञानिक विमर्शकर्ताकहाँ गएर लिन सकिन्छ । [३]

---

[३] *लैङ्गिक हिंसा र मनोसामाजिक सहयोग* । २०७० । काठमाडौं : बहुसांस्कृतिक मनोसामाजिक संस्था ।




# खण्ड ४

# काम गर्ने वातावरण, सुविधा तथा व्यावसायिकता

# काम गर्ने वातावरण, सुविधा तथा व्यावसायिकता

पत्रकारको सुरक्षा काम गर्ने वातावरण, सुविधा र व्यावसायिकतासँग पनि जोडिएको हुन्छ। त्यसैले पत्रकारले यसलाई पनि वेलैमा आकलन गरेर सुरक्षित रहने उपाय अवलम्बन गर्नुपर्दछ। राज्यले नीतिगत व्यवस्था र अनुगमन गरेर, सञ्चारमाध्यमले नीति अनुसारको व्यवस्था गरेर, पेशागत संघसंगठनले ध्यानाकर्षण र दबाब सिर्जना गरेर पत्रकारमाथिको जोखिम घटाउनुपर्छ।

नेपालका सन्दर्भमा पत्रकार महिलाको सुरक्षाको कुरालाई बुझ्न र सुरक्षित वातावरण बनाउन धेरै खालका सामाजिक-सांस्कृतिक जटिलता हटाउनु जरूरी छ। घरपरिवारले महिला र पुरुषलाई समान व्यवहार गर्ने चलन बसाएर, सञ्चारमाध्यमले आफ्नो व्यवस्थापनलाई समतामूलक बनाएर र राज्यले सबै प्रकारका लैङ्गिक विभेद, दुर्व्यवहार र हिंसाको अन्त्य गरेर पत्रकार महिला सुरक्षित हुने वातावरण बनाउन सकिन्छ।

## आचारसंहिता तथा व्यावसायिकता

कतिपय अवस्थामा पत्रकार आफैंले आफ्नो पेशागत दायित्व र मर्यादाको ख्याल नगर्दा असुरक्षा हुन्छ। पत्रकारले व्यावसायिक भएर काम गर्नुपर्छ। त्यसो गरेन भने पत्रकार स्वतन्त्र होइन, स्वच्छन्द हुनपुग्छ र स्वच्छन्द भएर काम गर्न खोज्ने पत्रकारलाई सुरक्षा खतरा बढी हुन्छ। त्यसैले पत्रकारले आफ्नो व्यावसायिक काम र व्यक्तिगत व्यवहारमा पनि आचारसंहिता पालना गर्नुपर्दछ।

पत्रकारले आफ्नो काममा व्यावसायिक पत्रकारिताका प्रमुख आधार तथ्यपरकता, सन्तुलन र निष्पक्षतालाई कत्तिको पालना भएको छ भन्ने मनन् गर्दै निम्न कुरामा ध्यान दिनुपर्दछः

- पत्रकार आचारसंहिता पालन गर्ने।
- समाचार तथ्यपूर्ण, वस्तुनिष्ठ, सन्तुलित र विश्वसनीय हुनुपर्ने।
- समाचारका तथ्यविवरणको राम्रोसँग परीक्षण/पुनः परीक्षण गर्ने।
- कुनै पक्ष-विपक्षमा नलागी स्वतन्त्र रूपमा काम गर्ने।
- आफ्नो कामप्रति उत्तरदायी र जवाफदेही हुने।
- विविधतालाई स्थान दिने।
- 'अफ द रेकर्ड' भनेर दिइएको जानकारी र सूचनालाई प्रकाशन तथा प्रसारण नगर्ने।
- नाम दिन नमिल्ने अवस्थाको कसैको भनाइ वा सूचना दिंदा नाम उल्लेख नगर्ने।

## पेशागत तथा व्यक्तिगत सुरक्षा

पत्रकार महिलाले काम गर्ने ठाउँमा आफू सुरक्षित भएको अनुभूति गर्नुपर्छ। त्यस्तो अनुभूति गर्न समयमा पारिश्रमिक र अन्य आवश्यक सुविधा पाउनुपर्छ। घरपरिवार र समाजको सहयोग पाउनुपर्छ। कार्यस्थल लैङ्गिक दृष्टिले उपयुक्त हुनुपर्छ।

यसरी पत्रकार महिलालाई सुरक्षित भएर पेशामा अघि बढ्न निम्न कुरा आवश्यक हुन्छन्ः

- काम गर्ने ठाउँमा नियुक्तिपत्र पाउनुपर्ने ।
- कामको स्थायित्व हुनुपर्ने ।
- उचित र समान सेवा सुविधा हुनुपर्ने ।
- सुत्केरी, बिरामी लगायतका विदा पाउनुपर्ने ।
- समयमा पारिश्रमिक पाउनुपर्ने ।
- उचित पदीय हैसियत र जिम्मेवारी पाउनुपर्ने ।
- सुरक्षित भएर काम गर्ने वातावरण हुनुपर्ने ।
- लैङ्गिक दृष्टिले अनुकूल वातावरण हुनुपर्ने ।
- तालीम र अध्ययनको अवसर पाउनुपर्ने ।
- कार्यालयमा पर्याप्त भौतिक पूर्वाधार हुनुपर्ने ।
- यातायातको राम्रो प्रबन्ध हुनुपर्ने ।
- काम गर्न प्रेरणा जगाउने वातावरण हुनुपर्ने ।
- आफूसँग भएका सामग्री सुरक्षित हुनुपर्ने ।

यी कुराहरूको व्यवस्था गर्ने मुख्य दायित्व सञ्चारसंस्थाकै हो । तर यो कुरा सञ्चार संस्थालाई मात्रै छाडेर पूरा हुँदैन । राज्य, पेशागत/व्यावसायिक संघसंस्था र स्वयम् पत्रकारले पनि यस्ता कुरा यकिन गर्न एकताबद्ध प्रयास गर्नुपर्दछ ।

## लैङ्गिक चेतना तथा संवेदनशीलता

लैङ्गिक संवेदनशीलतालाई बुझ्ने वातावरण भएमा पत्रकार महिलाले काम गर्ने ठाउँमा कुण्ठित हुनुपर्दैन । उनीहरू विना विभेद सुरक्षित अनुभव गर्न पाउँछन् । यसका लागि युनेस्कोले सन् २०१२ मा मिडियाका लागि लैङ्गिक सचेतनाका सूचकहरू तयार पारेको छ ।

ती सूचक कार्यान्वयन गर्न सञ्चारसंस्थालाई निम्न सुझाव दिइएको छः

- नीति निर्माण तहमा लैङ्गिक समानता,
- कार्य र कार्य क्षेत्रमा लैङ्गिक समानता,
- सुरक्षित काम गर्ने वातावरणमा लैङ्गिक समानता,
- पारिश्रमिकमा लैङ्गिक समानता, र
- काम तथा जीवनको सन्तुलनमा लैङ्गिक समानता ।

नेपाली पत्रकार महिलाको सुरक्षा पनि यिनै पाँच कुरामा जोडिएको छ । नीति निर्माण तहमा लैङ्गिक समानता भएमा मिडियामा महिलाको समान अधिकार सुरक्षित हुन्छ । कार्य र कार्यक्षेत्रमा लैङ्गिक समानता भएमा महिलाले निर्धक्कसँग पुरुष सरह काममा ध्यान दिन पाउँछन् । कार्यालयमा लैङ्गिक संवेदनशीलताको दृष्टिले सुरक्षित भएर काम गर्ने वातावरण भएमा पत्रकार महिलाले आफूमाथि यौन दुर्व्यवहार र हिंसा हुनसक्छ भन्ने चिन्ताबाट मुक्त भएर काम गर्न सक्छन् । महिला र पुरुषका लागि समान पारिश्रमिकको व्यवस्था लागू भएमा कसैले पनि कसैसँग लिङ्गका आधारमा हेपिएर काम गर्नुपर्दैन ।

महिला र पुरुषका लागि काम र जीवनको सन्तुलनको व्यवस्था गरिएमा परम्परागत रूपमा महिलामा मात्र थोपरिएको सन्तानको रेखदेख र चिन्ताको भार पुरुषमा समेत बाँडिन जान्छ र महिलाले समान रूपमा काम गर्ने अवसरको सदुपयोग गर्न पाउँछन् । पत्रकार महिलाले प्रजनन् स्वास्थ्यसित जोडिएका शारीरिक र प्राकृतिक अवस्थाका कारण मिडियाको रोजगारीमा असुरक्षाको अनुभव गर्नुपर्दैन ।

| मिडियामा लैङ्गिक विषयमा चेतनाका मुख्य सूचक र सुरक्षासित तिनको सम्बन्ध | |
|---|---|
| नीति निर्माण तहमा लैङ्गिक समानता | महिलाले पुरुषबराबर अधिकार पाउने |
| कार्य र कार्यक्षेत्रमा लैङ्गिक समानता | निर्धक्क भएर मिडियामा काम गर्न सकिने |
| सुरक्षित काम गर्ने वातावरणमा लैङ्गिक समानता | अनुपयुक्त संरचनागत असुरक्षाबाट मुक्ति पाइने |
| पारिश्रमिकमा लैङ्गिक समानता | आर्थिक असुरक्षा र अपमान सहनु नपर्ने |
| काम र जीवनको सन्तुलनको व्यवस्थामा लैङ्गिक समानता | प्रजनन् स्वास्थ्य र सन्तानको रेखदेखको कामले रोजगारीमा असुरक्षा नहुने |

कार्य र कार्यक्षेत्रमा लैङ्गिक सचेतनाका सूचकहरू यस्ता छन्ः

- लैङ्गिक ‘फोकल युनिट’ स्थापना गरिएको छ कि छैन ?
- सबै लिङ्गका कर्मचारीको सरोकारलाई समान रूपमा लिनुपर्छ भन्ने चेतना छ कि छैन ?
- कार्य क्षेत्रमा लैङ्गिक समानताको अनुगमन र मूल्याङ्कन गर्ने व्यवस्था छ कि छैन ?
- सञ्चार संस्थाका सबै तहमा महिला र पुरुषको अनुपात बराबर छ कि छैन ?
- समाचार कक्ष र उत्पादन कक्षजस्ता विभागमा महिला-पुरुषको अनुपात बराबर छ कि छैन ?
- महिला सङ्ख्या बढाउन चालिएका कदमको आवधिक समीक्षा र रिपोर्टिङ हुन्छ कि हुँदैन ?
- समान व्यवहार सुनिश्चित गर्ने समतामुखी सञ्चार नीति छ कि छैन ?
- समान पारिश्रमिक र बढुवाका अवसरको आवधिक समीक्षा र रिपोर्टिङ हुन्छ कि हुँदैन ?
- पदोन्नति भएका र तलबभत्ता बढेकाको वार्षिक लैङ्गिक अनुपात बराबरी छ कि छैन ?
- पत्रकार र कर्मचारी भर्नामा समानता र पारदर्शी अभ्यास गरिएको छ कि छैन ?
- महिला र पुरुषबीच समान व्यवहार गर्न सबैको चेतना र सहमति छ कि छैन ?
- लैङ्गिक समानताको नीति महिला विरुद्ध सबै किसिमका भेदभाव निर्मूलनसम्बन्धी महासन्धि (CEDAW) का प्रावधान अनुकूल छन् कि छैनन् ?[१]
- जनशक्ति नीति र व्यवहार समान छ कि छैन ?
- आंशिक करारका कर्मचारीको लैङ्गिक अनुपात बराबर छ कि छैन ?
- विभिन्न विषयमा रिपोर्टिङ गर्ने पत्रकारको लैङ्गिक अनुपात बराबर छ कि छैन ?
- समाचारका सबै विषयमा महिलाको संलग्नता बढाउन गरिएका कामको आवधिक समीक्षा र रिपोर्टिङ हुन्छ कि हुँदैन ?

लैङ्गिक विषयमा चेतनाका यी सूचकका आधारमा पत्रकार महिला कत्तिको समान वा भेदभावमूलक अवस्थामा काम

[१] महिलाविरूद्ध सबै किसिमका भेदभाव निर्मूलनसम्बन्धी महासन्धि (Convention on the Elimination of All Forms of Discrimination Against Women) ले यसका पक्ष राष्ट्रलाई महिलाविरूद्ध हुने सबै खालका भेदभावको निन्दा गर्दै तिनलाई निर्मूल गर्न उपयुक्त नीति तथा उपाय अवलम्बन गर्ने बाध्यकारी व्यवस्था गरेको छ । महासन्धिले राजनीति र सार्वजनिक जीवन, आर्थिक र सामाजिक जीवन, परिवार र पारिवारिक सम्बन्ध, शिक्षा, रोजगारी, स्वास्थ्य उपचार, कानूनअनुसार गरिने व्यवहार आदिमा महिलाको समान अधिकार तथा बेचबिखन र यौन शोषणबाट महिलाको सुरक्षा सुनिश्चित गरेको छ ।

गरिरहेका छन् भन्ने बुझ्न सकिन्छ। आर्थिक, शारीरिक र मानसिक रूपमा समान अवस्थामा भए पत्रकार महिला सुरक्षित हुन्छन् भने भेदभाव भए उनीहरू असुरक्षित हुन्छन्।

यौन दुर्व्यवहारका मामिलामा अन्यत्र भन्दा सञ्चार कार्यालयमै पत्रकार महिला बढी खतरामा छन्। त्यसले महिलाका लागि कार्यालयभित्रकै वातावरण असुरक्षित रहेको देखाउँछ। सञ्चारमाध्यममा यस्तो विषयमा सुनुवाइ हुने संरचना बनेको छैन। लैङ्गिक विषयमा चेतना कम छ। सञ्चारमाध्यमका पदाधिकारी यस विषयमा संवेदनशील र समझदार बनिसकेका छैनन्। यस विषयमा उठाइएका काम प्रभावकारी हुनसकेका छैनन्। तिनको अनुगमन र रिपोर्टिङको व्यवस्था भइसकेको छैन।

मञ्जु थापाले २०१५ मा प्रस्तुत गरेको एक कार्यपत्र अनुसार पत्रकार महिलाले आफ्नो रिपोर्टिङका सम्बन्धमा भन्दा ज्यादा अनुहार, शारीरिक बनावट, पहिरन वा फेसनका सम्बन्धमा अनलाइन कमेन्ट पाउने गर्दछन्। मोबाइल फोन, इन्टरनेट, इमेल, फेसबुक, ट्वीटर, ब्लग मार्फत उनीहरूलाई धाकधम्की दिने, गालीगलौज गर्ने, अपमानित गर्ने वा अस्वस्थ टिप्पणी गर्ने प्रचलन बढिरहेको छ। यस्तो स्थिति अन्त्य गर्न सरकारी, गैरसरकारी संस्था र सञ्चारसंस्थाले कानून बनाउनु, लागू गर्नु र अरू किसिमका काम गर्नुपर्छ।

पीडितलाई नै दोष दिने र पीडितकै चरित्रहत्या गर्ने सामाजिक-सांस्कृतिक चलनले महिलाहरू आफूमाथि भएका हिंसाका बारेमा कुनै समिति, पेशागत युनियनलाई बताउन चाहँदैनन्। त्यस्ता हिंसाका विरुद्ध प्रहरी वा अन्य कुनै निकायमा जाहेरी दिन चाहँदैनन्।

आईएफजेको सर्वेक्षणमा उल्लिखित यो तथ्यले नेपालका केही पत्रकार महिलाले सतहमा देखिने मात्र होइन, नदेखिने र देखाउन नचाहने खालको असुरक्षाको वातावरणमा काम गरिरहेको प्रष्ट गर्दछ। राज्य संयन्त्र र व्यवस्थापनबाट समर्थन नपाएको अवस्थामा यसले उनीहरूको व्यावसायिक सीप र दक्षतालाई खार्न भन्दा पनि खस्काउँदै लैजान सक्छ। यो झनै खतरनाक पक्ष हो।

यस्तो स्थिति आउन नदिन निम्न कुरामा ध्यान दिनुपर्दछः

- लैंगिक हिंसाबारे थाहा पाउने।
- असहज व्यवहार नसहने।
- बढी हिंसा हुने ठाउँ कुन हो थाहा पाउने।
- हिंसा हुनासाथ सम्बन्धित निकायमा उजुरी गर्ने।

## व्यावसायिक सीप र दक्षता

समतामूलक समावेशी सहभागिताको आधारमा पत्रकारितामा प्रवेश गरेको जो कोहीले पनि व्यावसायिक सीप र दक्षता तिखार्न नसक्ने, नखोज्ने हो भने विभिन्न तरीकाले असुरक्षा बढ्ने सम्भावना हुन्छ।

पत्रकार महिलाको सुरक्षामा पत्रकार आफैं, सम्बन्धित सञ्चारसंस्था, राज्य, नियामक निकाय, पेशागत-व्यावसायिक संघसंस्था लगायत अन्य र सरोकारवालाको संस्थागत दायित्व पनि जोडिन आउँछ।

## पत्रकार महिलाको दायित्व

- व्यावसायिक नभएर काम गर्दा हुनसक्ने सुरक्षा चुनौती के-के हुन्छन् भन्नेमा ध्यान दिने ।
- व्यावसायिक नभएर काम गर्दा असुरक्षा अझ बढ्न सक्छ भनी सचेत हुने ।
- सीप र दक्षता नहुँदा समाचार अपुरो, असन्तुलित र एकपक्षीय हुनसक्ने र त्यसले पनि असुरक्षा बढाउन सक्ने हुनाले दक्षता र सीप बढाउन मिहिनेत गर्ने ।
- आफ्नो क्षमता र रुचि भएको क्षेत्रको जिम्मेवारी लिने ।
- कार्यालय, कार्यस्थल वा अन्यत्र कतै आफू कत्तिको सुरक्षित छु भन्ने कुराको ख्याल गर्ने, असुरक्षित महसूस भएमा सावधानीका उपाय अपनाउने ।
- कुनै सहकर्मीले जिस्क्याउने, हतोत्साही पार्ने, दुर्व्यवहार गर्ने वा हिंसा गर्ने काम गरेमा बैठकमा कुरा उठाउने ।
- कार्यालयभित्रको वातावरण सुधार गर्न सामूहिक पहल गर्ने ।
- आफ्नो शारीरिक समस्या वा अवस्थाका कारण काम गर्न गाह्रो भएको छ भने अप्ठ्यारो नमानी भन्ने ।
- पेशागत एवं व्यावसायिक आचार र व्यवहार प्रदर्शन गर्ने ।
- समाचारका स्रोत वा सहकर्मीसँग निजी र व्यावसायिक सम्बन्धको दायरा तय गर्ने ।
- महिला भएकै कारण पेशागत काममा छूट हुन्छ भन्ने आग्रह नराख्ने ।

## सञ्चारसंस्थाको दायित्व

- खतराको आकलन गर्न सम्पादकले राय सल्लाह दिने ।
- पत्रकार महिलाको क्षमता र वृत्ति बढाउन व्यावसायिक तालीम तथा प्रशिक्षण चलाउने ।
- पत्रकारलाई अत्यावश्यक सुरक्षा र प्राथमिक उपचारसम्बन्धी तालीमको व्यवस्था गर्ने ।
- धम्की, चेतावनी वा असुरक्षाको कुनै घटनाले तनाव र आघात बेहोरिरहेका पत्रकारका कुरा सुन्ने, उनीहरूलाई आराम गर्न दिने र परेमा मनोविमर्श सेवा उपलब्ध गराउने ।
- कार्यस्थललाई लैङ्गिक दृष्टिले अनुकूल बनाउने ।
- सञ्चार संस्थामा लैङ्गिक दृष्टिले अनुकूल अभिमुखीकरण तालीम चलाउने ।
- निर्णायक तहमा बढीभन्दा बढी महिलालाई स्थान दिने ।
- दुर्व्यवहार रोक्न संस्थागत प्रक्रिया सुदृढ गर्ने र सुधारात्मक उपाय अवलम्बन गर्ने ।
- सुरक्षित र व्यवस्थित यातायातको प्रबन्ध गर्ने ।
- गुनासो सुनुवाइको व्यवस्था गर्ने ।
- पत्रकार महिलाले दुर्व्यवहार भएको उजुरी दिएमा आन्तरिक कारबाही र कानूनी उपचारका लागि सिफारिश गर्ने ।
- पत्रकार महिलालाई बिहान सबेरै र राति अबेरसम्म कामको जिम्मेवारी दिंदा सुरक्षालाई ध्यान दिने । रात-बिहानको समयमा काम लगाउनुपरेमा अफिस ल्याउने र घर पुर्‍याउने व्यवस्था गर्ने ।
- कामको जिम्मेवारी तोक्दा पुरुष र महिलाभन्दा पनि क्षमता र अनुकूलताका आधारमा तोक्ने ।
- महिलाले सक्दैनन् भनेर ठूला र चुनौतीपूर्ण काम नलगाउने प्रवृत्ति हटाउने ।

- शौचालयलगायतका भौतिक संरचनालाई महिलाका लागि अनुकूल बनाउने ।
- सञ्चारसंस्थामा शिशु स्याहार तथा बाल स्याहार केन्द्र स्थापना गर्ने ।
- महीनावारी वा गर्भवती भएको वेला आवश्यकता अनुसार आराम गर्ने व्यवस्था मिलाउने ।
- पत्रकार सबै हिसाबले सुरक्षित हुनेछन् भनी विश्वस्त हुन आवश्यक पर्ने सुरक्षा पहिरन, सञ्चार साधनको व्यवस्था गर्ने ।
- मान्य प्रचलनअनुसार पत्रकारको बीमा गर्ने ।
- पत्रकारलाई कुनै समस्या परेमा सम्बन्धित सुरक्षा र अन्य सरकारी अधिकारी, मानवअधिकारवादी संगठन, राष्ट्रिय-अन्तर्राष्ट्रिय संघसंस्था तथा परिवारसँग तत्काल सञ्चार सम्पर्कका सबै विकल्प खुला राख्ने, जसले गर्दा परेका वेला उद्धार गर्न सकियोस् ।
- पत्रकारलाई नियुक्ति दिने । कुनै विशेष रिपोर्टिङ, भ्रमण वा काममा खटाइएको छ भने सम्बन्धित सबैसँग सहयोगको आह्वान गरिएको पत्र दिने ।
- पत्रकारलाई आपत्कालमा चलाउन चाहिने पर्याप्त पैसा दिने । समाचार संकलन गर्न जाँदा लाग्ने सबै खालका खर्चको समयमै भुक्तानी दिने ।

## राज्यको दायित्व

- मिडिया र लैंगिकतासम्बन्धी नीति तथा कानून बनाई लागू गर्ने ।
- सार्वजनिक सुरक्षाको अनुभूति गराउने ।
- पत्रकार महिलाको सुरक्षालाई विशेष प्राथमिकता दिने ।
- पत्रकार महिलाको उजुरीलाई गम्भीरतापूर्वक छानबिन गरी दोषीलाई कारबाही गर्ने ।
- सार्वजनिक यातायातका साधनलाई महिलाका लागि उपयुक्त र सुरक्षित बनाउने ।
- महिलाका लागि काम गर्न प्रतिकूल र असहयोगी सञ्चारमाध्यमलाई राज्यबाट सुविधा उपलब्ध नगराउने ।




# खण्ड ५

# अधिकार र सीमा

# अधिकार र सीमा

सुरक्षित रूपले पत्रकारिता गर्न पत्रकार महिलाले आफ्ना अधिकार र सीमालाई ठम्याउँदै कस्तो सुरक्षा प्रबन्धका बीच काम गर्ने भनेर स्पष्ट हुनु जरूरी छ । यसका लागि पत्रकारले अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता, सामाजिक तथा पेशागत दायित्व, श्रमजीवी पत्रकारका हकहित लगायत आफ्नो क्षेत्रसँग सम्बन्धित र प्रयोगमा आइरहने अन्तर्राष्ट्रिय अभिसन्धि तथा घोषणामा उल्लेख भएका आफ्ना अधिकार र सीमाबारे थाहा पाउनुपर्छ । त्यस्तै देशको संवैधानिक तथा कानूनी व्यवस्था र पत्रकारको व्यावसायिक आचारसंहिताबारे पनि थाहा पाउनुपर्छ ।

आफ्ना अधिकार र सीमाबारे थाहा पाएपछि तिनलाई ध्यानमा राखेर व्यावसायिक रूपमा आत्मविश्वासका साथ तथ्यपरक, सन्तुलित र निष्पक्ष पत्रकारिता गर्न सहयोग पुग्छ । पत्रकारले सम्प्रेषण गर्ने समाचार, लेख्ने लेख-रचना, प्रस्तुत गर्ने कार्यक्रम जति कम विवादास्पद र बढी सन्तुलित एवं विश्वसनीय हुन्छन्, पत्रकारमाथि डरत्रास त्यति नै कम हुन्छ । यति गर्दा पनि सुरक्षा चुनौती आउँछ भने त्यसको सामना गर्न तयार हुनुपर्दछ ।

राष्ट्रिय-अन्तर्राष्ट्रिय कानून, आचारसंहिता, घोषणापत्र र अभिसन्धिले पत्रकारिता तथा आमसञ्चारमाध्यमलाई कम विवादास्पद र बढी यथार्थपरक, सन्तुलित एवं निष्पक्ष बनाउन सघाउँछन् । यिनले पत्रकारको कामलाई सहज बनाउन पनि उत्तिकै सहयोग पुऱ्याउँछन् । साथै कहीं कतै अवरोध भएमा यिनको सहयोगमा कानूनी उपचार पनि खोज्न सकिन्छ ।

## अन्तर्राष्ट्रिय घोषणापत्र र अभिसन्धि

पत्रकारले कामको सिलसिलामा मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ र मानवअधिकार तथा मौलिक स्वतन्त्रताको संरक्षण सम्बन्धी युरोपेली अभिसन्धि १९५० जस्ता दस्तावेजमा उल्लिखित हाम्रो पेशा-व्यवसाय र कामकारबाहीसँग सम्बन्धित प्रावधानबारे थाहा पाउनुपर्छ ।

यी घोषणापत्र, प्रतिज्ञापत्र र अभिसन्धिमा निम्न अधिकार, कर्तव्य तथा उत्तरदायित्वबारे स्पष्ट पारिएको छः

### अधिकार

- विचार तथा अभिव्यक्ति स्वतन्त्रता,
- विनाहस्तक्षेप बोल्न पाउने अधिकार,
- मागेको सूचना पाउने अधिकार,
- सूचना प्रकाशन तथा प्रसारण गर्न पाउने अधिकार ।

### कर्तव्य र उत्तरदायित्व

- अरूको अधिकार र प्रतिष्ठाको सम्मान गर्ने ।
- राष्ट्रिय सुरक्षा वा सार्वजनिक सुव्यवस्थाको संरक्षण गर्ने ।
- नैतिकता र जनस्वास्थ्यमा खलल नपुऱ्याउने ।
- हिंसा र अपराधलाई प्रोत्साहन नगर्ने ।
- गोपनीयताको सम्मान गर्ने ।

## संवैधानिक र कानूनी व्यवस्था

पत्रकारले पत्रकारितासँग जोडिएका प्रचलित संवैधानिक र कानूनी व्यवस्थाबारे पनि थाहा पाउनुपर्छ । नेपालको अन्तरिम संविधान २०६३ को धारा १५ मा सामग्री प्रकाशन-प्रसारणमा पूर्व प्रतिबन्ध लगाउन नपाइने र त्यसो गरेबापत सञ्चारमाध्यम बन्द, जफत वा दर्ता खारेज नगरिने व्यवस्था छ। तर, नेपालको सार्वभौमसत्ता वा अखण्डतामा आँच पुग्ने, जात, जाति वा सम्प्रदायबीचको सम्बन्धमा खलल आउने, राज्यद्रोह, अदालतको अवहेलना, अपराधलाई प्रोत्साहन तथा सार्वजनिक शिष्टाचार वा नैतिकता प्रतिकूल हुने विषयमा प्रतिबन्ध लगाउन सकिने प्रावधान पनि संविधानमा छ।

यस अतिरिक्त पत्रकारले आफ्नो पेशागत र व्यावसायिक दायित्वसँग सम्बन्धित छापाखाना तथा प्रकाशन, प्रसारण, श्रमजीवी पत्रकार, सूचनाको हक, गाली बेइज्जती, प्रतिलिपि अधिकार, अदालतको अपहेलना र संसद्को विशेषाधिकार सम्बन्धी ऐन, नियमावली र अन्य कानूनी व्यवस्थाबारे पनि थाहा पाउनुपर्छ।

## आचारसंहिता

पत्रकार आचारसंहितामा पत्रकारका सीमा र कर्तव्य उल्लेख गरिएका हुन्छन् । विश्वका धेरै देशका पत्रकार र पत्रकारितासम्बन्धी संघसंस्थाको आचारसंहिताको प्रेरकको रूपमा रहेको *अमेरिकन सोसाइटी अफ न्यूजपेपर्स एडिटर्स* को सिद्धान्त १९२२ (सन् १९७५ मा संशोधित) ले पत्रकारितामा उत्तरदायित्व, प्रेस स्वतन्त्रता, स्वाधीनता, सत्य र यथार्थ, निष्पक्षता, स्वच्छता जस्ता कुरामा जोड दिएको छ।

सन् १९८३ मा युनेस्कोले पत्रकारिताका पेशागत नैतिकतासम्बन्धी अन्तर्राष्ट्रिय सिद्धान्त जारी गरेको छ, जसमा जनताको सही सूचना पाउने अधिकार, वस्तुगत सत्यप्रति पत्रकारको समर्पण, सामाजिक उत्तरदायित्व, पेशागत इमानदारिता, सार्वजनिक पहुँच र सहभागिता, गोपनीयता र मानवीय मर्यादा, सार्वजनिक हित, विश्वव्यापी मान्यता र सांस्कृतिक विविधता, शान्ति र मानवीयता जस्ता बुँदा समेटिएका छन्।

नेपालमा हाल पत्रकार आचारसंहिता २०६० (संशोधित तथा परिमार्जित २०६४) प्रचलनमा छ। सबै नेपाली पत्रकार र मिडियाका लागि मार्गदर्शकका रूपमा रहेको यस आचारसंहितामा पत्रकार र आमसञ्चारमाध्यमले गर्नुपर्ने र गर्न नहुने काम बारे उल्लेख छ।

प्रेस काउन्सिल नेपालले हाल प्रचलित आचारसंहितालाई परिमार्जन गर्ने प्रक्रिया शुरू गरेको छ । कानून तथा आचारसंहिता विज्ञ टोबी मेण्डलले आचारसंहिताको मूल उद्देश्य मिडियाको व्यावसायिक प्रवर्द्धनमार्फत अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्ने हुनुपर्छ भनेका छन्।

मेण्डलले पत्रकार आचारसंहितामा निम्न कुरामा ध्यान दिन सुझाव दिएका छन् :

- शीर्षक विधि संहिता राख्ने।
- पत्रकारलाई व्यक्तिगत रूपमा जिम्मेवार बनाउनुभन्दा सञ्चारमाध्यमलाई नै जिम्मेवार बनाउने।
- समाचार सामग्रीका साथै मनोरञ्जनात्मक, शैक्षिक लगायत सबै सामग्रीमा आचारसंहिता लागू गर्ने।
- सार्वजनिक हितलाई स्पष्ट परिभाषित गर्ने।
- चुनावी समाचार संकलन सन्तुलित र निष्पक्ष हुनुका साथै सबै राजनीतिक पार्टी समेटिएको हुनुपर्ने।
- मिडियामा चुहिएर आएका सूचनाको प्रवाह, दुःख, क्षति र पीडाजस्ता घटनाको समाचार संकलन, समाचारमा लेनदेन, गलत र गोप्य ढंगमा गरिने रेकर्ड, भाषाको प्रयोग, हिंसा, अपराध, असामाजिक र अन्य हानिकारक व्यवहारको चित्रण, सूचनाको स्रोतका रूपमा बालबालिकाको उपयोग र उनीहरूलाई हानि हुने खालका सामग्रीको प्रकाशन-प्रसारण सम्बन्धमा ठोस नियम हुनुपर्ने।



# खण्ड ६

# हटलाइन, कानूनी सहयोग र उद्धार

# हटलाइन, कानूनी सहयोग र उद्धार

पत्रकार महिलाको सुरक्षा सम्बन्धी सूचना र परेको अवस्थामा केही आपत्‌कालीन सहयोग लिन सकिने संस्था छन्। ती संस्थामा सम्पर्क गरेर उनीहरूले के कस्तो सहयोग उपलब्ध गराउँछन् भन्ने जानकारी लिनुका साथै सहयोग प्राप्त गर्न सकिन्छ।

| Organization | Contact person | Contact Number | Email Address |
|---|---|---|---|
| National Human Rights Commission (NHRC) | Smriti Giri | 9849543898<br>Hotline: 5010000 | nhrc@nhrcnepal.org<br>smrtgr882@gmail.com |
| Press Council Nepal | Borna Bahadur Karki, Chairperson | 9851094207 | bornakarki@yahoo.com |
| Minimum Wage Fixation Committee (MWFC) | Poshan KC, Chairperson | 9851040771 | kcposhan15@gmail.com |
| Nepal Police, Human Rights Unit | Ram Datt Joshi, SP | 01-4411618/01-4411210<br>Ext. 124,125,138 | hrcell@nepalpolice.gov.np |
| Nepal Police, Women Cell | Mingmar Lama, DIG | 01-4414745 | cwcell@nepalpolice.gov.np |
| National Women Commission | Manu Humagain, Spokesperson | 01-4256701/01-4259411<br>01-4257582 | info@nwc.gov.np |
| Ministry of Information and Communication (MoIC) | Yadhu Prasad Panthi, Under Secretary | 9851223345 | yadupanthi@yahoo.com |
| Federation of Nepalese Journalists (FNJ) | Mahendra Bista, President | 01-4112763/9851065938 | fnjnepal@mail.com.np<br>mahendrabista@yahoo.com |
| Sancharika Samuha | Nirmala Sharma, President | 01-5551182/01-5011317 | sancharika@wlink.com.np |
| Working Women Journalists | Suvekshya Bindu Tuladhar | 01-6213545 | wwjnepal2006@gmail.com |
| Women Rehabilitation Centre | Renu Adhikari | 01-5006373/01-5006374<br>Hotline: 16600178910 | ics@worecnepal.org |
| Freedom Forum | Taranath Dahal, President | 01-4102022/9851061389 | monitoring@freedomforum.org.np<br>tndahal@yahoo.com |
| Media Advocacy Group (MAG) | Babita Basnet, President | 01-5011793 | maggroup08@gmail.com |
| Nepal Bar Association, Access to Justice Programme | Raj Kumar Khadka | 01-4253896/01-4254647 | nebaajp@wlink.com.np |
| Informal Sector Service Centre (INSEC) | Bijaya Raj Gautam, Executive Director | 01-4278770/9851058455 | insec@insec.org.np<br>bijaya@insec.org.np |
| Centre for Media Freedom (CMF) | Dhrubahari Adhikary, President | 01-5527576/9851073626 | cmfnepal2015@gmail.com |

| Organization | Contact person | Contact Number | Email Address |
|---|---|---|---|
| Association of Community Radio Broadcasters (ACORAB) | Mohan Chapagain, President | 9851001577 | acorabed@gmail.com |
| Federation of Nepal Indigenous Journalists (FONIJ) | Rajesh Chamling | 01-4256569 | fonij,center@gmail.com |
| Jagaran Media Centre (JMC) | Rem Bahadur BK, President | 9851086809 | rembk@jagaranmedia.org.np |
| UNESCO Kathmandu Office | Laxman Datt Pant, Coordinator-Safety of Journalists | 01-5554396/9851033539 | ld.pant@unesco.org<br>laxmankasyap@gmail.com |
| Madheshi Journalists Association | Pankaj Das, President | 9802048550<br>Hotline: 9801571007 | pankajdas9999@gmail.com |
| Reporters Without Borders | Binod Dhungel | 9851059922 | rsfnepal@gmail.com<br>dhungelbinod@yahoo.com |
| International Federation of Journalists (IFJ) | Ujjwal Acharya | 9851172148 | ujjwal.acharya@gmail.com |
| Article 19, South Asia Office | Tahmina Rahman, Director | +880-2-9129370 | tahmina@article19.org |
| Centre for Law and Democracy | Toby Mendol | 001-902-4313688 | toby@law-democracy.org |
| AMARC | Suman Basnet | 9851023499 | sumanbasnet@amarc-ap.org |



# खण्ड ७

## सन्दर्भ-सामग्री

# सन्दर्भ–सामग्री

## नेपालीमा


अर्याल, कुन्दन, मगर, उजिर र घिमिरे, समीर । सन् २०१४ । *प्रेस स्वतन्त्रता हननृको अनुगमनका लागि संस्थागत ढाँचासम्बन्धी साझा मानदण्ड* । काठमाडौं : युनेस्को काठमाडौं कार्यालय तथा नेपाल पत्रकार महासंघ ।

*काठमाडौं उपत्यकामा कार्यरत महिला सञ्चारकर्मीको अवस्था* । २०६८ । ललितपुर : सञ्चारिका समूह ।

केसी, भुवन । २०७० । पत्रकारितामा आचारसंहिता । दीपक अर्याल, भुवन केसी र तिलक पाठक (सं.) । *मिडिया रिडर* (पृ.३२१-३४१) । ललितपुर : जगदम्बा प्रकाशन ।

खड्का, संगीता । २०६६, माघ-चैत । पत्रकार महिलाको मर्म । *संहिता (पृ. २७-२८)* । काठमाडौं : प्रेस काउन्सिल नेपाल ।

*तराई मधेशमा कार्यरत पत्रकार महिलाहरूको भौतिक एवं पेशागत सुरक्षा स्थितिबारेको सर्वेक्षण प्रतिवेदन* (अप्रकाशित) । २०७२ । काठमाडौं : युनेस्को काठमाडौं कार्यालयका लागि फ्रिडम फोरम तथा मधेशी पत्रकार संघ ।

थापा, मञ्जु । सन् २०१५ । मिडियामा लैङ्गिक समानता र पत्रकार महिलाको सुरक्षा । Retrieved August 12, 2015, from http://cemfree.org.np/content/paper-presentations.

दाहाल, काशीराज । २०५८ । *आमसञ्चार कानून* । काठमाडौं : नेपाल प्रेस इन्स्टिच्यूट ।

द्वन्द्व संवेदनशील पत्रकारिता सहयोगी पुस्तिका । २०६९ । काठमाडौं : इन्टरनेसनल एलर्ट, नेपाल पत्रकार महासंघ, इक्वल एक्सेस र द युरोपियन युनियन ।

नेपाल पत्रकार महासंघ । Retrieved July 20, 2015, from http://www.fnjnepal.org/media/?page_id=48.

पत्रकार मिसन टोलीद्वारा अध्ययन शुरू । Retrieved July 20, 2015, from http://www.ekantipur.com/np/2069/2/22/full-story/348952.html.

*पत्रकारहरूका लागि व्यावहारिक दिग्दर्शन* । सन् २००३ । काठमाडौं : मानवअधिकार तथा प्रजातान्त्रिक अध्ययन केन्द्र (सेहुर्डेस) ।

*नेपालको अन्तरिम संविधान २०६३* ।

*विपत् रिपोर्टिङ : रिपोर्टरका लागि गाइड* । २०७२ । मोहन मैनाली (अनुवादक) । काठमाडौं : इन्टरन्यूज ।

मेण्डल, टोबी । सन् २०१५ । पत्रकार आचारसंहिता २०६० माथिको टिप्पणी । काठमाडौं ।

मैनाली, रघु र भट्टराई, विनोद । सन् २०१३ । *मेरो पत्रकारिताको खबर* । काठमाडौं : एलाइन्स फर सोसल डायलग ।

*सञ्चारकर्मी महिलाको अवस्था* । २०६२ । ललितपुर : सञ्चारिका समूह ।

नेपाल पत्रकार महासंघ । द्वन्द्वकालदेखि हालसम्म मारिएका पत्रकारहरूको सूची । Retrieved July 20, 2015, from http://www.fnjnepal.org/media/?page_id=1192.

लुइँटेल, घमराज । *पत्रकार सुरक्षा तालीम निर्देशिका* २०७१ । २०७१ । ललितपुर : सञ्चारिका समूह नेपाल ।

*लैङ्गिक हिंसा र मनोसामाजिक सहयोग* । २०७० । काठमाडौं : बहुसांस्कृतिक मनोसामाजिक संस्था ।

सञ्चारकर्मी उमा सिंह हत्याको मुख्य योजनाकारलाई जन्मकैद । Retrieved July 19, 2015, from http://www.himalkhabar.com/?p=100296

*सुरक्षित र जिम्मेवार प्रेसका लागि रणनीतिक मार्गचित्र* । २०७१ । काठमाडौं : नेपाल पत्रकार महासंघ ।

श्रेष्ठ, रञ्जना । २०६७ । *टेलिभिजनमा पत्रकार महिलाको अवस्था* । काठमाडौं : त्रिभुवन विश्वविद्यालय (शोधपत्र, अप्रकाशित) ।

## अंग्रेजीमा


1140 Journalists Killed since 1992 . Retrieved July 30, 2015, from https://www.cpj.org/killed/

Adhikary, N.M. 2013 . *Inception Context Analysis on the Safety of Journlists in Nepal* (unpublished) . Nepal : UNESCO Kathmandu Office.

Assessing and Responding to Risk . Retrieved July 31, 2015, from https://www.cpj org/reports/2012/04/assessingand-responding-to-risk.php#6; http://en.rsf.org/IMG/pdf/handbook.pdf

*Assessement of Media Development in Nepal* . 2013 . Nepal : UNESCO Kathmandu Office.

Bhattarai, Kamal Dev . 2015 . *Assessing Self Protection Capacities of Journalists Including the Status of 'Hotlines' Maintained by Different Press Freedom Protection Organizations* (unpublished) . Nepal : UNESCO Kathmandu Office.

Bista, Mahendra & Acharya, Ujjwal . *Nepal Media Status Report* . Retrieved July 20, 2015, from http://www.slideshare.net/ujjwalacharya/nepal-media-status-report-2015.

Convention on the Elimination of All Forms of Discrimination Against Women . Retrieved August 16, 2015, from http://www.un.org/womenwatch/daw/cedaw/text/econvention.htm.

*Frontline Reporting* . 2005 . INSI.

Ghimire, Om Prakash . 2014 . *Assessing the Safety Needs of Women Journalists to Design a Training Package Aimed at Addressing their Needs* (unpublished) . Nepal : UNESCO Kathmandu Office.

Grizzle, Alton (eds) . 2012 . *Gender-Sensitive Indicators for Media* . France : UNESCO . Retrieved August 7, 2015, from http://unesdoc.unesco.org/images/0021/002178/217831e.pdf.

*Handbook for Journalists* . 2009 . France : UNESCO & Reporters sans Frontières.

Horsley, William . 2012 . *OSCE Safety of Journalists Guidebook* . Lithuania : Office of the OSCE Representative on the Media.

IN BRIEF: Grab Bags . Retrieved July 29, 2015, from http://www.newssafety.org/latest/advisories/travel advisory/detail/in-brief-grab-bags-1369/

*Journalism Safety Guide* . 2009 . BBC .

*Journalists' Safety Indicators: International Level* . 2013 . France : UNESCO

*Media and Gender in Nepal* . 2015 . Retrieved July 30, 2015, from http://www.ifj.org/fileadmin/images/Asia_Pacific/IFJ_AP/reports-etc/Gender_and_Media_in_Nepal

Natural Disasters . Retrieved July 30, 2015, from http://www.seemo.org/Images/pdf/English.pdf

NUJ Equality Council – Safety of Women Journalists and Photographers . National Union of Journalists.

Pant, Laxman Datt . 2015 . Safety of Journlaists and the Issue of Impunity (Power Point Presentation).

Regmee, Rama Krishna . 2015 . Energizing Media through Safety-Knob . Retrieved August 12, 2015, from http://cemfree.org.np/content/paper-presentations.

Risc . http://risctraining.org/

S E E M O Safety Net Manual Guidelines for Journalists in Extraordinary or Emergency Situations . Retrieved July 31, 2015, from HTTP://WWW.SEEMO.ORG/IMAGES/PDF/ENGLISH.PDF

*Safety and Solidarity for Journalists in Ukraine 2014: A handbook for Journalists Unions Facing a Crisis* . 2014 . Brussels : International Federation of Journalists.

*Staying Safe* . 2014 . Kenya : Kenya Media Working Group.

*The MDIs: A Framework for Assessing Media Development* . Retrieved August 7, 2015, fromhttp://www.unesco.org/new/en/communication-and-information/intergovernmental-programmes/ipdc/initiatives/media-development-indicators-mdis/background/

UNESCO Condemns Killing of Journalists . Retrieved July 28, 2015, from http://www.unesco.org/new/en/communication-and-information/freedom-of-expression/press-freedom/unesco-condemns-killing-of-journalists/

*Violence and Harassment against Women in the News Media: A Global Picture* . International Womens Foundation & International News Safety Institute . Retrieved July 19, 2015, from http://www.iwmf.org/wp-content/uploads/2014/03/Violence-and-Harassment-against-Women-in-the-News-Media.pdf



# खण्ड ८

## अनुसूची

# अनुसूची

## मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८

**धारा १९**

प्रत्येक व्यक्तिलाई विचार तथा अभिव्यक्तिको स्वतन्त्रता हुनेछ, जसअन्तर्गत प्रत्येक व्यक्तिलाई विना कुनै हस्तक्षेप आफ्नो विचार प्रकट गर्ने, आफूले चाहेको सूचना माग्ने, प्राप्त गर्ने तथा त्यस्तो सूचना कुनै माध्यमद्वारा विना बन्देज प्रसार गर्ने स्वतन्त्रता हुनेछ।

## नेपालको अन्तरिम संविधान २०६३

**धारा १५. प्रकाशन, प्रसारण तथा छापाखानासम्बन्धी हक :**

(१) विद्युतीय प्रकाशन, प्रसारण तथा छापालगायतका अन्य जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य-दृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन।

तर, नेपालको सार्वभौमसत्ता वा अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकता प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन।

(२) कुनै श्रव्य, श्रव्य दृश्य वा विद्युतीय उपकरणको माध्यमबाट कुनै सामग्रीको प्रकाशन तथा प्रसारण गरे वा छापेबापत त्यस्तो सामग्री प्रकाशन तथा प्रसारण गर्ने वा छाप्ने, रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय, छापा वा अन्य सञ्चारमाध्यमलाई बन्द, जफत वा दर्ता खारेज गरिने छैन।

(३) कुनै समाचार, लेख, सम्पादकीय, रचना वा अन्य कुनै पाठ्यसामग्री मुद्रण वा प्रकाशन गरेबापत कुनै समाचारपत्र, पत्रिका वा छापाखाना बन्द, जफत वा दर्ता खारेज गरिने छैन।

(४) कानूनबमोजिम बाहेक कुनै छापा, विद्युतीय प्रसारण तथा टेलिफोन लगायतका सञ्चार साधनलाई अवरुद्ध गर्न सकिने छैन।

## सूचनाको हकसम्बन्धी ऐन २०६४

**२. परिभाषा :**

(ङ) “सूचनाको हक” भन्नाले सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना माग्ने र पाउने अधिकार सम्झनुपर्छ र सो शब्दले सार्वजनिक निकायमा रहेको कुनै लिखत, सामग्री वा सो निकायको काम-कारबाहीको अध्ययन वा अवलोकन गर्ने, त्यस्तो लिखतको प्रमाणित प्रतिलिपि प्राप्त गर्ने, सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण र अवलोकन गर्ने, कुनै सामग्रीको प्रमाणित नमूना लिने वा कुनै पनि किसिमको यन्त्रमा राखिएको सूचना त्यस्तो यन्त्रमार्फत प्राप्त गर्ने अधिकार समेतलाई जनाउँछ।

**३. सूचनाको हक हुने :**

(१) प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुनेछ।

(२) प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक निकायमा रहेको देहायको विषय सम्बन्धी सूचना प्रवाह गरिने छैन।

(क) नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने,

(ख) अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने,

(ग) आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैंकिङ वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने,

(घ) विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्बन्धमा प्रत्यक्ष रूपमा खलल पार्ने, र

(ङ) व्यक्तिगत गोपनीयता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य वा सुरक्षामा खतरा पुऱ्याउने।

तर, त्यसरी सूचना प्रवाह नगर्नुपर्ने उचित र पर्याप्त कारण भएकोमा बाहेक त्यस्तो सूचना प्रवाह गर्ने दायित्वबाट सार्वजनिक निकाय पन्छिन पाउने छैनन्।

**५. सूचनाको अद्यावधिक र प्रकाशन :**

(३) सार्वजनिक निकायले सो निकायसँग सम्बन्धित देहायका सूचना सूचीकृत गरी प्रकाशन गर्नुपर्नेछ :

(क) निकायको स्वरूप र प्रकृति,

(ख) निकायको काम, कर्तव्य र अधिकार,

(ग) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण,

(घ) निकायबाट प्रदान गरिने सेवा,

(ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी,

(च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि,

(छ) निर्णय गर्ने प्रक्रिया र अधिकारी,

(ज) निर्णयउपर उजुरी सुन्ने अधिकारी,

(झ) सम्पादन गरेको कामको विवरण,

(ञ) सूचना अधिकारी र प्रमुखको नाम र पद,

(ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची,

(ठ) आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण,

(ड) तोकिएबमोजिमका अन्य विवरण।

(४) सार्वजनिक निकायले उपदफा (३) बमोजिमको सूचना यो ऐन प्रारम्भ भएको मितिले तीन महीनाभित्र र त्यसपछि प्रत्येक तीन महीनामा अद्यावधिक गरी प्रकाशन गर्नुपर्नेछ।

## ६. सूचना अधिकारीको व्यवस्था :

(१) सार्वजनिक निकायले आफ्नो कार्यालयमा रहेको सूचना प्रवाह गर्ने प्रयोजनको लागि सूचना अधिकारीको व्यवस्था गर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रवाह गर्ने प्रयोजनको लागि प्रमुखले आफ्नो कार्यालयमा रहेको सूचना नियमित रूपमा सूचना अधिकारीलाई उपलब्ध गराउनुपर्नेछ।

(३) सार्वजनिक निकायले सूचना प्रवाह गर्ने प्रयोजनको निम्ति आवश्यकतानुसार सूचना शाखाको व्यवस्था गर्न सक्नेछ।

## ७. सूचना प्राप्त गर्ने कार्यविधि :

(१) यस ऐनबमोजिम कुनै सूचना प्राप्त गर्न चाहने नेपाली नागरिकले त्यस्तो सूचना प्राप्त गर्नुपर्ने कारण खुलाई सम्बन्धित सूचना अधिकारीसमक्ष निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा सूचना अधिकारीले तत्काल उपलब्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलब्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सूचना उपलब्ध गराउनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम तत्काल सूचना उपलब्ध गराउन नसकिने भएमा सूचना अधिकारीले सोको कारणसहितको जानकारी तुरुन्त निवेदकलाई गराउनुपर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सूचना अधिकारीले कुनै व्यक्तिको जीउ-ज्यानको सुरक्षासँग सम्बन्धित सूचना माग गरेको रहेछ भने त्यस्तो सूचना माग गरेको चौबीस घन्टाभित्र निवेदकलाई उपलब्ध गराउनुपर्नेछ।

(५) सूचना अधिकारीले निवेदकद्वारा माग भएको सूचना सम्भव भएसम्म माग भएको स्वरुपमा नै उपलब्ध गराउनुपर्नेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवेदकले माग गरेको स्वरूपमा सूचना उपलब्ध गराउँदा सूचनाको स्रोत बिग्रने, भत्कने वा नष्ट हुने सम्भावना भएमा सूचना अधिकारीले सोको कारण खोली उपयुक्त स्वरुपमा निवेदकलाई सूचना उपलब्ध गराउन सक्नेछ।

(७) कुनै व्यक्तिले उपदफा (१) बमोजिम कुनै लिखत, सामग्री वा काम कारबाहीको अध्ययन वा अवलोकन गर्नको लागि निवेदन दिएको भए सूचना अधिकारीले निवेदकलाई त्यस्तो लिखत, सामग्री वा काम कारबाहीको अध्ययन वा अवलोकनको निमित्त मुनासिव समय उपलब्ध गराउनेछ।

(८) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा निवेदकले माग गरेको सूचना आफ्नो निकायसँग सम्बन्धित नदेखिएमा सूचना अधिकारीले सो कुराको जानकारी तुरुन्त निवेदकलाई दिनुपर्नेछ।

## ९. उजुरी दिन सक्ने :

(१) सूचना अधिकारीले सूचना उपलब्ध नगराएमा, सूचना दिन अस्वीकार गरेमा, आंशिक रूपमा सूचना उपलब्ध गराएमा वा गलत सूचना दिएमा वा सरोकारवाला होइन भनी सूचना नदिएमा सम्बन्धित व्यक्तिले त्यसरी सूचना नपाएको वा आंशिक रूपमा सूचना पाएको मितिले सात दिनभित्र प्रमुखसमक्ष उजुरी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त उजुरी जाँचबुझ गर्दा सूचना नदिएको वा आंशिक रूपमा सूचना दिएको वा गलत सूचना दिएको देखिएमा प्रमुखले निवेदकद्वारा माग भएबमोजिमको सूचना उपलब्ध गराउन सूचना

अधिकारीलाई आदेश दिनेछ र त्यसरी आदेश भएमा सूचना अधिकारीले सम्बन्धित निवेदकलाई सूचना उपलब्ध गराउनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा सूचना अधिकारीले जानी-जानी वा बदनियतपूर्वक सूचना नदिएको, सूचना दिन अस्वीकार गरेको वा आंशिक रूपमा सूचना दिएको वा गलत सूचना दिएको देखिएमा प्रमुखले त्यस्तो सूचना अधिकारीलाई प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्न सक्नेछ।

(४) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा सूचना दिन नमिल्ने देखिएमा प्रमुखले सोही व्यहोराको निर्णय गरी सोको कारणसहितको जानकारी निवेदकलाई दिनुपर्नेछ।

### ३२. सजाय :

(१) सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले मनासिब कारणविना सूचना नदिएको वा दिन इन्कार गरेको, आंशिक रूपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको देखिएमा आयोगले त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई एक हजारदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो प्रमुख वा सूचना अधिकारी विभागीय कारबाही हुने पदमा रहेको भए निजलाई विभागीय सजायको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(२) सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले समयमा दिनुपर्ने सूचना विनाकारण समयमा उपलब्ध नगराई ढिलाइ गरेमा जति दिन ढिलाइ गरेको हो प्रतिदिन दुई सय रुपैयाँको दरले निजलाई जरिवाना हुनेछ।

(३) उपदफा (१) बमोजिम आयोगबाट विभागीय कारबाहीका लागि लेखी आएमा सार्वजनिक निकायले तीन महीनाभित्र त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई विभागीय कारबाही गरी सोको जानकारी आयोगलाई दिनुपर्नेछ।

(४) कुनै व्यक्तिले सार्वजनिक निकायबाट प्राप्त गरेको सूचना जुन प्रयोजनको निमित्त प्राप्त गरेको हो सोही प्रयोजनका लागि प्रयोग नगरी दुरुपयोग गरेको देखिएमा आयोगले सूचनाको दुरुपयोगको गम्भीरता हेरी त्यस्तो व्यक्तिलाई पाँच हजारदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(५) आयोगले यस ऐनबमोजिम गरेको निर्णय वा दिएको आदेश पालना नगर्ने व्यक्तिलाई आयोगले दश हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

### ३३. क्षतिपूर्ति :

(१) सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले यस ऐन बमोजिम सूचना नदिएको, दिन इन्कार गरेको, आंशिक रूपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको कारणले कुनै व्यक्तिलाई हानि-नोक्सानी पर्न गएमा त्यस्तो व्यक्तिले सूचना नपाएको, आंशिक रूपमा वा गलत सूचना पाएको वा सूचना नष्ट गरेको मितिले तीन महीनाभित्र आयोगसमक्ष क्षतिपूर्तिको लागि निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा मनासिब देखिएमा आयोगले निवेदकलाई पर्न गएको वास्तविक हानि-नोक्सानीलाई विचार गरी मनासिब माफिकको क्षतिपूर्ति सम्बन्धित निकायबाट भराइदिन सक्नेछ।

यो ऐन श्रमजीवी पत्रकारको हक, हित, सुविधा र सुरक्षाको समयोचित व्यवस्था गर्न तथा व्यावसायिक दक्षता प्रवर्द्धन गर्न प्रोत्साहित गरी स्वच्छ पत्रकारिताको विकास गर्न बनाइएको कुरा यसको प्रस्तावनामा उल्लेख छ।

२. **परिभाषा** :

(ख) "सञ्चार प्रतिष्ठान" भन्नाले सञ्चारसम्बन्धी कुनै व्यवसाय वा सेवा सञ्चालन गर्ने उद्देश्यले तीनजना वा सोभन्दा बढी श्रमजीवी पत्रकार, कर्मचारी वा कामदार कार्यरत रहेको प्रचलित कानूनबमोजिम स्थापना वा दर्ता भएको सार्वजनिक वा निजी सञ्चारमाध्यम वा संगठित संस्था सम्झनुपर्छ।

(घ) "श्रमजीवी पत्रकार" भन्नाले सञ्चार प्रतिष्ठानमा व्यवस्थापकीय तथा प्रशासकीय अधिकार प्राप्त गरेको व्यक्तिबाहेक सञ्चारसम्बन्धी व्यवसाय वा सेवालाई प्रमुख व्यवसाय अपनाई पारिश्रमिक लिई सञ्चार प्रतिष्ठानमा पूर्ण वा आंशिक समय काम गर्ने व्यक्ति सम्झनुपर्छ र सो शब्दले सञ्चार प्रतिष्ठानमा समाचार सामग्री संकलन, उत्पादन, सम्पादन वा सम्प्रेषण गर्ने प्रधान सम्पादक, सम्पादक, संवाददाता, स्ट्रिञ्जर, समाचारवाचक, कार्यक्रम निर्देशक, अनुवादक, वेब डिजाइनर, स्तम्भ लेखक, फोटोपत्रकार, प्रेस क्यामेरामेन, व्यङ्ग्य चित्रकार, कार्यक्रम निर्माता वा सञ्चालक, दृश्य वा भाषा सम्पादकजस्ता पत्रकारिता पेशासँग सम्बन्धित व्यक्तिसमेतलाई जनाउँछ।

## परिच्छेद २ – नियुक्ति, सेवाको सुरक्षा तथा काम गर्ने समय

३. **पदको वर्गीकरण गर्नुपर्ने** :

(१) व्यवस्थापकले सञ्चार प्रतिष्ठानको कामको प्रकृतिअनुसार श्रमजीवी पत्रकारको पद र त्यस्तो पदको तहगत वर्गीकरण गर्नुपर्नेछ।

(३) पद र त्यस्तो पदको तहगत वर्गीकरण गरिसकेपछि व्यवस्थापकले सो पदका लागि चाहिने योग्यता, अनुभव, काम, कर्तव्य र अधिकार तथा उत्तरदायित्वसमेत उल्लेख भएको विवरण प्रेस रजिष्ट्रारलाई दिनुपर्नेछ।

३. **क. नियुक्ति नदिई काममा लगाउन नहुने** : व्यवस्थापकले यस ऐनबमोजिम नियुक्ति नदिई कुनै पनि व्यक्तिलाई श्रमजीवी पत्रकारको पदमा काममा लगाउन हुँदैन।

४. **खुला प्रतियोगिताद्वारा पदपूर्ति गर्नुपर्ने** :

(१) व्यवस्थापकले सञ्चार प्रतिष्ठानको लागि आवश्यक पर्ने श्रमजीवी पत्रकारको पद तोकिएको प्रक्रिया अपनाई खुला प्रतियोगिताद्वारा छनोट गरी पूर्ति गर्नुपर्नेछ।

(२) खुला प्रतियोगिताद्वारा छनोट भएका व्यक्तिलाई व्यवस्थापकले तोकिएको अवधिभित्र नियुक्तिपत्र दिनुपर्नेछ।

५. **करारमा नियुक्ति गर्न सक्ने** :

(१) सञ्चार प्रतिष्ठानको कामका लागि कुनै व्यक्तिको विशेषज्ञ सेवा लिनुपर्ने भएमा व्यवस्थापकले प्रेस रजिष्ट्रारको स्वीकृति लिई निश्चित समयावधि तोकी त्यस्तो व्यक्तिलाई श्रमजीवी पत्रकारको पदमा करारमा नियुक्ति गर्न सक्नेछ।

(२) करारमा नियुक्ति गर्दा सम्बन्धित सञ्चार प्रतिष्ठानमा कार्यरत श्रमजीवी पत्रकारको कुल संख्याको पन्ध्र प्रतिशत संख्यासम्म मात्र नियुक्ति गर्न सकिनेछ।

(३) करारमा नियुक्त भएको व्यक्तिले गर्नुपर्ने काम, पाउने पारिश्रमिक, सेवाको अवधि तथा सेवाका अन्य शर्त एवं सुविधा करारमा उल्लेख भएबमोजिम हुनेछ।

(४) करारमा नियुक्त भएको श्रमजीवी पत्रकारको पारिश्रमिक, सञ्चय कोष तथा अन्य सुविधा सञ्चार प्रतिष्ठानको समान पद वा तहमा कार्यरत श्रमजीवी पत्रकारले पाउने पारिश्रमिक, सञ्चय कोष तथा अन्य सुविधाभन्दा कम हुने छैन।

**५. क. नियुक्तिको जानकारी दिनुपर्ने :**

(१) कुनै व्यक्तिलाई श्रमजीवी पत्रकारको पदमा नियुक्त गरिसकेपछि व्यवस्थापकले सोको जानकारी प्रेस रजिष्ट्रारलाई दिनुपर्नेछ।

(२) प्राप्त भएको जानकारी प्रेस रजिष्ट्रारले अद्यावधिक गरी राख्नुपर्नेछ।

**६. परीक्षणकालमा रहने :**

श्रमजीवी पत्रकारमा शुरूमा स्थायी नियुक्ति गर्दा ६ महीनाको परीक्षणकालमा रहने गरी नियुक्ति गरिनेछ। सो अवधिमा निजको काम सन्तोषजनक नभएमा निजको नियुक्ति बदर गर्न सकिनेछ।

**७. पदाधिकार कायम रहने :**

देहायको अवस्थामा श्रमजीवी पत्रकारको आफ्नो पदमाथिको पदाधिकार कायम रहनेछ :

(क) यस पदमा कामकाज गरिरहँदासम्म,

(ख) बिदामा रहेको बखत,

(ग) व्यवस्थापकले अन्यत्र काजमा खटाएको बखत, वा

(घ) निलम्बन रहेको बखत।

**८. सेवाको सुरक्षा :**

यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको रीत नपुऱ्याई कुनै पनि श्रमजीवी पत्रकारको सेवाको अन्त्य गर्न सकिने छैन।

**९. काम गर्ने समय :**

(२) श्रमजीवी पत्रकारले प्रत्येक हप्तामा काम गर्नुपर्ने समय ४८ घन्टाभन्दा बढी हुने छैन र प्रत्येक हप्तामा निजले आलोपालो गरी एक दिन साप्ताहिक बिदा पाउनेछ।

## परिच्छेद ३ – पारिश्रमिक तथा क्षतिपूर्ति

**१२. पारिश्रमिक तथा भत्ता पाउने :**

(१) श्रमजीवी पत्रकारले सञ्चार प्रतिष्ठानमा काम गरेबापत मासिक पारिश्रमिक पाउनेछ।

(२) कुनै श्रमजीवी पत्रकारले पकाएको पारिश्रमिक तथा भत्ता निज जुनसुकै व्यहोराले सञ्चार प्रतिष्ठानको सेवामा नरहेमा पनि पाउनेछ।

(३) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम बाहेक कुनै श्रमजीवी पत्रकारको मासिक पारिश्रमिक कट्टा गरिने छैन।

(४) कुनै श्रमजीवी पत्रकारले पाउने पारिश्रमिक निज बिदामा बसेको बखत रोकिने छैन।

### १३. वार्षिक तलब वृद्धि :

प्रत्येक श्रमजीवी पत्रकारले एक वर्षको सेवा पूरा गरेपछि तोकिएबमोजिम एउटा तलब वृद्धि पाउनेछ।

### १४. उपचार तथा क्षतिपूर्तिसम्बन्धी व्यवस्था :

सञ्चार प्रतिष्ठानको कामको सिलसिलामा कुनै श्रमजीवी पत्रकारलाई चोटपटक लागेमा वा निजको अङ्गभङ्ग भएमा वा मृत्यु भएमा वा निजको व्यक्तिगत सम्पत्ति नष्ट भएमा तोकिएबमोजिमको उपचार खर्च वा क्षतिपूर्तिको रकम सम्बन्धित सञ्चार प्रतिष्ठानबाट पाउनेछ।

### १५. पारिश्रमिक कट्टी गर्नमा प्रतिबन्ध :

(१) श्रमजीवी पत्रकारको पारिश्रमिक देहायको अवस्थामा बाहेक अरू अवस्थामा कट्टी गरिने छैन :

(क) लागेको जरिवाना कट्टी गर्नुपरेमा,
(ख) गैरहाजिरबापत कट्टी गर्नुपरेमा,
(ग) जानीजानी वा लापरबाही साथ काम गर्दा सञ्चार प्रतिष्ठानलाई पुग्न गएको नोक्सानीबापत कट्टी गर्नुपरेमा,
(घ) पारिश्रमिकबाट कट्टी हुने गरी अघि दिएको पेश्की रकम कट्टी गर्नुपरेमा,
(ङ) सरकारी अड्डा वा अदालतको आदेशबमोजिम तिर्नु बुझाउनुपर्ने कुनै रकम कट्टी गर्नुपरेमा,
(च) प्रचलित कानूनबमोजिम लाग्ने आय कर वा अन्य कुनै कर कट्टी गर्नुपरेमा, वा
(छ) तोकिएबमोजिम कुनै रकम कट्टी गर्नुपरेमा। (२) उपदफा (१) बमोजिम कट्टी हुने रकमको हद, कट्टी गरिने तरीका र अवधि तथा तत्सम्बन्धी अन्य कुरा तोकिएबमोजिम हुनेछ।

### १६. बाँकी रकम भुक्तानी पाउने :

(१) कुनै श्रमजीवी पत्रकारको सञ्चार प्रतिष्ठानको सेवाबाट अवकाश प्राप्त गरेपश्चात् वा सो सेवामा छँदै मृत्यु भई यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम पाउने रकम सञ्चार प्रतिष्ठानबाट लिन बाँकी भएमा त्यस्तो रकम श्रमजीवी पत्रकार स्वयंले वा निजले इच्छाएको व्यक्तिले पाउनेछ।

(२) उपदफा (१) बमोजिमको रकम लिन श्रमजीवी पत्रकारले कसैलाई पनि नइच्छाएकोमा त्यस्तो रकम निजको परिवारको सबैभन्दा नजिकको हकवालाले पाउनेछ।

## परिच्छेद ४ – कल्याणकारी व्यवस्था

**१७. कल्याणकारी कोष :**

व्यवस्थापकले श्रमजीवी पत्रकारको हक, हित र सुरक्षाको लागि तोकिए बमोजिमको एक कल्याणकारी कोष खडा गर्नुपर्नेछ।

**१८. उपदान, संचय कोष र औषधि उपचार तथा अन्य सुविधा :**

श्रमजीवी पत्रकारहरूले पाउने उपदान, संचय कोष, औषधि उपचार तथा अन्य सुविधा तोकिएबमोजिम हुनेछ।

**१९. स्वामित्व परिवर्तनले प्रतिकूल असर नपर्ने :**

सञ्चार प्रतिष्ठानमा भएको स्वामित्वको परिवर्तनले त्यस्ता सञ्चार प्रतिष्ठानमा कार्यरत श्रमजीवी पत्रकारहरूको सेवा, शर्त तथा सुविधामा कुनै प्रतिकूल असर पर्ने छैन।

**२०. मर्का पर्ने गरी सेवा, शर्त तथा सुविधामा परिवर्तन नगरिने :**

श्रमजीवी पत्रकारहरूलाई मर्का पर्ने गरी निजको सेवाको शर्त तथा सुविधामा परिवर्तन गरिने छैन।

## परिच्छेद ५ – अवकाश र दरबन्दी कटौती

**२१. अवकाश :**

(१) यो ऐन प्रारम्भ हुनुअघि वा प्रारम्भ भएपछि गरी श्रमजीवी पत्रकारको रूपमा अविच्छिन्न २५ वर्ष सेवा अवधि पूरा गरेको श्रमजीवी पत्रकारलाई व्यवस्थापकले सेवाबाट अवकाश दिन सक्नेछ।

(२) कुनै श्रमजीवी पत्रकारले व्यवस्थापकलाई तीन महीनाको अग्रिम सूचना दिई सञ्चार प्रतिष्ठानको सेवाबाट स्वेच्छिक अवकाश लिन सक्नेछ।

**२२. दरबन्दी कटौती :**

(१) सञ्चार प्रतिष्ठानको आम्दानी घट्न गएकोले वा व्यवस्थापकले लगानी घटाई सञ्चार प्रतिष्ठान सञ्चालन गर्न चाहेमा सोही अनुपातमा दरबन्दी कटौती गरी श्रमजीवी पत्रकारलाई सेवाबाट अवकाश दिन सक्नेछ।

तर, यसरी दरबन्दी कटौती गरी श्रमजीवी पत्रकारलाई सञ्चार प्रतिष्ठानको सेवाबाट अवकाश दिंदा एकै किसिमको काममा कार्यरत एक वर्षको अविच्छिन्न सेवा अवधि पूरा गरेका श्रमजीवी पत्रकारहरूमध्ये त्यस्तो काममा सबैभन्दा पछि नियुक्त भएकालाई पहिले कटौती गर्ने क्रमले कटौती गरी सेवाबाट अवकाश दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम दरबन्दी कटौती गर्नुपरेमा सो गर्नु परेको कारणसहितको सूचना व्यवस्थापकले प्रेस रजिष्ट्रार र सम्बन्धित श्रमजीवी पत्रकारलाई तीन महीना अगावै दिनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम एकपटक दरबन्दी कटौती गरिसकेपछि एक वर्षभित्र पुनः दरबन्दी सिर्जना गर्न वा करारमा कुनै श्रमजीवी पत्रकार नियुक्त गर्न पाइने छैन।

(४) उपदफा (३) विपरीत कुनै व्यवस्थापकले सो अवधिभित्र कुनै व्यक्तिलाई श्रमजीवी पत्रकारमा नियुक्त गरेमा पहिले दरबन्दी कटौतीमा परेको श्रमजीवी पत्रकारले सो सञ्चार प्रतिष्ठानमा नियुक्ति पाऊँ भनी सम्बन्धित व्यवस्थापकसमक्ष निवेदन गर्न सक्नेछ। यसरी परेको निवेदनअनुसार सम्बन्धित व्यवस्थापकले त्यस्तो श्रमजीवी पत्रकारलाई नियुक्ति दिनुपर्नेछ।

(५) उपदफा (४) बमोजिम व्यवस्थापकले नियुक्ति नदिएमा त्यस्तो व्यक्तिले प्रेस रजिष्ट्रारसमक्ष उजुरी गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम परेको उजुरी मनासिब देखिएमा प्रेस रजिष्ट्रारले निवेदकलाई नियुक्ति दिनु भनी सम्बन्धित व्यवस्थापकलाई आदेश दिन सक्नेछ। यसरी प्रेस रजिष्ट्रारबाट आदेश भएमा सम्बन्धित व्यवस्थापकले त्यस्तो व्यक्तिलाई पुनः श्रमजीवी पत्रकारमा नियुक्ति गर्नुपर्नेछ।

(७) उपदफा (६) बमोजिम प्रेस रजिष्ट्रारले दिएको आदेशउपर चित्त नबुझ्ने पक्षले पैंतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ।

**२३. सञ्चार प्रतिष्ठान बन्द गर्न सक्ने :**

(१) व्यवस्थापकले आफूले सञ्चालन गरेको सञ्चार प्रतिष्ठान कुनै कारणले बन्द गर्न चाहेमा सो कुराको सूचना प्रेस रजिष्ट्रार र सम्बन्धित श्रमजीवी पत्रकारहरूलाई तीन महीना अगावै दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सञ्चार प्रतिष्ठान बन्द हुने भई श्रमजीवी पत्रकारले स्वतः अवकाश पाउने भएमा वा दफा २२ बमोजिम दरबन्दी कटौती भई श्रमजीवी पत्रकारले अवकाश पाउने भएमा व्यवस्थापकले सम्बन्धित श्रमजीवी पत्रकारहरूलाई तोकिएबमोजिम सुविधा दिनुपर्नेछ।

**२४. उजुरी गर्न सक्ने :**

(१) यस ऐनबमोजिम श्रमजीवी पत्रकारले पाउनुपर्ने कुनै सुविधा वा रकम सञ्चार प्रतिष्ठानबाट नपाएमा वा व्यवस्थापकले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम बमोजिमको कुनै काम नगर्दा कुनै श्रमजीवी पत्रकारलाई मर्का पर्न गएमा त्यस्तो श्रमजीवी पत्रकारले पैंतीस दिनभित्र प्रेस रजिष्ट्रारसमक्ष उजुरी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम परेको उजूरी मनासिब ठहरेमा प्रेस रजिष्ट्रारले उजुरवालाको मागबमोजिमको कुनै सुविधा वा रकम वा अन्य कार्य सम्बन्धित सञ्चार प्रतिष्ठानबाट दिन वा गर्न लगाई जानीजानी दिनुपर्ने सुविधा वा रकम नदिएको वा गर्नुपर्ने काम नगरेको देखिएमा त्यस्तो व्यवस्थापकलाई एक हजारदेखि दुई हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

## परिच्छेद ६ – आचरण, सजाय र पुनरावेदन

**२५. आचरण :**

श्रमजीवी पत्रकारहरूले तोकिएबमोजिम आचरणको पालना गर्नुपर्नेछ।

**२६. सजाय :**

(१) पदअनुसारको आचरण नगर्ने श्रमजीवी पत्रकारलाई व्यवस्थापकले देहाय बमोजिमको कुनै सजाय गर्न सक्नेछ :

(क) साधारण सजाय :

(१) नसिहत दिने,

(२) बढीमा दुई वार्षिक पारिश्रमिक वृद्धि रोक्का गर्ने, वा

(ख) विशेष सजाय : सेवाबाट हटाउने ।

(२) कुनै श्रमजीवी पत्रकारको काम सन्तोषजनक नभएमा वा अनुशासनहीन काम गरेमा व्यवस्थापकले साधारण सजाय गर्न सक्नेछ ।

(३) देहायको कुनै अवस्थामा श्रमजीवी पत्रकारलाई व्यवस्थापकले विशेष सजाय गर्न सक्नेछ :

(क) बारबार आचरणसम्बन्धी कुरा उल्लंघन गरेमा,

(ख) बारबार अनुशासनहीन काम गरेमा,

(ग) बारबार आफ्नो पदको जिम्मेवारी पूरा नगरेमा,

(घ) बिदा स्वीकृत नगराई वा व्यवस्थापकलाई जानकारी नदिई आफ्नो काममा ६० दिनभन्दा बढी अनुपस्थित भएमा ।

## २७. निलम्बन गर्न सक्ने :

(१) कुनै श्रमजीवी पत्रकारको सम्बन्धमा दफा २६ मा लेखिएको कुनै अभियोगको जाँचबुझ गर्नुपर्ने भएमा जाँचबुझ समाप्त नहुन्जेलसम्म त्यस्तो श्रमजीवी पत्रकारलाई व्यवस्थापकले निलम्बन गर्न सक्नेछ । तर, देहायको अवस्था नभई साधारणतया निलम्बन गरिने छैन :

(क) निलम्बन नगरी श्रमजीवी पत्रकारलाई काम गर्न दिंदा झुट्टा सबुद प्रमाण संकलन गर्न सक्ने वा आफ्नो विरूद्धको सबुद प्रमाण गायब गर्न सक्ने सम्भावना भएमा, वा

(ख) निलम्बन नगरी श्रमजीवी पत्रकारलाई काम गर्न दिंदा सञ्चार प्रतिष्ठानलाई हानि-नोक्सानी हुने भएमा ।

(२) उपदफा (१) बमोजिम कुनै श्रमजीवी पत्रकारलाई तीन महीनाभन्दा बढी अवधि निलम्बन गर्नुहुँदैन ।

(३) उपदफा (१) बमोजिम निलम्बनमा परेको श्रमजीवी पत्रकार सेवामा बहाल भएमा वा सेवाबाट हटाइएमा निजको निलम्बन समाप्त हुनेछ ।

(४) उपदफा (१) बमोजिम निलम्बन भएको श्रमजीवी पत्रकारले त्यस्तो निलम्बनको अवधिभर आधा पारिश्रमिक पाउनेछ र निजउपर लागेको अभियोगबाट सफाइ पाएमा त्यसरी निलम्बन भएको अवधिभरको पूरा पारिश्रमिक पाउनेछ ।

## २८. सफाइ पेश गर्ने मौका दिनुपर्ने :

व्यवस्थापकले कुनै श्रमजीवी पत्रकारलाई सजाय दिन आदेश दिनुभन्दा अघि कारबाही गर्न लागिएको कारण उल्लेख गरी सो श्रमजीवी पत्रकारलाई उचित म्याद दिई आफ्नो सफाइ पेश गर्न मौका दिनुपर्नेछ । यसरी मौका दिंदा निजमाथि लगाइएको आरोप स्पष्ट रूपले किटिएको र प्रत्येक आरोप कुन कुन कुरामा आधारित छ सोसमेत खुलाउनुपर्नेछ ।

### २९. विशेष सजायको आदेश दिनुभन्दा पहिले सजाय प्रस्ताव गर्नुपर्ने :

विशेष सजायको आदेश दिनुभन्दा पहिले व्यवस्थापकले दफा २८ बमोजिम सफाइ पेश गर्न दिइएको म्यादभित्र सफाइ पेश नगरेमा वा पेश हुन आएको सफाइ सन्तोषजनक नभएमा त्यस्तो श्रमजीवी पत्रकारलाई दिन लागिएको प्रस्तावित सजाय किन नदिनु भनी यस सम्बन्धमा उचित म्याद दिई स्पष्टीकरण माग्नुपर्नेछ।

### ३०. सजाय गर्न सक्ने :

दफा २८ वा दफा २९ बमोजिम सफाइ वा स्पष्टीकरण नै नदिएमा वा सोअनुसार दिएको सफाइ वा स्पष्टीकरण सन्तोषजनक नभई त्यस्तो श्रमजीवी पत्रकारलाई सजाय गर्नुपर्ने भएमा व्यवस्थापकले दफा २६ बमोजिमको कुनै सजाय गर्न सक्नेछ।

### ३१. पुनरावेदन :

दफा ३० बमोजिम व्यवस्थापकले गरेको सजायउपर चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र प्रचलित कानूनबमोजिम स्थापना भएको श्रम अदालतमा पुनरावेदन गर्न सक्नेछ।

## परिच्छेद ७ – विविध

### ३३. दण्ड सजाय :

(१) कुनै श्रमजीवी पत्रकारले गरेको काम-कारबाहीबाट सञ्चार प्रतिष्ठानलाई हानि-नोक्सानी हुन गएमा सो भए गरेको मितिले तीन महीना भित्र व्यवस्थापकले नालेस गर्न सक्नेछ।

(२) कुनै श्रमजीवी पत्रकारले जानीजानी वा लापरबाहीसाथ कुनै काम गरेकोले सञ्चार प्रतिष्ठानलाई कुनै हानि वा नोक्सानी हुन गएको ठहरिएमा त्यस्तो श्रमजीवी पत्रकारबाट भएको हानि-नोक्सानीको हर्जाना भराउन लगाई निजलाई एक हजारदेखि दुई हजार रुपैयाँसम्म जरिवाना हुन सक्नेछ।

(३) कुनै व्यवस्थापकले पटक-पटक यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमविपरीत कुनै काम गरेमा प्रेस रजिष्ट्रारले त्यस्तो व्यवस्थापकलाई पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम भएको सजायउपर चित्त नबुझ्ने व्यवस्थापकले त्यस्तो सजाय भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ।

### ३३ क. सुविधा रोक लगाउन सिफारिश गर्न सक्ने :

कुनै सञ्चार प्रतिष्ठानले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमविपरीत कुनै काम गरेमा प्रेस रजिष्ट्रारले त्यस्तो सञ्चार प्रतिष्ठानलाई देहाय बमोजिमका सुविधा प्रदान गर्नबाट रोक लगाउन सम्बन्धित निकायमा सिफारिश गर्न सक्नेछ :

(क) सञ्चार प्रतिष्ठानले पत्रपत्रिका प्रकाशन गर्ने भएमा त्यस्तो पत्रपत्रिकालाई प्रचलित कानूनबमोजिम पत्रपत्रिका वर्गीकरणमा समावेश नगर्न,

(ख) नेपाल सरकारबाट दिने अनुदान वा विज्ञापनमा रोक लगाउन वा कटौती गर्न,

(ग) सञ्चार सामग्री एवं सोसँग सम्बन्धित कच्चा पदार्थको आयातमा रोक लगाउन,

(घ) सरकारी भ्रमण दलमा सहभागी नगराउन।

### ३४. कर्मचारी तथा कामदारको नियुक्ति, सेवाको शर्त र सुविधासम्बन्धी व्यवस्था :

(१) श्रमजीवी पत्रकारको नियुक्ति, सेवाको शर्त र सुविधाका सम्बन्धमा यस ऐनमा भएका व्यवस्थाहरू कर्मचारी तथा कामदारका हकमा समेत समान रूपमा लागू हुनेछन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक सञ्चार प्रतिष्ठानमा कार्यरत श्रमजीवी पत्रकार, कर्मचारी वा कामदारको पारिश्रमिक तथा सुविधाबाहेकका अन्य व्यवस्थाहरू सम्बन्धित सञ्चार प्रतिष्ठानको सेवा, शर्त र सुविधा सम्बन्धी कानूनबमोजिम हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक सञ्चार प्रतिष्ठानमा कार्यरत श्रमजीवी पत्रकार, कर्मचारी वा कामदारले यस ऐनमा लेखिएभन्दा बढी पारिश्रमिक तथा सुविधा पाउने भएमा त्यस्तो बढी पारिश्रमिक तथा सुविधा पाउन यस ऐनले कुनै बाधा पुऱ्याएको मानिने छैन ।

### ३४.क. ट्रेड युनियन गठन गर्न सक्ने :

श्रमजीवी पत्रकारहरूले आफ्नो व्यावसायिक तथा पेशागत हकहितको संरक्षण र सम्वर्द्धन गर्ने सम्बन्धमा आफू कार्यरत सञ्चार प्रतिष्ठानमा ट्रेड यूनियनसम्बन्धी प्रचलित कानूनको अधीनमा रही ट्रेड युनियन गठन गर्न सक्नेछन् ।

### ३४.ख. विवाद समाधानसम्बन्धी व्यवस्था :

(१) श्रमजीवी पत्रकार, कर्मचारी वा कामदार र सञ्चार प्रतिष्ठानका व्यवस्थापनबीच सेवा, शर्त र सुविधासम्बन्धी कुनै विषयमा विवाद उठेमा प्रेस रजिष्ट्रारले वार्ता, मेलमिलाप वा मध्यस्थजस्ता विभिन्न माध्यमबाट त्यस्तो विवाद समाधान गर्न/गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको माध्यमबाट कुनै विवाद समाधान हुन नसकेमा त्यस्तो विवादको समाधान प्रचलित श्रम कानूनबमोजिम हुनेछ ।

### ३४ग. क्षमता विकाससम्बन्धी व्यवस्था :

(१) नेपाल सरकार तथा सञ्चार प्रतिष्ठानले श्रमजीवी पत्रकारको व्यावसायिक दक्षता, क्षमता र सीप विकासको लागि अध्ययन तथा तालीमको व्यवस्था गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यको लागि नेपाल सरकारले सञ्चार प्रतिष्ठानलाई आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ र सञ्चार प्रतिष्ठानले आफ्नो वार्षिक कुल आयको एक प्रतिशत रकम छुट्याउनुपर्नेछ ।

### ३४ घ. निरीक्षण तथा अनुगमन गर्न सक्ने :

(१) सञ्चार प्रतिष्ठानले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमविपरीत कुनै काम गरे वा नगरेको सम्बन्धमा प्रेस रजिष्ट्रारले कुनै सञ्चार प्रतिष्ठानको निरीक्षण तथा अनुगमन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण तथा अनुगमन गर्दा कुनै सञ्चार प्रतिष्ठानले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमविपरीत कुनै काम गरेको देखिएमा प्रेस रजिष्ट्रारले त्यस्तो सञ्चार प्रतिष्ठानलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रेस रजिष्ट्रारले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित सञ्चार प्रतिष्ठानको कर्तव्य हुनेछ ।

**३. बेइज्जती :**

कसैले अरू कुनै व्यक्तिको इज्जतमा धक्का पुऱ्याउने नियतले वा धक्का पुग्ला भन्ने जानी जानी वा विश्वास गर्ने कारण भई लेखेर वा वचनले वा संकेतले वा बुझिने गरी आकार चिह्नद्वारा सो व्यक्तिलाई कुनै दोष लगाएमा वा त्यस्तो कुरा प्रकाशित गरेमा निजले सो व्यक्तिको बेइज्जती गरेको मानिनेछ।

स्पष्टीकरण : (१) मरिसकेको कुनै व्यक्तिलाई कुनै दोष लगाइकोमा सो गरेको समय निज जीवित रहेको भए निजको इज्जतमा धक्का पुग्ने रहेछ र निजको परिवार वा नजिकको अन्य नातेदारहरूको भावनामा चोट पुऱ्याउने मनसायले गरिएको रहेछ भने बेइज्जती गरेको ठहर्न सक्नेछ।

(२) व्यङ्ग्य गरी वा अरू कुनै घुमाउरो तवरले लगाइएको दोष बेइज्जती ठहर्न सक्नेछ।

(२) (क) जानाजान कसैको चरित्रहत्या गर्न वा अनुचित लाञ्छना लगाउने नियतले दोष लगाएमा वा प्रचार-प्रचार गरेमा बेइज्जती गरेको ठहर्न सक्नेछ।

(३) कसैले अरू कुनै व्यक्तिलाई सोझै वा घुमाउरो तवरले अरूको दृष्टिमा निजको नैतिक वा बौद्धिक चरित्र वा जात वा पेशासम्बन्धी चरित्र वा ख्यातिलाई होच्याउने गरी, वा निजको शरीर घृणित अवस्था वा सामान्यः अपमानित सम्झिइने अवस्थामा छ भन्ने विश्वास पर्ने गरी दोष नलगाएसम्म निजको इज्जतमा धक्का पुऱ्याएको मानिने छैन।

**५. बेइज्जती गरेमा वा बेइज्जती हुने कुरा छापे खोदेमा दण्ड सजाय :**

कसैले देहायको कुनै कसूर गरेमा निजलाई पाँच हजार रुपैयाँसम्म जरिवाना हुनेछ र दुई वर्षसम्म कैदको सजाय पनि हुन सक्नेछ :

(१) अरू कसैको बेइज्जती गरेमा, वा

(२) कुनै कुरा छापे वा खोदेमा अरू कसैको बेइज्जती हुन जान्छ भन्ने जानी जानी विश्वास गर्न मनासिब कारण भई सो कुरा छापेमा वा खोदेमा।

**६. बेइज्जती हुने कुरा छापिएको वा खोदिएको कुनै कुरा बिक्री गरेमा दण्ड सजाय :**

कसैले कुनै कुरामा बेइज्जती हुने कुरा छापिएको वा खोदिएको छ भन्ने जानीजानी सो कुरा बिक्री गरेमा वा बिक्रीको निमित्त राखेमा निजलाई एक सय रुपैयाँसम्म जरिवाना हुनेछ र ६ महीनासम्म कैदको सजाय पनि हुन सक्नेछ।

**७. शान्ति भंग गराउने नियतले जानीजानी गाली गरेमा दण्ड सजाय :**

गाली गरी कसैलाई उत्तेजित पारेबाट निजले सार्वजनिक शान्ति भंग वा अरू कुनै अपराध गर्नेछ भन्ने नियतले वा त्यस्तो हुने सम्भावना छ भन्ने जानीजानी कसैले गाली गरी उत्तेजित पारेमा एक सय रुपैयाँदेखि पाँच सय रुपैयाँसम्म जरिवाना हुनेछ र ६ महीनासम्म कैदको सजाय पनि हुन सक्नेछ।

**८. आइमाईलाई अपमानित गर्ने नियतले कुनै काम कुरा गरेमा :**

कसैले कुनै आइमाईको अपमान गर्ने नियतले, निजले देख्ने सुन्ने गरी, कुनै कुरा भनेमा वा कुनै किसिमको शब्द वा हाउभाउ व्यक्त गरेमा वा कुनै वस्तु देखाएमा वा निजको गोपनीयताको दखल दिएमा एक सय रुपैयाँदेखि पाँच सय रुपैयाँसम्म जरिवाना हुनेछ र ६ महीनासम्म कैदको सजाय पनि हुन सक्नेछ।

## प्रतिलिपि अधिकार ऐन २०५९

प्रतिलिपि अधिकार ऐनले कुनै पनि स्रष्टा वा रचयितालाई आर्थिक र नैतिक अधिकार प्रदान गरेको छ। रचयिताको हकमा उनी बाँचुञ्जेलसम्म र मृत्युपछि ५० वर्षसम्म आर्थिक र नैतिक अधिकार सुरक्षित रहनेछ।

**२ (क) परिभाषा:**

"रचना" भन्नाले साहित्य, कला, ज्ञान-विज्ञान र अन्य क्षेत्रमा मौलिक एवं बौद्धिक रूपले प्रस्तुत गरिएका रचना सम्झनुपर्छ र सो शब्दले देहायका रचना समेतलाई जनाउँछः

(१) किताब, पर्चा, लेख, शोधपत्र,
(२) नाटक, नाट्य-संगीत, मुक चित्र र यस्तै किसिमले मञ्चनका लागि तयार गरिएका रचना,
(३) शब्दसहित वा शब्दरहित सांगीतिक रचना,
(४) श्रव्य दृश्य रचना,
(५) आर्किटेक्चरल डिजाइन,
(६) चित्रकला, पेन्टिङ, मूर्तिकला, काष्ठकला, लिथोग्राफी र आर्किटेक्चरसम्बन्धी अन्य रचना,
(७) फोटोजन्य रचना,
(८) प्रयोगात्मक कलासम्बन्धी रचना,
(९) उद्धरण, मानचित्र, योजना, भूगोलसम्बन्धी त्रि-आयामिक रचना, टोपोग्राफी र वैज्ञानिक लेख रचना,
(१०) कम्प्युटर प्रोग्राम।

**७. आर्थिक अधिकार:**

रचनाको सम्बन्धमा देहायबमोजिमको कार्य गर्न पाउने अधिकार रचयिता वा प्रतिलिपि अधिकारको धनीलाई मात्र हुनेछ :

(क) रचनाको पुनरुत्पादन गर्ने,
(ख) रचनाको अनुवाद गर्ने,
(ग) रचनाको परिमार्जन वा संशोधन गर्ने,
(घ) संयोजनलगायत रचनाको अन्य रूपान्तरण गर्ने,
(ङ) रचनाको मूल र प्रतिलिपि सर्वसाधारणका लागि बिक्री-वितरण वा बहालमा दिने,
(च) श्रव्य दृश्य रचना, ध्वनिअङ्कन समाविष्ट रचना, कम्प्युटर कार्यक्रम, तथ्यांकमा आधारित वा ग्राफ स्वरूपमा रहेको सांगीतिक रचनाको आफूलाई प्राप्त अधिकार हस्तान्तरण गर्ने वा बहालमा दिने,

(छ) रचनाको प्रतिलिपि आयात गर्ने,

(ज) मूल रचना वा सो रचनाको प्रतिलिपिको सार्वजनिक प्रदर्शन गर्ने,

(झ) रचनाको प्रस्तुति गर्ने,

(ञ) रचनाको प्रसारण गर्ने,

(ट) रचनाको सार्वजनिक सञ्चार गर्ने ।

**८. नैतिक अधिकार :**

(१) कुनै रचनामा रचयिताको आर्थिक अधिकार निहित रहे वा नरहेको जेसुकै भए तापनि त्यस्तो रचयितालाई देहायबमोजिमको नैतिक अधिकार प्राप्त हुनेछ :

(क) आफ्नो रचनाका प्रतिहरूमा वा आफ्नो रचना सार्वजनिक रूपमा प्रयोग गरिएमा त्यस्तो रचनामा आफ्नो नाम उल्लेख गर्न लगाउने,

(ख) आफ्नो रचनामा वास्तविक नाम उल्लेख नगरी छद्म नाम उल्लेख गरिएको भएमा त्यस्तो रचनाको सार्वजनिक रूपमा प्रयोग गर्दा त्यस्तो छद्म नाम उल्लेख गर्न लगाउने,

(ग) आफ्नो रचनालाई बङ्ग्याई वा विकृत रूपमा प्रस्तुत गरी निजले आर्जन गरेको सम्मान वा ख्यातिलाई गिराउने जस्ता कार्य रोक्ने,

(घ) आफ्नो रचनामा आवश्यक संशोधन वा परिमार्जन गर्ने ।

(२) उपदफा (१) मा उल्लिखित अधिकार रचयिताको जीवनभर हस्तान्तरण हुने छैन ।

तर, रचयिताले आफ्नो मृत्युपश्चात् लागू हुने गरी त्यस्तो अधिकार हस्तान्तरण गर्न कसैलाई इच्छाएको भए त्यसरी इच्छाएको व्यक्ति वा संस्थालाई र त्यसरी इच्छाएको नभए नजिकको हकवालामा सर्नेछ । संरक्षित हुनेछ ।

**१७. उद्धरण गर्न पाइने:**

दफा ७ को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रकाशित रचनाको केही अंश सत्कार्यका लागि रचयिता वा प्रतिलिपि अधिकारधनीको आर्थिक अधिकारमा प्रतिकूल असर नपर्ने गरी निजको अनुमतिविना नै उद्धरण गर्न पाइने छ । त्यसरी उद्धरण गर्दा सोको स्रोत र त्यस्तो रचनाका रचयिताको नाम उल्लेख भए सोसमेत उल्लेख गर्नुपर्नेछ ।

**२०. सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले पुनरुत्पादन, प्रसारण र अन्य किसिमको सञ्चार गर्न पाइने:**

(१) दफा ७ को खण्ड (क), (झ) र (ञ) मा जुनसुकै कुरा लेखिएको भए तापनि रचयिता वा प्रतिलिपि अधिकारधनीको अनुमतिविना कुनै रचनाको स्रोत र रचयिताको नाम उल्लेख गरी देहायका काम गर्न पाइनेछः

(क) कुनै समाचारपत्र वा पत्रपत्रिकामा छापिएको लेख, राजनीतिक वा धार्मिक शीर्षकको लेख वा यस्तै प्रकृतिको प्रसारणलाई कुनै समाचारपत्र वा पत्रपत्रिकामा छाप्न वा सर्वसाधारणलाई प्रसारण गर्न वा अन्य किसिमको प्रसारण गर्न, तर रचयिता वा प्रतिलिपि अधिकारधनीको आर्थिक अधिकारमा प्रतिकूल असर पुऱ्याउन पाइने छैन ।

(ख) कुनै ताजा घटनाका सम्बन्धमा सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले पुनरुत्पादन गर्न, प्रसारण वा अन्य किसिमको सञ्चार गर्न वा कुनै घटनालाई पुष्टि गर्न,

(ग) ताजा सूचना प्रवाह गर्ने उद्देश्यले सर्वसाधारणसमक्ष प्रस्तुत गरिएका वा अदालती कारबाहीका सम्बन्धमा गरिएको बहस कुनै समाचारपत्र वा नियमित रूपमा प्रकाशित हुने पत्रिकाको केही अंश पुनरुत्पादन गर्न, प्रसारण गर्न वा अन्य सार्वजनिक सञ्चार गर्न ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि रचयिताले नै पुनरुत्पादन, प्रसारण र अन्य किसिमको सञ्चार गर्न नपाइने भनी उल्लेख गरेको रहेछ भने त्यस्तो अवस्थामा पुनरुत्पादन, प्रसारण र अन्य किसिमको सञ्चार गर्न पाइने छैन ।

## २५. संरक्षित अधिकारको उल्लंघन भएको मानिनेः

(१) कसैले देहायबमोजिमको कार्य गरेमा यस ऐनबमोजिम संरक्षित अधिकार उल्लङ्घन गरेको मानिनेछ :-

(क) रचयिता वा प्रतिलिपि अधिकारधनीको अनुमति प्राप्त नगरी वा अनुमति प्राप्त गरेको भए तापनि सम्झौता वा अनुमतिपत्रमा उल्लेख भएको शर्तको उल्लङ्घन गरी आर्थिक लाभ उठाई वा नउठाई व्यापारिक वा अन्य कुनै उद्देश्यले आफ्नो हक नपुग्ने रचना वा ध्वनिअङ्कनको प्रतिलिपिहरू उत्पादन गरी बिक्री वितरण वा सार्वजनिक सञ्चार गरेमा वा भाडामा दिएमा,

(ख) अर्काको रचनाले आर्जित गरेको प्रतिष्ठाको फाइदा उठाउने नियतले त्यस्तो रचनाको अनुकरण गरी विज्ञापन वा प्रचारप्रसार गरेमा,

(ग) अर्काको रचनाको स्वरूप वा भाषाको माध्यम परिवर्तन गरी आर्थिक लाभ उठाउने उद्देश्यले अर्कै विषय वा प्रकृतिको रचना निर्माण गरेमा,

(घ) विज्ञापन वा अन्य कुनै माध्यमबाट दर्शक वा श्रोता वा पाठकलाई अर्कै रचना हो भन्ने भान पार्ने नियतले प्रत्यक्ष वा अप्रत्यक्ष रूपले कुनै कुरा निर्माण वा तयार गरी फाइदा उठाउने प्रयत्न गरेमा ।

(ङ) अनधिकृत पुनरुत्पादन गर्न हतोत्साहित गर्न गरिएको व्यवस्थालाई असफल गराउने ध्येय राखी तयार गरिएको उपकरण वा माध्यमको आयात, उत्पादन वा भाडामा दिने कार्य गरेमा,

(च) सांकेतिक भाषामा गोप्य रूपमा (इन्क्रिप्ट गरी) प्रसारण गरिएको कार्यक्रमलाई अनधिकृत रूपमा हेर्न मद्दत गर्ने उपकरण बिक्री गर्ने उद्देश्यले उत्पादन वा आयात गर्ने कार्य गरेमा,

(छ) खण्ड (ङ) र (च) मा उल्लेख भएबाहेक प्रतिलिपि अधिकार उल्लङ्घन गर्ने उद्देश्यले मात्र तयार गरिएको यान्त्रिक उपकरण आयात, बिक्री, वितरण तथा प्रयोग गरेमा ।

(२) कसैले उपदफा (१) उल्लङ्घन गरी कुनै रचना वा ध्वनिअङ्कन प्रकाशन गरेको कुरा थाहा पाउँदापाउँदै वा विश्वास गर्ने पर्याप्त कारण हुँदाहुँदै त्यसरी प्रकाशन गरिएका रचनाका प्रतिहरू एवं ध्वनिअंकनका प्रतिहरू बिक्री-वितरण गर्न वा वहालमा दिनुहुँदैन ।

## २७. संरक्षित अधिकारको उल्लंघन गरेमा दण्ड सजाय

कसैले प्रतिलिपि अधिकारको उल्लंघन गरी कुनै सामग्री प्रकाशन, पुनरुत्पादन, प्रसारण गरेमा प्रतिलिपि अधिकार ऐनको दफा २७ बमोजिम उसलाई १० हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना वा ६ महीनासम्म कैद वा दुवै सजाय हुनेछ। देस्रोपटकदेखि पटकैपिच्छे २० हजार रुपैयाँदेखि दुई लाख रुपैयाँ जरिवाना वा एक वर्ष कैद वा दुवै सजाय हुनेछ । त्यसरी प्रकाशन, पुनरुत्पादन वा प्रसारण गरेको वा बिक्री वितरण गरेको वा पुनरुत्पादन गर्न प्रयोग गरिएको सामग्री जफत हुनुका साथै संरक्षित अधिकारको उल्लंघनकर्ताबाट प्रतिलिपि अधिकारप्राप्त व्यक्तिलाई परेको नोक्सानीको क्षतिपूर्ति भराइनेछ ।

# अदालतको अवहेलना[1]

### अदालतको अवहेलना हुनसक्ने कार्य

कसैले निम्न कार्य गरेमा अदालतको अवहेलना हुन सक्छ :

१) अवहेलनाको निर्णय वा आदेशको जानाजान अवज्ञा गर्ने कार्य ।

२) अदालतसमक्ष गरेको प्रतिज्ञाको जानाजान भंग वा अवज्ञा गर्ने कार्य ।

३) बोलेर, लेखेर वा अन्य कुनै प्रकाशनद्वारा अदालतप्रति भ्रामक हल्ला फिंजाई काण्ड मच्चाउने कार्य ।

४) बोलेर वा लेखेर वा अन्य कुनै प्रकाशन वा कार्यद्वारा अदालती कारबाहीमा हस्तक्षेप गर्ने कार्य ।

५) बोलेर वा लेखेर वा अन्य प्रकाशनद्वारा अदालती कारबाहीमा हस्तक्षेप गर्ने वा न्याय प्रकाशनमा अवरोध गर्ने कार्य ।

६) अदालतमा विचाराधीन रहेको मुद्दामा टिप्पणी गरी स्वतन्त्र र निष्पक्ष न्याय सम्पादनमा हस्तक्षेप हुने कार्य ।

७) अदालतलाई विवादमा ल्याउने विभिन्न अन्य कार्य ।

### अदालतको अवहेलनामा सजाय

१) सर्वोच्च अदालत ऐन २०४८ अनुसार सर्वोच्च अदालतले आफ्नो र मातहतका अदालतको अवहेलनामा कारबाही चलाउन सक्छ र एक वर्षसम्म कैद वा १० हजार जरिवाना वा दुवै सजाय गर्न सक्नेछ ।

२) पुनरावेदन अदालतले न्याय प्रशासन ऐन २०४८ अनुसार, आफ्नो र आफू मातहतको जिल्ला अदालतको अवहेलनामा कारबाही चलाउन सक्नेछ । अदालतको अवहेलना गरेको ठहऱ्याएमा अभियुक्तलाई पाँच हजार रुपैयाँसम्म जरिवाना वा ६ महीनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

३) जिल्ला अदालतले न्याय प्रशासन ऐन २०४८ अन्तर्गत आफ्नो अवहेलनामा कारबाही चलाउन सक्नेछ । अदालतको अवहेलना गरेको ठहऱ्याएमा अभियुक्तलाई एक हजार रुपैयाँसम्म जरिवाना वा एक महीनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

**नोट**: अदालतलाई सन्तोष हुने गरी अभियुक्तले क्षमायाचना गरेमा अदालतले निजलाई क्षमा गर्न वा सजाय कम गर्न सक्छ ।

# संसद्को विशेषाधिकार

### अन्तरिम संविधान
### धारा ७७. विशेषाधिकार :

(३) संविधानसभाको कुनै पनि काम कारबाहीलाई त्यसको असल नियतबारे शंका उठाई कुनै टीकाटिप्पणी गरिने छैन र कुनै सदस्यले बोलेको कुनै कुराको सम्बन्धमा जानी-जानी गलत वा भ्रामक अर्थ लगाई कुनै प्रकारको प्रकाशन तथा प्रसारण गरिने छैन ।

(४) संविधानसभाबाट दिएको अधिकारअन्तर्गत कुनै लिखत, प्रतिवेदन, मतदान वा कारबाही प्रकाशित गरेको विषयलाई लिएर कुनै व्यक्तिउपर अदालतमा कारबाही चलाइने छैन ।

---

[1] लुइँटेल, घमराज । *पत्रकार सुरक्षा तालीम निर्देशिका २०७१* । २०७१ । ललितपुर : सञ्चारिका समूह नेपाल ।

स्पष्टीकरणः उपधारा (१), (२), (३) र (४) को प्रयोजनका लागि "संविधानसभाको बैठक" भन्नाले संविधानसभा र त्यसको कुनै समितिको बैठक समेतलाई जनाउनेछ।

(६) यस धारामा उल्लेख भएका कुनै कुरा उल्लङ्घन भएमा संविधानसभाको विशेषाधिकार हनन् हुने र संविधानसभाको विशेषाधिकारको हननूलाई संविधानसभाको अवहेलना मानिनेछ। कुनै विशेषाधिकारको हनन् भएको छ वा छैन भन्ने निर्णय गर्ने अधिकार सो सभालाई मात्र हुनेछ।

(७) कसैले संविधानसभाको अवहेलना गरेमा सोसम्बन्धी बैठकको अध्यक्षता गर्ने व्यक्तिले बैठकको निर्णयबाट सो व्यक्तिलाई सचेत गराउन, नसिहत दिन वा तीन महीनामा नबढ्ने गरी कैद गर्न वा दश हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ। त्यस्तो जरिवाना निजले चुक्ता नगरेमा सरकारी बाँकीसरह असुलउपर गरिनेछ।

तर, संविधानसभालाई सन्तोष हुने गरी निजले क्षमायाचना गरेमा संविधानसभाले क्षमा प्रदान गर्न वा तोकिसकेको सजायलाई माफी गर्न, घटाउन वा कार्यान्वयन नगराउन सक्नेछ।

(८) यस संविधानमा उल्लेख गरिएदेखि बाहेक विशेषाधिकारसम्बन्धी अन्य कुराहरू कानूनद्वारा निर्धारण गरिएबमोजिम हुनेछन्।

## पत्रकार आचारसंहिता–२०६० (संशोधित तथा परिमार्जित २०६४)

**पत्रकार र आमसञ्चारमाध्यमहरूले निर्वाह गर्नुपर्ने कर्तव्य :**

(१) **प्रेस स्वतन्त्रताको संरक्षण र सम्वर्द्धन :** विचार र अभिव्यक्ति स्वतन्त्रता नागरिकहरूको आधारभूत अधिकार भएकाले यसको संरक्षण र सम्वर्द्धनका निम्ति सदैव दृढ, सजग र सतर्क रहनुपर्दछ।

(२) **मानवीयता, मानवअधिकार र अन्तर्राष्ट्रिय सम्बन्धको सम्मानः** मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय लिखतहरूले प्रत्याभूत गरेका हक, अधिकार, सिद्धान्त, मान्यता र प्रचलनको सम्मान गर्दै लोकतन्त्र, न्याय, समानता, मानवीयता, शान्ति र अन्तर्राष्ट्रिय समभ्रदारीको संरक्षण र सम्वर्द्धन तथा मित्र-राष्ट्रहरूबीचको भाइचारालाई अभिवृद्धि गर्नुपर्दछ ।

(३) **सूचनाको हकको रक्षा र प्रचलन :** आम नागरिकको सुसूचित हुन पाउने हक-अधिकारको रक्षा गर्न सदैव क्रियाशील एवं समर्पित रहनुपर्दछ।

(४) **सत्य तथ्य सूचनाको सम्प्रेषण :** पत्रकार-सञ्चारमाध्यमले स्रोत र आधार उल्लेख गरी सत्य–तथ्य, वस्तुनिष्ठ एवं सन्तुलित सूचना सम्प्रेषण गर्नुपर्दछ।

(५) **सम्पादकीय स्वतन्त्रता र उत्तरदायित्व :** सम्पादकीय स्वतन्त्रताको सर्वमान्य सिद्धान्तबमोजिम सञ्चारमाध्यमबाट उत्पादित/प्रकाशित–प्रसारित सामग्रीको उत्पादन तथा सम्प्रेषणको अन्तिम जिम्मेवारी र अधिकार सम्पादकमा निहित रहनेछ। सञ्चारमाध्यमले आफ्नो माध्यममा सम्पादकीय स्वतन्त्रताको प्रत्याभूति गर्नुपर्दछ।

(६) **गोपनीयताको हकको सम्मान :** सार्वजनिक हितमा प्रतिकूल असर पार्नेबाहेकको अवस्थामा वैयक्तिक एवं व्यावसायिक गोपनीयताको सम्मान गर्नुपर्दछ।

(७) **उच्च व्यावसायिक अभ्यास :** पत्रकारिताका आधारभूत मान्यता र सिद्धान्तप्रति प्रतिबद्ध रही जवाफदेही एवं उत्तरदायित्व तथा विश्वसनीयताको निर्वाह गर्न निष्ठापूर्वक उच्च व्यावसायिक अभ्यास गर्नुपर्दछ।

(८) **शिष्ट व्यवहार :** व्यावसायिक अभ्यासमा सामाजिक शिष्टताको सम्मान गर्दै नैतिक, शिष्ट एवं मर्यादित कार्यशैली र भाषाको प्रयोगमा सजग रहनुपर्दछ।

(९) **गल्ती सच्याउने तत्परता :** प्रकाशन तथा प्रसारणका क्रममा भएका त्रुटि एवं गल्तीको जानकारी

हुनासाथ यथाशीघ्र त्यस्तो गल्ती एवं त्रुटि सच्याउने तथा सप्रमाण खण्डन वा प्रतिक्रिया आएमा प्रस्ट भाषामा उचित स्थान दिई प्रकाशन-प्रसारण गर्नु पत्रकार तथा सञ्चारमाध्यमको कर्तव्य हुनेछ।

(१०) **सामाजिक दायित्व** : अशक्त, असहाय, अपाङ्ग, बालबालिका, महिला तथा पिछडिएका वर्ग, क्षेत्र, भाषा-भाषी र अल्पसंख्यक समुदायको उत्थान र विकासमा सूचना र विचार प्रवाहद्वारा विशेष सहयोग पुऱ्याउनु पत्रकार र सञ्चारमाध्यमको सामाजिक दायित्व हुनेछ।

(११) **आपसी सम्बन्ध** : पत्रकार तथा सञ्चारमाध्यमहरूबीचको आपसी सम्बन्ध व्यावसायिक, स्वस्थ, संयमित, मर्यादित र पेशानिष्ठ हुनुपर्दछ।

**पत्रकार र आमसञ्चारमाध्यमले गर्न नहुने कार्य :**

(१) **राष्ट्रिय अखण्डतामा प्रतिकूल प्रभाव पार्न नहुने** : बहुभाषिक, बहुधार्मिक र बहुजातीय मुलुक नेपालको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायहरूका बीचको सु-सम्बन्धमा खलल पार्ने वा गाली-बेइज्जती वा अदालतको अवहेलना हुने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने समाचार र विचार प्रकाशन, प्रसारण तथा उत्पादन-वितरण गर्नुहुँदैन।

(२) **सामाजिक न्याय र सद्भावमा प्रतिकूल असर पार्न नहुने** : सामाजिक न्याय र सद्भावमा प्रतिकूल असर पुऱ्याउने तथा व्यावसायिक मर्यादाविपरीत हुने विकृत र उत्तेजक सामग्री प्रकाशन-प्रसारण तथा उत्पादन-वितरण गर्नुहुँदैन।

(३) **समाचारको गोप्य स्रोत खोल्न नहुने** : समाचार प्रस्तुत गर्दा समाचारको आधिकारिकता र विश्वसनीयताका लागि स्रोत उल्लेख गर्नुपर्दछ। तर, गोप्य स्रोतको संरक्षण गर्ने दायित्व पत्रकारको हुने हुँदा स्रोतको इच्छा र अनुमतिबेगर त्यस्ता गोप्य स्रोतको नाम वा पहिचान खुलाउनुहुँदैन।

(४) **निजी स्वार्थपूर्तिका लागि प्रयोग गर्न नहुने** : सञ्चारमाध्यम वा पत्रकारले प्रकाशन-प्रसारण वा समाचार सामग्रीको रूपमा वितरण गर्ने उद्देश्यले लिइएका सूचना सामग्री सार्वजनिक प्रयोग नगरी व्यक्ति वा संस्थाको निजी स्वार्थपूर्तिका लागि प्रयोग गर्नुहुँदैन।

(५) **भेदभाव हुने गरी सूचनाको सम्प्रेषण गर्न नहुने** : जातीय, लैङ्गिक, धार्मिक, क्षेत्रीय, भाषिक र रंगजस्ता आधारमा भेदभाव हुने गरी समाचार र विचारको सम्प्रेषण गर्नुहुँदैन।

(६) **पीडितलाई थप पीडा पुग्ने गरी सूचना समाचार सामग्रीको रूपमा वितरण गर्ने उद्देश्यले सम्प्रेषण गर्न नहुने** : पीडितलाई थप पीडा पुग्ने गरी भाषा, ध्वनि, तस्वीर, चित्र र दृश्यसमेतको प्रयोग गरी समाचार तथा विचार प्रकाशन/प्रसारण वा उत्पादन-वितरण गर्नुहुँदैन।

(७) **पीडित व्यक्तिको नाम, ठेगाना खुलाउन नहुने** : यौनजन्य अपराध र सामाजिक अपहेलना एवं घृणाजन्य घटना वा सन्दर्भमा पीडित व्यक्तिहरूको सचेत स्वीकृतिविना नाम, ठेगाना र पहिचान खुल्ने गरी समाचार, तस्वीर र दृश्य प्रकाशन-प्रसारण वा उत्पादन-वितरण गर्नुहुँदैन।

(८) **हिंसा, आतंक र अपराधलाई प्रोत्साहन गर्न नहुने** : विध्वंस, हिंसा, आतंक र अपराधलाई प्रोत्साहन हुने गरी तथा त्यस्ता क्रियाकलापलाई अतिरञ्जित गर्ने गरी समाचार, विचार, तस्बिर, मत सर्वेक्षण, ध्वनि वा दृश्यहरू प्रस्तुत गर्नुहुँदैन।

९) **बीभत्स दृश्य र तस्बिर प्रकाशन/प्रसारण गर्न नहुने** : समाजमा नैराश्य, घृणा, सन्त्रास र उत्तेजना फैलाउने किसिमका नग्न, क्षतविक्षत र बीभत्स दृश्य एवं तस्वीरहरू असान्दर्भिक, अश्लील र उत्तेजना फैलिन सक्ने प्रकारले प्रस्तुत गर्नुहुँदैन।

१०) **घटनासँग असम्बन्धित व्यक्तिको नाम उल्लेख गर्न नहुने** : कुनै घटनासँग सम्बन्धित समाचार प्रकाशन-प्रसारण गर्दा घटनासँग सम्बन्ध नभएका नातेदार वा नजिकका व्यक्तिको नाम जोडी उसको मर्यादामा आँच पुग्ने वा चरित्रहत्या हुने गरी समाचार सामग्री प्रस्तुत गर्नुहुँदैन।

११) **तथ्य बङ्ग्याउन नहुने** : कुनै टिप्पणी वा स्पष्टताविना तस्वीर, भिडियो दृश्य, ध्वनि वा तथ्यलाई

तोडमोड गरी पहिचान नै बदल्ने वा गलत पहिचान दिने वा गलत अर्थ लाग्ने गरी समाचार सामग्री प्रकाशन-प्रसारण वा उत्पादन/वितरण गर्नुहुँदैन ।

(१२) एउटा सञ्चारमाध्यमबाट प्रकाशित प्रसारित समाचारको खण्डन सामान्यतः अर्को सञ्चारमाध्यमले गर्नुहुँदैन ।

(१३) **स्रोत उद्धृत नगरी पुनः प्रयोग गर्न नहुने** : कुनै समाचार संस्था वा माध्यमले प्रवाहित गरेको समाचार वा प्रकाशित-प्रसारित सामग्री उपयोग गर्दा त्यसको मूल स्रोत उद्धृत नगरी पुनः प्रकाशन, प्रसारण वा वितरण गर्नुहुँदैन । त्यसरी उद्धृत गर्दा सामान्यतः मूलस्रोतको सहमति लिनुपर्दछ ।

(१४) **स्रोतसँग सम्बन्ध** : पत्रकार वा सञ्चारमाध्यमले समाचार स्रोतसँग व्यावसायिक मर्यादा र सीमाबाहिर हुने गरी अनुचित सम्बन्ध राख्न एवं व्यक्ति वा संस्थाको निहित स्वार्थका निम्ति सञ्चारमाध्यमको दुरुपयोग गर्नुहुँदैन ।

■■■

9 789994 685837